# काउलेपानीको पर्यटन विकासमा ऐतिहासिक, धार्मिक सम्पदाको महत्व र प्रभाव (लमजुङ बेसीशहर नगरपालिका-६ स्थित गाउँशहर काउलेपानीको पर्यटकीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत
पृथ्वीनारायण बहुमुखी क्याम्पस इतिहास तथा संस्कृति विभाग,
स्नातकोत्तर तह द्वितीय वर्षको छैटौं पत्रको प्रयोजनको
लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी
देउबहादुर गुरुङ
त्रि.वि. दर्ता नं. १८५७६-९०
परीक्षा रोल नं. ९५७०००१
कक्षा रोल नं. प्राईभेट
इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण बहुमुखी क्याम्पस
पोखरा



२०७२

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय इतिहास विषयको स्नातकोत्तर तह दोस्रो वर्षको छैटौं पत्रको प्रयोजनका लागि यो शोधपत्र तयार पारिएको हो । यो शोधपत्रमा काउलेपानीको पर्यटन विकासमा ऐतिहासिक, धार्मिक सम्पदाको महत्त्व र प्रभाव (लमजुङ बेसीशहर नगरपालिका-६, स्थित गाउँशहर काउलेपानीको पर्यटकीय अध्ययन) को बारेमा तयार गरिएको छ ।

नेपाल प्राकृतिक, ऐतिहासिक धार्मिक तथा सांस्कृतिक सम्पदाले, समृद्धशाली मुलुक हो । यहाँका हरेक डाँडाकाँडा गाउँ वस्तीहरुमा यी सम्पदाहरु छरिएर रहेको हुँदा पर्यटन विकासको ठूलो सम्भावना बोकेर बसेको  छ । जसलाई प्रचार प्रसार र प्रबर्द्धन गर्न सकेमा नेपालले विश्व पर्यटन बजारमा विशिष्ट स्थान कायम गर्न सकिन्छ । जसले गर्दा एकातिर ओभ्रेल र लोपोन्मुख अवस्थामा रहेको हाम्रा राष्ट्रिय सम्पदाहरुको संरक्षण र सम्बर्द्धन हुन्छन् भने अर्को तर्फ राष्ट्रिय अर्थतन्त्र मजवुद भई देशको विकास र जनताको जीवनस्तरमा सकरात्मक प्रभाव पर्न सक्छ । तसर्थ हरेक क्षेत्रमा रहेका हाम्रा ती सम्पदाहरुको खोज अध्ययन र अनुसन्धान गरी त्यसको संरक्षण सम्बर्द्धन र प्रचार प्रसार गरेर समग्र राष्ट्रलाई नै पर्यटन क्षेत्र बनाउन सकिने प्रचुर सम्भावना रहेको छ । उक्त लक्ष्यमा पुग्नका लागि हामीले आ-आफ्नो क्षेत्रबाट यस अभियानलाई शुरुवात गर्न आवश्यक छ । काउलेपानी जस्तै अन्य ठाउँहरुलाई पनि पर्यटन क्षेत्रको रुपमा प्रवर्द्धन गर्नका लागि त्यस बारेमा अध्ययन अनुसन्धान गर्ने, योजना निर्माण गर्ने पक्षका साथै चासो राख्ने सरोकारवाला सबैका लागि काउलेपानीको बारेमा गरिएको यस शोधपत्रले मार्ग दर्शन गराउने कुरामा म विश्वस्त छु ।

यो शोधपत्र तयार पार्दा स्थलगत भ्रमण गरी भेटवार्ता तथा अर्न्तवार्ता लिनुका साथै विषय वस्तुसँग सम्वन्धित जनश्रुती वीरगाथा, कथा कहानी किंवदन्ती र विभिन्न लेख रचनाहरुको अध्ययन गर्नुका साथै फोटो तथा विवरणहरु समावेश गरेर शोधपत्रलाई तयार गरिएको छ ।

यस शोधपत्रले काउलेपानी क्षेत्रभित्र भएका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्वलाई उजागर गरेको हुँदा त्यसको संरक्षण र सम्वर्द्धनका साथै पर्यटन विकासमा थोरै भए पनि टेवा पुग्ने आशा लिएको छु । शोधपत्र तयार पार्ने क्रममा विभिन्न वाधा अड्चन

झेल्न परेतापनि त्यहाँको ऐतिहासिक तथा धार्मिक सम्पदाको अध्ययन र अनुसन्धान गर्ने पहिल्यै देखिको भित्री इच्छा पूरा भएको हुँदा यस अवस्थामा एउटा आमाले आफ्नो नवजात शिशुको जन्म दिए पछि उसको मुख हेर्दा प्रसवको सवै पिडा भुलेको जस्तो अनुभूति भएको छ ।

सर्वप्रथम मलाई काउलेपानीको पर्यटन विकासमा ऐतिहासिक तथा धार्मिक सम्पदाको महत्त्व र प्रभाव (लमजुङ बेसीशहर नगरपालिका-६, स्थिति गाउँशहर काउलेपानीको पर्यटकीय अध्ययन) शीर्षकमा अध्ययन गर्ने सु-अवसर प्रदान गरेकोमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा प्रति आभार सहित कृतज्ञता ज्ञापन गर्दछु । यो शोध कार्य गर्न हौसला प्रदान गर्नुहुने इतिहास तथा संस्कृति विभागका प्रमुख श्रद्धेय आदरणीय गुरु प्रा.डा. श्री दिल बहादुर क्षेत्रीज्यू प्रति आभार सहित कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै यो शोधपत्र तयार गर्नका लागि मलाई हर समय अमूल्य निर्देशन र सहयोग उपलब्ध गराउनु हुने मेरा श्रद्धेय शोध निर्देशक आदरणीय गुरु सह-प्राध्यापक डा. श्री दीर्घमान गुरुङज्यू प्रति हार्दिक आभार सहित कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यस शोधकार्यमा मलाई सहयोग गर्नुहुने आदरणीय गुरु चन्द्रकान्त पौडेल प्रति आभार प्रकट गर्दछु ।

यसरी नै शोधको क्रममा आवश्यक पुस्तक पत्रपत्रिका, अप्रकाशित शोधपत्र उपलव्ध गराई सहयोग पुऱ्याउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पस र श्री सरस्वती ज्ञान कुञ्ज पुस्तकालय, सरस्वती सदन मा.वि. सिन्दुरे लमजुङ, भिलेज प्रोफाइल उपलव्ध गराउनु हुने बेसीशहर न.पा.-६ वडा कार्यालयका सचिव श्री रामकृष्ण देउजा, जि.वि.स.लमजुङ र लमजुङ उद्योग वाणिज्य संघ प्रति आभार प्रकट गर्दछु । यस शोध पत्रको भाषा शुद्ध शुद्धीमा सहयोग गर्नुहुने श्री जन विकास उ.मा.वि. वेशी सहर लमजुङका नेपाली विषयका शिक्षक श्री भोजमाया गुरुङ प्रति आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

यो शोधको कार्यक्षेत्र लमजुङ जिल्ला बेसीशहर न.पा. वडा नं. ६ स्थित नेपालकै उत्कृष्ट पर्यटकीय गाउँ काउलेपानीका काउलेपानी पर्यटन विकास समिति, सिरखोला आमा समूह,

सयपत्री मिलन समूह, काउलेपानी देवीस्थान संरक्षण समिति लगायत सम्पूर्ण काउलेपानीवासी बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु सबैमा तथ्याङ्क तथा सूचना संकलनमा सहयोग पुऱ्याउनु भएकोमा कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै यस धर्तिमा जन्म दिएर मेरो पठनपाठन र सफल जीवनका लागि साहस, प्रेरणा र आशीर्वाद प्रदान गर्नुहुने मेरा श्रद्धेय आदरणीय पिताश्री नायव सुवेदार विलचन गुरुङ र माताश्री इय स्व. किनु माया गुरुङ र योमाया गुरुङको चरण कमलमा साष्टाङ्ग दण्डवत गर्दछु साथै यस शोधपत्र तयारीका क्रममा मात्र नभई जीवनका हरेक पाइलामा सहयोग र साथ दिनुहुने मेरी जीवन साथी डाइमण्ड हिल एकेडेमीका संस्थापक निर्देशक श्री धनकुमारी गुरुङ र हाम्रो जीवनका दुई नेत्र सरहका सुपुत्र प्रदिप गुरुङ र सुपुत्री मुना गुरुङ (जुनी) अनि सपुत्र प्रदिपको जीवनमा फुलेकी फूल बुहारी नन्दा गुरुङ जसले फोटोग्राफि देखि हरेक कुरामा सहयोग पुऱ्याएकोमा स-परिवारलाई आर्शिवाद सहित धन्यवाद ज्ञापन गर्दछु । यसरी नै शोधकार्यको क्रममा हौसला, सल्लाह, सुझाव दिनुहुने भाइ बुहारी झलक र शुसिला गुरुङ, छोराछोरी करण र आस्मा गुरुङ, दिदी भिनाजु विष्णु बहादुर गुरुङ र देउमाया गुरुङ साथै भान्जाभान्जीहरु सवैमा आभार प्रकट गर्दछु । यस शोधपत्रको कम्प्यूटर टाईप गर्न सहयोग पुऱ्याउनु हुने मेरा सहकर्मी शिक्षक साथी उत्तम कुमार श्रेष्ठ, प्रकाश राई दार्जीलिङ र अनिका दुरा प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत यो शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग पोखरा समक्ष मस्यौदा पेश गरी त्यस उपर आएका सुझाब र टिप्पणीलाई समेत संलग्न गर्दै परिमार्जित रुपमा यो शोधपत्र प्रस्तुत गरेको छु ।

प्रस्तोता

.................................

देउ बहादुर गुरुङ

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

२०७२

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

## पृथ्वीनारायण क्याम्पस, पोखरा

## इतिहास तथा संस्कृति विभाग

### सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रम अनुरुप छैठौं पत्रको प्रयोजनका लागि श्री देउबहादुर गुरुङले **काउलेपानीको पर्यटन विकासमा ऐतिहासिक, धार्मिक सम्पदाको महत्त्व र प्रभाव (लमजुङ बेंशीसहर नगरपालिका-६ स्थित गाउँसहर काउलेपानीको पर्यटकीय अध्ययन**) शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो । शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७२/१२/२०

..................

डा. दीर्घमान गुरुङ

सहप्रध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

## पृथ्वीनारायण क्याम्पस, पोखरा

## इतिहास तथा संस्कृति विभाग

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको छैठौं पत्रको पाठ्यक्रम अनुरुप श्री देउबहादुर गुरुङले **काउलेपानीको पर्यटन विकासमा ऐतिहासिक, धार्मिक सम्पदाको महत्त्व र प्रभाव** (**लमजुङ बेंशीसहर नगरपालिका-६ स्थित गाउँसहर काउलेपानीको पर्यटकीय अध्ययन**) शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागिय प्रमुख प्रा.डा. दिलबहादुर क्षत्री ..............................

२. बाह्य परीक्षक प्रा.डा. ज्ञान बहादुर कार्की ..............................

३. शोधनिर्देशक सह प्रध्यापक डा. दीर्घमान गुरुङ ..............................

मिति : २०७२/१२/२९

# विषयसूची

**शीर्षक** **पाना नं.**


## परिच्छेद : एक
## परिचय

१.१ अध्ययनको परिचय १
१.२. समस्याको कथन ३
१.३. अध्ययनको उद्देश्य ३
१.४. पूर्वकार्यको समीक्षा ४
१.५ शोध विधि ५
१.५.१ शोधको ढाँचा ५
१.५.२ तथ्याङ्क संकलन विधि ५
१.५.२.१ प्राथमिक स्रोत ५
१.५.२.२ द्वितीय स्रोत ६
१.५.३ शोध क्षेत्रको समग्रता र नमुना छनौट विधि ७
१.६ अध्ययनको सीमा ७
१.७ अध्ययनको औचित्य र महत्त्व ७
१.८ अध्ययनको संगठन ८

## परिच्छेद : दुई
## लमजुङ जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

२.१ लमजुङको नामकरण १०
२.२ धरातलीय स्वरूप, हावापानी र वनस्पति ११
२.२.१ बँसी, टार र खोंच क्षेत्र ११
२.२.२ मध्य पहाडी क्षेत्र १२
२.२.३ महाभारत लेक क्षेत्र १२
२.२.४ लेकाली क्षेत्र १२
२.२.५ हिमाली क्षेत्र १२
२.३ नदीनाला र पोखरी १३
२.४ ऐतिहासिक तथा धार्मिक स्थलहरू १३
२.५ जनसंख्या १४
२.६ निष्कर्ष १४

## परिच्छेद : तीन
## बेसीशहर नगरपालिकाको परिचय

३.१ बेसीशहर नगरपालिका भित्रका पर्यटकीय स्थल तथा गाउँहरू १७
३.१.१ बेसीशहर १७
३.१.२ पुरानकोट गाउँ १८
३.१.३ नरूवाल गाउँ १९
३.१.४ नाल्मा गाउँ २०

३.१.५ काउलेपानी गाउँ २०
३.२ निष्कर्ष २१

## परिच्छेद : चार

## नेपालको पर्यटन विकासमा लमजुङ काउलेपानीको महत्त्व

४.१ पर्यटनको परिभाषा २२
४.१ नेपालमा पर्यटनको प्रारम्भ र विकासक्रम २३
४.३ नेपालको पर्यटन विकासमा लमजुङ काउलेपानीको महत्त्व २५
४.३.१. गाउँशहर काउलेपानीको परिचय २६
४.३.२ गाउँशहरको नामकरण २७
४.३.३. काउलेपानीको नामकरण २७
४.३.४ गाउँशहर काउलेपानी क्षेत्रको प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाको चिनारी र यसको महत्त्व २८
४.३.५. प्राकृतिक सौन्दर्यता २८
४.३.६. ऐतिहासिक तथा धार्मिक स्थलको रूपमा काउलेपानी २८
४.३.६.१ रानीकुवा तथा शेरा फाँट २८
४.३.६.२ चण्डीस्थान २९
४.३.६.३. ऐतिहासिक लमजुङ दरबारक्षेत्र र लमजुङ कालिका ३०
४.३.६.४. राक्से स्थान (राक्से देवी) ३३
४.३.६.५. काउलेपानी देवी ३३
४.३.६.६. ऐतिहासिक कुसुण्डे ओडार ३५
४.३.६.७. सिद्धि पाइला ३६
४.३.६.८. सिद्धि चौतारी ३६
४.३.६.९. कोटी होमन कुण्ड ३७
४.३.६.१०. कुकुर बाँध्ने ढुङ्गा ३८
४.३.६.११. देवीस्थान (पधेरा खोला देवी) मन्दिर ३८
४.३.६.१२. पुरानकोट दरबारक्षेत्र र गुँरास जङ्गल ३८
४.३.७. जैविक विविधताको अध्ययनको लागि काउलेपानी ४०
४.३.८. साँस्कृतिक विशिष्टता ४१
४.३.९ काउलेपानीमा पर्यटन विकासको शुरुवात ४२
४.३.१० काउलेपानीको प्रमुख आकर्षण र विशेषता ४४
४.३.११ पर्यटकको लागि स्वागत र मनोरञ्जन ४५
४.३.१२ खाना र आवास ४७
४.३.१३.अतिथिको विदाई ४७
४.४. काउलेपानी टुर प्याकेजको दर र मेनुको एक झलक ४९
४.५. काउलेपानीको बाह्रमासे टुर प्याकेज अन्तर्गतको अतिरिक्त आकर्षण ५०
४.६. काउलेपानी होमस्टेको पाहुना राख्ने क्षमता ५२
४.७. काउलेपानीमा पर्यटन आगमनको तथ्याङ्क ५२
४.८ निष्कर्ष ५४

## परिच्छेद : पाँच

## पर्यटन विकासले सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको प्रभाव


५.१. सामाजिक प्रभाव ५५
५.१.१. जीवनयापन शैलीमा पारेको प्रभाव ५५
५.१.२. पर्यटक नआउँदाको समय ५६
५.१.३. भाषामा परेको प्रभाव ५६
५.१.४. सामाजिक मूल्य मान्यता र संस्कृतिमा प्रभाव ५६
५.१.५. कलाकौशलतामा प्रभाव ५७
५.२. पर्यटनले आर्थिक पक्षमा पारेको प्रभाव ५७
५.२.१. आयस्रोतमा वृद्धि ५८
५.२.२. रोजगारीको अवसर ५८
५.२.३. क्रय शक्तिमा वृद्धि ५८
५.२.४. वस्तुको मूल्य वृद्धि ५८
५.२.५. पूर्वाधार विकास ५८
५.२.६. सामुदायिक कोषमा वृद्धि ५९
५.३. पर्यटनले वातावरणीय पक्षमा पारेको प्रभाव ५९
५.३.१. पर्यटनले प्राकृतिक वातावरणमा पार्ने प्रभाव ६०
५.३.२. पर्यटनले भौतिक, मानव निर्मित सामाजिक तथा साँस्कृतिक वातावरणमा पार्ने प्रभाव ६१
५.४ निष्कर्ष ६२


## परिच्छेद : छ


## निष्कर्ष


६.१ निष्कर्ष ६३
६.१ समस्या ६४
६.२ सुझावः ६५
**सन्दर्भ सामाग्रीहरू**
**सन्दर्भ सामग्री**
**परिशिष्ट १**
**परिशिष्ट २**
**परिशिष्ट ३**
**परिशिष्ट ४**

# तालिकासूची


| तालिका | पाना नं. |
| --- | --- |
| २ लमजुङ उद्योग बाणिज्य संघले निर्धारण गरेको मेनुको दररेट २०७२ | ४९ |
| १ काउलेपानी टुर प्याकेज दर | ५० |
| ३ पाहुना राख्न सक्ने घरहरूको क्षमता | ५२ |
| ४ काउलेपानीमा आएका पाहुनाहरूको तथ्याङ्क | ५३ |

# अध्ययन क्षेत्रको नक्सा



वि.सं. १८३९ मा लमजुङ विशाल नेपालमा गाभेपछि सन् १९२८ मा खिचिएको लमजुङ दरवारको तस्विर





लमजुङ दरवारको वर्तमान अवस्था

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको परिचय

विश्व मान चित्रमा हेर्दा नेपाल क्षेत्रफलको आधारमा सानो राष्ट्र मानिएतापनि यसको विश्वमा आफ्नै किसिमको विशेषता र महत्त्व रहेको छ । जसलाई महाकवि लक्ष्मी प्रसाद देवकोटाले आफ्नो लक्ष्मी निवन्ध संग्रहमा संग्रहित “के नेपाल सानो छ ?” भन्ने निवन्धमा उल्लेख गरे अनुरूप मानव शरिरमा आँखाको नानीको जति महत्त्व छ त्यति नै महत्त्व विश्वका राष्ट्रहरूमाँझ नेपालको रहेको छ । यसरी विश्वसामु आफ्नै पहिचान र विशेषता बोकेको नेपाल प्राकृतिक रूपले हिमाल, पहाड र तराई गरी तीन प्रदेशमा विभाजन गरिएता पनि राजनीतिक आधारमा १४ अञ्चल , ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरीएको छ । (मेची महाकाली भाग ३, २०३१:१) वि.सं. २०६२ / ०६३ को जनआन्दोलन को महत्त्वपूर्ण उपलब्धि स्वरूप नेपाल र नेपाली जनताद्वारा प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गरी देशमा दिगो शान्ति कायम गर्न नेपालीले आफ्नो लागि आफैले लेखेको पहिलो संविधान नेपालको संविधान २०७२ ले नेपाललाई ७ संघीय राज्यमा विभाजन गरेको छ । यी मध्ये हालको ४ नं प्रदेश (साविकको पश्चिमाञ्चल विकास क्षेत्र) अन्तर्गत पर्ने गण्डकी अञ्चल लमजुङ जिल्ला प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाको अनुपम संगम स्थलको रूपमा परिचित छ ।

हाम्रो नेपालको पूर्व मेची देखि पश्चिम महाकालीसम्म समुद्री सतह देखि ८८४८ मीटरको उचाईमा अवस्थित विश्वको सर्वोच्च शिखर सगरमाथा देखि ६० मीटर उचाईमा रहेको झापाको केचनासम्मको भूगोल भित्र हेर्ने हो भने सगरमाथा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, पशुपतिनाथ, वौद्धनाथ, स्वयम्भुनाथ, पाटन दरबारक्षेत्र, हनुमान ढोका दरबारक्षेत्र, भक्तपुर दरबारक्षेत्र, चाँगुनारायण, लुम्विनी आदि जस्ता विश्व सम्पदा सूचीमा सूचीकृत प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूछन् । त्यसको अलवा अपि, सैपाल, सिस्ने काञ्जीरोवा, गुराँस, धौलागिरी, अन्नपूर्ण, लमजुङ, मनास्लु हिमचुली, पिक -२९, हिमालचुली, वुद्ध, गणेश, लाङटाङ, मकालु, ल्होत्से, चोयू, कञ्चनजंघा जस्ता सुन्दर हिमचुचुराहरूहरिया डाँडाकाँडा, मेची, कोशी, बागमती, त्रिशुली, मर्स्याङ्दी, मादी सेती, कालीगण्डकी, राप्ती, भेरी, कर्णाली, महाकाली जस्ता दर्जनौं नदीनाला, राराताल, शे-फोक्सुण्डो, घोडाघोडी ताल, सत्यवती ताल, फेवाताल, वेगनास र रूपाताल, तिलिचो ताल, गोसाईकुण्ड आदि जस्ता

तालकुण्डहरू, त्यस्तै पाथीभरा, बुढासुब्बा, जानकी मन्दिर, जाल्पादेवी, हलेसी महादेव, पलाञ्चोक भगवती, मनकामना, गोरखनाथ, गोरखकालिका, छाब्दी बाराही, ढोर बाराही, थानिमाई, ईशानेश्वर महादेव, लमजुङ कालिका, काउलेपानी देवी, कान्छी बाराही, तालबाराही, बाग्लुङ कालिका, काँक्तेविहार, स्वर्गद्धारी, खप्तड बाबा, उग्रतारा, आदि धार्मिक स्थल, सुन्दर ग्रामीण बस्ती, विभिन्न जातजातिको भाषा धर्म, कला संस्कृति आदिलाई प्रबर्द्धन गरी नेपालको पर्यटन उद्योगले विश्व पर्यटन बजारमा राम्रो छवी राखेर नेपाललाई विश्वसामु चिनाउने काम गरेको छ

नेपालले अन्य उद्योग कलकारखानामा विश्वका अन्य राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्न त्यति सम्भव छैन तर पर्यटन उद्योगमा नेपालले विश्व वजारमा विशिष्ट श्रेणीमा नै प्रतिस्पर्धा गर्न सकिन्छ । किनभने विश्वकै सर्वोच्च शिखर सगरमाथा मात्र नभई विश्वको दशौं उत्कृष्ट गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्र अन्तर्गत पर्ने मनाङ, मुस्ताङ पनि नेपालमा नै छ । त्यसको अलवा नेपालको ३ ओटै भौगोलिक प्रदेशमा पर्ने हरेक डाँडा काँडा, गाउँ बस्तीको सौन्दर्यता र विशेषता भित्र पर्यटन विकासको ठूलो सम्भावना लुकेको छ । त्यसलाई प्रवर्द्धन गर्न सकेमा विश्व पर्यटन वजारमा नेपालले ठूलै छलाङ्ग मार्न सकिन्छ ।

नेपालको मध्य पहाडी क्षेत्रमा पर्ने संघीय प्रदेश नं. ४ (साविकको पश्चिमाञ्चल विकास क्षेत्र) अन्तर्गत पर्ने गण्डकी अञ्चल, लमजुङ जिल्ला, बेसीशहर नगरपालिकाको समुद्रि सतहको करिब ८५० मीटर देखि १९७५ मीटर उचाई क्षेत्रमा रहेको पर्यटकीय गाउँ गाउँशहर काउलेपानीको विविध पक्षको अध्ययन यस शोधकार्यमा गरिएको छ । यसमा लमजुङका सिन्दूरे, रागीनास, बाँझाखेत, खासुर, खुदीको सिउरूङ, घलेउत्तर कन्याका घलेगाउँ, भुजुङ, घनपोखरा, जीता, पसगाउँ, तान्द्राङ्ग, नेटा, बाँग्रे, करापुटार नगरपालिका जस्ता गा.वि.स. तथा नगरपालिकालाई अध्ययन क्षेत्र निर्धारण गरिएको छ ।

मुख्य रूपमा ग्रामीण पर्यटकीय गाउँ गाउँशहर काउलेपानी वरपर रहेको प्राकृतिक दृश्यावलोकन, ऐतिहासिक दरबार, कोट,किल्ला, गढी, मठ मन्दिर, शक्तिपिठ आदिको संस्कृति तथा जैविक विविधता सबैको अध्ययन गरिएको छ । यसबाट यहाँको पर्यटन विकासका साथै यहाँको सामाजिक तथा आर्थिक र वातावरणीय क्षेत्रमा परेको प्रभावबारे विस्तृत अध्ययन गरिएको छ ।

## १.२. समस्याको कथन

बेसीशहर नगरपालिका क्षेत्र भित्रको पर्यटन विकासको ठूलो सम्भावना वोकेको ग्रामीण बस्तीहरू मध्ये गाउँशहर काउलेपानी पनि एक महत्त्वपूर्ण गाउँ हो । यहाँ भएका प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरूको बारेमा हालसम्म तथ्यपूर्ण स्रोतका आधारमा खोज गरी यसको प्रचार प्रसार र पर्यटन प्रवर्द्धन गर्न नसक्नु नै यसको मुख्य समस्या हो । त्यसैले यो शोध प्रयोजनका लागि निम्न प्रश्नहरूलाई शोध समस्याको रूपमा पहिचान गरिएको छ ।

क) पर्यटन प्रबर्द्धनमा यहाँको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरूको के कस्तो महत्त्व रहेको छ ?

ख) काउलेपानीको पर्यटन विकासको शुरूवात कसरी भयो ?

ग) पर्यटन विकासले यहाँको सामाजिक, आर्थिक तथा वातावरणीय पक्षमा कस्तो प्रभाव पारेको छ ?

## १.३. अध्ययनको उद्देश्य

**यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको छ :**

क) पर्यटकीय गाउँ काउलेपानीको पर्यटनको सुरूवात र वर्तमान अवस्थाको चित्रण गरिएको छ ।

ख) पर्यटन विकासमा यहाँको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाको महत्त्वको बारेमा उल्लेख गरिएको छ ।

ग) पर्यटन विकासले यहाँको सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको प्रभावको बारेमा वर्णन गरिएको छ ।

## १.४. पूर्वकार्यको समीक्षा

नेपालको पर्यटन विकासको सम्भावना, पर्यटकीय गाँउहरूको चिनारी, पर्यटन विकासमा यहाँ भएका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको महत्त्व पर्यटन विकासले नेपालको अर्थतन्त्रमा पारेको असरहरूबारेमा विभिन्न लेखक, विद्वान, संघसंस्था आदिले आ-आफ्नै ढंगले लेख रचना, डकुमेन्ट्री, बुलेटिन, ब्रुसर आदि प्रकाशन नगरिएको

होइन तर लमजुङ जिल्ला स्थित साविक गाउँशहर गा.वि.स.-१ हाल (बेसीशहर न.पा. ६) मा अवस्थित पर्यटकीय गाउँ गाउँशहर काउलेपानी र अन्य केही पर्यटकीय गाउँहरूसम्बन्धी छिटफुट लेखहरूको बारेमा उल्लेख गर्नु पर्दा :

पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशन गरिएको कक्षा ८ को अंग्रेजी पुस्तक २०७२ मा पर्यटकीय गाउँ घले गाउँको बारेमा मात्र उल्लेख गरिएको छ ।

गाउँ पर्यटन प्रबर्द्धन मञ्च नेपाल (भिटोफ-नेपाल) को १९ औं वार्षिक साधारण सभा २०७२ मा प्रस्तुत मञ्चका महासचिव राजकुमार थापाको वार्षिक प्रतिवेदनमा - ३५ औं विश्व पर्यटन दिवसको सन्दर्भमा सेप्टेम्वर २०१४ मा लमजुङ जिल्ला स्थित गाउँशहर काउलेपानीलाई “गन्तव्य काउलेपानी गाउँ भ्रमण वर्ष २०१४/२०१५” घोषणा र प्रबर्द्धनात्मक भ्रमण गरिएको बारेमा मात्र उल्लेख गरिएको छ ।

लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष रामकुमार श्रेष्ठ द्वारा प्रस्तुत “विनासकारी भूकम्प र त्यस पछिको लमजुङ जिल्लाको पर्यटन” अर्न्तक्रिया कार्यक्रम २०७२ को प्रतिवेदनमा लमजुङ जिल्लाको पर्यटन उन्मूख क्षेत्रहरूको रूपमा घलेगाँउ, भुजुङ, काउलेपानी, पुरानकोट, राईनासकोट, इलमपोखरी आदि उल्लेख गरेको पाइन्छ ।

नेपाल पर्यटन बोर्डबाट तयार पारिएको लमजुङ एकीकृत पर्यटन विकास तथा व्यवस्थापन योजना (लमजुङ पर्यटन गुरूयोजना-२०६८) अप्रकाशितमा काउलेपानी लगायत अन्य पर्यटकीय गाउँहरूको संक्षिप्त परिचय र पर्यटन विकासको सम्भावना मात्र उल्लेख गरिएको पाइन्छ ।

डा. प्रेम कुमार खत्री लेख्छन् : अतिथि र आतिथ्य दुवै वर्ग वा समूहबाट समान रुपले अन्तरक्रियाको परिस्थिति सृजना हुन्छ । यसरी दुई थरी वीच एक विशेष सम्बन्ध स्थापना र विस्तार हुन्छ । अर्काको भाषा बोली पहिरन बानी व्यहोरा मूल्य मान्यता जस्ता दृश्य र अदृश्य तत्त्वहरुले एक अर्का माथि विस्तारै प्रभाव पार्न थाल्दछ । (खत्री, २०५५:१८०)

यज्ञराज सत्याल पर्यटनको प्रभाव बारेमा लेख्छन् “पर्यटनको प्रभाव खासगरी यसबाट हुने लाभ पर्यटन क्षेत्रसित सम्बन्धी नीति निर्माण कसरी हुन्छ, मुलुकको समग्र विकास प्रक्रियामा यस क्षेत्रलाई कसरी एकीकृत गरिन्छ यसलाई कस्तो प्रथामिकता दिइन्छ र यसलाई कसरी व्यवहारमा लागु गरिन्छ भन्ने कुरामा भर पर्दछ ।” (सत्याल, १९८८:१०८)

## १.५ शोध विधि

कुनै पनि अध्ययनका लागि खास विधि अपनाउनु पर्ने हुन्छ, तसर्थ यस अध्ययनका लागि निम्न विधि प्रयोग गरी अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

### १.५.१ शोधको ढाँचा

प्रस्तुत शोध कार्यमा पर्यटकीय गाँउ गाँउशहर काउलेपानीको वरपर रहेका प्राकृतिक सौन्दर्यता, जैविक विविधता, लमजुङ दरबार, कोट किल्ला, गढी, भग्नावशेषहरू, विभिन्न मन्दिरहरू, सामाजिक जनजीवन आदिको खोज गरी तथ्यहरूको विश्लेषण वर्णनात्मक र व्याख्यात्मक किसिमको हुने हुनाले यसको ढाँचा वर्णनात्मक प्रकृतिको रहेको छ ।

### १.५.२ तथ्याङ्क संकलन विधि

अध्ययनलाई प्रमाणित तथा तथ्ययुक्त बनाउन प्राथमिक स्रोतबाट तथ्यहरू संकलन गर्ने विधिलाई मुख्य रूपमा अपनाईएको छ भने प्राप्त प्राथमिक तथ्यहरूको वैधताका लागि द्वितीय स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई पनि अपनाइएको छ ।

### १.५.२.१ प्राथमिक स्रोत

यस अध्ययनलाई प्रभावकारी ढंगले प्राथमिक तथ्याङ्कहरू संकलन गरिएको छ । यस अन्तर्गत अवलोकन, अर्न्तवार्ता, फोटोग्राफी आदि विधिलाई अपनाइएको छ ।

**क) अवलोकन वा अन्वेषण**

अध्ययनको क्रममा प्रत्यक्ष संलग्नताबाट पर्यटकीय गाउँ काउलेपानीको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरूको बारेमा अवलोकन वा अन्वेषण गरी तथ्य संकलन गरिएको छ । यहाँको पर्यटन विकासमा यी सम्पदाहरूको महत्त्व दर्शाउने उद्धेश्यका साथ स्वयम्‌ले अवलोकन गरी तथ्यहरू सङ्‌कलन गरिएको छ ।

यहाँ भएका सम्पदाहरूको बारेमा लिखित प्रमाणहरू नभएतापनि काउलेपानी क्षेत्रको पर्यटन विकासमा टेवा पुर्‍याउने प्राकृतिक, ऐतिहासिक, धार्मिक सम्पदाहरूको बारेमा प्रयोग गरिएका अधिकांश तथ्यहरू अवलोकनबाट प्राप्त गरिएको छ ।

अन्य द्धितीय श्रोतबाट प्राप्त तथ्यहरूलाई पनि अवलोकनबाट प्राप्त तथ्यसँग तुलना र विश्लेषण गरेर मात्र निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

**ख) अन्तर्वार्ता विधि**

यस शोध कार्यका लागि आवश्यक तथ्यहरू संकलन गर्न काउलेपानी क्षेत्र सँग जानकारी भएका विभिन्न व्यक्तिहरूसँग अर्न्तवार्ता लिइएको छ । अर्न्तवार्ताका लागि खुल्ला प्रश्नहरू तयार पारेर विज्ञ व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । यसक्रममा प्राप्त तथ्यहरूलाई तत्कालै टिपोट गरी प्रतिवेदन लेखनको क्रममा सन्दर्भ सहित उपयोग गरिएको छ । अन्तर्वार्ता दिने व्यक्तिहरूको सूची परिशिष्ट-१ मा र अन्तर्वार्तामा सोधिएका प्रश्नहरू परिशिष्ट-२ मा उल्लेख गरिएको छ ।

**ग)  फोटोग्राफी विधि**

यस क्षेत्रका प्राकृतिक, ऐतिहासिक, धार्मिक सम्पदाहरूको साथै होमस्टे घरहरूका फोटोहरू संकलन गरी नत्थी गरिएको छ । शोध कार्यलाई प्रमाणित र विश्वासिलो बनाउन यस्ता तस्विर मार्फत प्राप्त तथ्यहरू पनि निकै उपयोगी बन्ने छ । यी फोटोहरूका तथ्यहरू परिशिष्ट-४ मा राखिएको छ ।

### १.५.२.२ द्वितीय स्रोत

यस अध्ययनलाई सम्पन्न गर्न  पूर्व प्रकाशित पुस्तकहरू, प्रतिवेदन र पत्र पत्रिकाहरूमा लेखिएका लेख रचना, ब्रुसर विभिन्न पुस्कालय र विशेष गरी यस क्षेत्रका ऐतिहासिक, धार्मिक सम्पदाहरूको ऐतिहासिकतालाई द्वितीय स्रोतका रूपमा लिइएको छ । त्यस्तै गरि विभिन्न संघ संस्था, कार्यलय, अनुसन्धान केन्द्र, शोधकर्ताहरूको प्रतिवेदन र शोधपत्रलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

### १.५.३ शोध क्षेत्रको समग्रता र नमुना छनौट विधि

शोध कार्यको लागि आवश्यक तथ्यहरू संकलन गर्ने प्रयोजनार्थ शोधको समग्र क्षेत्रभित्र लमजुङ जिल्लाको बेसीशहर नगरपालिका ६ (साविक गाउँशहर १) र त्यस वरपरका क्षेत्रमा बसोबास गर्ने सबै समुदायलाई शोध कार्यको समग्र क्षेत्र मानिने छ । अवलोकन र फोटोग्राफी प्रयोजनको लागि समग्र क्षेत्रको प्रत्यक्ष अवलोकन गरी तथ्यहरू संकलन गरिएको छ । यहाँका सबै वासिन्दाहरूयहाँको पर्यटन, भौगोलिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक अवस्थासँग पूर्वजानकार नहुने हुँदा अन्तर्वार्ताका लागि सुविधापूर्ण, स्वच्छपूर्ण र सम्भावना रहित नमुना छनौट विधिको प्रयोग गरी यस विषयमा जानकार रहेका १०० जना मध्ये १० जना व्यक्तिहरू छनौट गरी अन्तर्वार्ता लिइएको छ । द्वितीय श्रोतबाट तथ्य संकलन गर्ने

प्रयोजनका लागि भने प्राप्त भए सम्मको सबै पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, बुलेटिन, ब्रुसरहरूको खोजी र अध्ययन गरी तथ्यहरू संकलन र उपयोग गरिएको छ ।

### १.६ अध्ययनको सीमा

नेपाल प्राकृतिक, ऐतिहासिक, धार्मिक र साँस्कृतिक सम्पदाले अत्यन्त धनी राष्ट्र हो । जसको प्रबर्द्धन गरी नेपालको पर्यटनको विकास गर्न सकिन्छ । नेपालको हरेक डाँडाकाँडा गाउँ बस्तीहरूले पर्यटकीय सम्भावना बोकेर बसेको छ । ती ठाउँहरूको शोध, खोज र अनुसन्धान गरी प्रबर्द्धन गर्न सकिएको छैन । त्यस्तै ठाउँ मध्येको एक हो लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. ६ (साविक गाउँशहर गाउँ विकास समिति) स्थित गाउँशहर काउलेपानी । काउलेपानीको पर्यटन विकासको सम्भावना र पर्यटन विकासमा यहाँको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाको महत्त्व र यसले यहाँको सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको प्रभावमा केन्द्रित गरी यस अध्ययनको सीमा निर्धारण गरिएको छ ।

### १.७ अध्ययनको औचित्य र महत्त्व

नेपालमा अवस्थित ग्रामीण पर्यटन क्षेत्रहरूमध्ये गाउँशहर काउलेपानी गाउँ पनि पृथक महत्त्व रहेको पर्यटकीय गाउँ हो । अध्ययन अनुसन्धान, प्रतिवेदन, लेख रचनाका माध्यमबाट यहाँको प्राकृतिक, ऐतिहासिक, धार्मिक सम्पदाहरूको तथ्य र वास्तविकताहरू सार्वजनिक गरी पर्यटन विकासमा यसको महत्त्वबारे पहिचान गराई आधुनिक सूचना प्रविधिको माध्यमबाट विश्वभर प्रचार प्रसार गर्न सके यो नेपालको मात्र नभई विश्वकै उत्कृष्ट ग्रामीण पर्यटन क्षेत्र बन्न सक्छ । यहाँ भएका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाको वास्तविक र यथार्थ वस्तुस्थितिको जानाकारी गराई आन्तरिक तथा वाह्य पर्यटकहरू भित्राई यहाँको सामाजिक, आर्थिक विकास गराउन यो अध्ययनले विशेष महत्त्व राख्ने छ ।

यस अध्ययनले काउलेपानी क्षेत्रमा लुकेर बसेका ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदाहरूलाई यथार्थ र वास्तविक रूपमा लेखक, अनुसन्धान कर्ता र जिज्ञासुहरूलाई समेत यस अध्ययनले विशेष महत्त्व राख्ने छ ।

### १.८ अध्ययनको संगठन

कुनै पनि अध्ययनलाई व्यवस्थित, वैज्ञानिक, सहज र सरल बनाउनका लागि आफ्नो आवश्यकता अनुसार विभिन्न खण्डमा विभाजन गर्न सकिन्छ, तसर्थ यस अध्ययनलाई पनि निम्नानुसारको खण्डहरूमा विभाजन गरिएको छ -

**पहिलो परिच्छेद -**

शोध परिचय, समस्या कथन, अध्ययनको उद्धेश्य, पूर्वकार्यको समीक्षा, शोध विधि, अध्ययनको सीमा, अध्ययन क्षेत्र, अध्ययनको औचित्य र महत्त्व तथा अध्ययनको संगठन प्रस्तुत गरिएको छ ।

**दोश्रो परिच्छेद -**

लमजुङ जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय ।

**तेश्रो परिच्छेद -**

बेसीशहर नगरपालिकाको भौगोलिक तथा ऐतिहासिक परिचय तथा बेसीशहर नगरपालिका भित्रका पर्यटकीय स्थल तथा गाउँहरू ।

**चौथो परिच्छेद -**

पर्यटन विकास काउलेपानीको महत्त्व ।

**पाँचौ परिच्छेद -**

पर्यटन विकासले सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको प्रभाव ।

**छैटौं परिच्छेद -**

निष्कर्ष, समस्या र सुझाव

# परिच्छेद : दुई

## लमजुङ जिल्लाको भौगोलिक तथा ऐतिहासिक परिचय

नेपाल दक्षिण एशियाली मुलुकमा पर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । नेपालको तीन तिर भारत र एक तिर चीनसँग सिमाना जोडिएको हुँदा यो भूपरिवेष्ठित देश हो । यसको कूल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर रहेको छ ।

नेपालको संविधान २०७२ मा व्यवस्था भए बमोजिम प्रदेश नं.४ मा पर्ने साविकको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलको ६ वटा जिल्लाहरूमध्ये दोश्रो ठूलो जिल्लाको रूपमा लमजुङ जिल्ला पर्दछ । (मेची देखि महाकाली भाग-३, २०३१:१६९) यसको पूर्व उत्तरमा गोरखा, पश्चिममा कास्की, उत्तरमा मनाङ र दक्षिणमा तनहुँ जिल्ला पर्दछ । नक्सामा यसको अवस्थिति ८४° ११'२३” पूर्वी देशान्तर देखि ८४° ३८’१०” पूर्वी देशान्तर तथा २८° ०३’१९” उत्तरी अक्षांश देखि २८° ३०’३८” उत्तरी अक्षांश सम्म फैलिएको छ । लमजुङ जिल्लाको कूल क्षेत्रफल १,६९२ वर्ग किलोमिटर रहेको छ । जुन नेपालको कूल क्षेत्रफलको १.१५% हुन आउछ । (जि.वि.स योजना, २०७१:९)नेपालको मध्य भागमा अवस्थित यो पहाडी जिल्ला हो । यो जिल्ला समुद्री सतहदेखि ३८५ मिटरको उचाईमा रहेको छ । नेपालको मध्यविन्दु रम्घाटार देखि ८१६२ मीटरको मनासलु हिमाल सम्म फैलिएको छ (पौडेल, २०६८:४०) यस जिल्लालाई ३५ गा.वि.स. ५ नगरपालिका र २ ओटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाको धनी लमजुङ पर्यटन विकासको ठूलो सम्भावना बोकेको जिल्ला हो ।

### २.१ लमजुङको नामकरण

लमजुङ जिल्लाको नामाकरण कसरी भयो भन्ने बारेमा लमजुङ शब्दको उत्पत्ति बारेमा खासै ठोस आधार र प्रमाण नभएता पनि विभिन्न किंवदन्तीहरू प्रचलनमा रहेका छन् ।

तमु (गुरूङ) भाषामा “लम” भनेको लामा, “ज्यू” भनेको गुरू र “ङ” भनेको पाँच भन्ने अर्थ दिन्छ । ५ ओटा मुख्य लामा गुरूहरूको बसोबास गरेको क्षेत्रलाई समग्रमा “ लमज्युङ” भनेर सम्बोधन गर्दा यो पछि अपभ्रंश हुन गई लमजुङ हुन गएको हो भन्ने भनाई छ । (अन्तरवार्ता: विलचन गुरूङ )

लमजुङ तपोभूमि पनि हो । यहाँ गुरूङ जातिको बसोबास रहेको छ । गुरूङहरूको पुरोहित लामा गुरूहरूले लामा विद्या अध्ययन गर्ने क्रममा गुफा वसी विद्या साधना गर्दछ । तमु भाषामा "लम" भनको लामा र "जुम" भनेको गुफा हुन्छ । यसरी लामाले गुफा बस्ने ठाउँ भएको हुँदा "लमजुम" भन्दै आउँदा पछि अपभ्रंश भई लमजुङ हुन गएको भन्ने भनाई छ । (पन्त, २०५७ : १)

तिव्वती भाषामा "जोङ" को अर्थ घर हुन्छ । यस जिल्लाको उत्तरी भेगमा लामाहरूको बसोबास रहेको हुनाले लामाको घर भन्ने अर्थमा "लमजोङ" बाट अपभ्रंश भई लमजुङ हुन गएको अनुमान गरिएको छ । (पन्त, २०५७ : १)

लमजुङको दक्षिणी भेगमा प्रायः वाहुन, क्षेत्रीहरू हुने र उनीहरूले लामा लामा जुँघा पाल्ने साथै सेनाहरूले पनि लामा लामा कपाल र दाह्री जुँगा पाल्ने भएकाले लामा जुँगेहरू वस्ने भएर यो क्षेत्रलाई लामा जुँगेको राज्य भन्दा भन्दै पछि अपभ्रंश हुन गई लामा जुँगेबाट लमजुङ हुन गएको हो, भन्ने भनाई पाइन्छ । (अन्तरवार्ताः धनराज गुरूङ )

यसरी विभिन्न किंवदन्तीहरूको आधारमा लमजुङको नामाकरण भएको पाइन्छ ।

## २.२ धरातलीय स्वरूप, हावापानी र वनस्पति

लमजुङ जिल्ला समुद्री सतहबाट ३८५ मीटर देखि ८१६२ मीटर उचाई सम्म फैलिएको छ । बैंसी, टार, खोंच, भिरालो भाग, पहाड र हिमाल जस्ता धरातलीय स्वरूपले बनेको छ । भू-स्वरूप, हावापानी र वनस्पतिको आधारमा लमजुङलाई ५ भागमा विभाजन गर्न सकिन्छ ।

### २.२.१ बैंसी, टार र खोंच क्षेत्र

यो क्षेत्र समुद्री सतहदेखि करिव ३८५ मीटर देखि करिव १२०० मीटर उचाई सम्मको मर्स्याङ्दी, चेपे, मादी, मिदिम, दोर्दी, रिस्ती, पाँउदी र अन्य खोलाहरूले बनाएको बैंसी, टार तथा खोंचले बनेको छ । यस क्षेत्रमा उपोष्ण मौसमी हावापानी पाइने हुँदा साल, सिसौं, खयर, टुनी, सिमल, बाँस आदि जस्ता उपोष्ण सदाबहार वनस्पति पाइन्छ । यस जिल्लाको करिव २५% भाग बैंसी, टार र खोंचले ओगटेको पाइन्छ । यस क्षेत्रमा बेसीशहर, भोटेवडार, सुन्दरवजार, भोर्लेटार, करापुटार, सोतीपसल, रम्घाटार, धमिलीकुवा,खुदी आदि मुख्य वस्तीहरूरहेका छन् । ( बराल, २०५९:८)

### २.२.२ मध्य पहाडी क्षेत्र

यो क्षेत्र समुद्री सतहको १२०० मीटर देखि २१०० मीटर सम्म भिरालो धरातलले बनेको छ । न्यानो समशितोष्ण प्रकारको हावापानी पाइने हुँदा चिलाउने, कटुस, लाँकुरी, चाँप, उत्तीस, वर पिपल, आदि जस्ता हिउँदमा पात झर्ने पतझर मौसमी जंगल पाइन्छ । यस क्षेत्रले कूल भू-भागको करिव ३०% भूभाग ओगटेको छ । यस क्षेत्रमा गाउँशहर काउलेपानी, बाग्लुङपानी, नाल्मा, कपुरगाउँ, नेटा, पुरानकोट, बाहुनडाँडा, विचौर, भार्ते, पसगाउँ आदि वस्तीहरू रहेका छन् । ( बराल, २०५९:८)

### २.२.३ महाभारत लेक क्षेत्र

यो क्षेत्र समुद्री सतहको करिव २१०० मीटर देखि ३३०० मीटर उचाईको ज्यादै भिरालो धरातल भएको उच्च पहाडी क्षेत्र हो । यस क्षेत्रमा चिसो समशितोष्ण हावापानी पाईने भएको हुदाँ सल्ला, धुपी, देवदार, गुँरास, भोजपत्र आदि जस्ता सदाबहार कोणधारी वनस्पति पाईन्छ । जिल्लाको कूल भू-भागको २५% भाग ओगेटेको यस क्षेत्रमा घनपोखरा, घलेगाउँ, मालिङ, घेर्मु, ताराचोक, पाचोक, इलमपोखरी आदि जस्ता मूख्य बस्तीहरू रहेका छन् । (बराल, २०५९:८)

### २.२.४ लेकाली क्षेत्र

यो क्षेत्र समुद्री सतहको करिव ३३०० मीटर देखि ५००० मीटर सम्मको हिमाली क्षेत्रको तल्लो भाग हो । यस क्षेत्रमा लेकाली प्रकारको हावापानी पाइने हुँदा ठूला,ठूला घाँसे खर्क, निगालो, मोहोरमिन्दा जस्ता रंगीविरंगी फूल हुनाको साथै विभिन्न प्रकारका महत्त्वपूर्ण जडीवुटीहरूपाइन्छ । जिल्लाको कूल भू-भागको १५५ भूभाग ओगटेको यस क्षेत्रमा दूधपोखरी, बराहपोखरी, मेमे पोखरी जस्ता पर्यटकीय स्थलहरूपर्दछन् । ( बराल, २०५९:८)

### २.२.५ हिमाली क्षेत्र

यस जिल्लाको ५००० मीटर देखि माथिको क्षेत्रलाई हिमाली क्षेत्र भनिन्छ । यस क्षेत्रमा मनासलु-(८१६२ मीटर), मनासलु दक्षिण-(७९३७ मीटर), अन्नपूर्ण द्वितीय-(७९३९ मीटर), हिमालचुली- (७६४७ मीटर), लमजुङ चुली-(६९८८ मीटर) र बुद्ध हिमाल - (६६७४ मीटर) जस्ता मूख्य हिमाल र अन्य थुप्रै हिमालहरू रहेका छन् । (पन्त, २०५७:१) कूल भू-भागको करिव ५% भूभाग ओगटेको यस क्षेत्रमा टुण्ड्रा प्रकारको हावापानी पाइन्छ ।

यसरी यहाँको भू-धरातल, हावापानी, वनस्पति, हिमाल, पहाड, ग्रामीण वस्ती आदिले पर्यटन विकासको ठूलो सम्भावना बोकेको छ । यहाँ पर्वत आरोहण, पैदल यात्रा, ग्रामीण जनजीवन, रीतिरिवाज र संस्कृतिको अध्ययन गर्ने जस्ता पर्यटन गतिविधिहरू सञ्चालन गर्न सकिन्छ ।

## २.३ नदीनाला र पोखरी

लमजुङमा मर्स्याङ्दी, मादी, मिदिम, दोर्दी, नाउँदी, पाउँदी, चेपे, डादी, खुदी आदि नदीनालाहरू रहेका छन । यी नदीनालाहरू बाट प्रसस्त मात्रमा जलविद्युत उत्पादनको अलवा मर्स्याङ्दी नदीमा ह्वाइट वाटर ऱ्याफ्टीङ्ग अन्य नदीनालाहरूमा वोटिङ्ग, क्याकिङ्ग र फिसिङ्गको साथै विभिन्न खोलाहरूले बनाएको छहरा र झरनाहरूमा क्यानोनिङ्ग जस्ता पर्यटन गतिविधि सञ्चालन गर्न सकिन्छ ।

त्यस्तै जिल्लाको २१०० मीटर उचाई भन्दा माथिको भू-भागमा इलामपोखरी, वराहपोखरी, मेमे पोखरी, दुध पोखरी जस्ता पोखरीहरूरहेका छन् । यी पोखरीहरूप्राकृतिक रूपले सुन्दर, धार्मिक तथा साँस्कृतिक रूपले अत्यन्तै महत्त्वपूर्ण रहेका छन् । यी पोखरीहरूको प्रवर्द्धन गर्न सकेमा लमजुङ जिल्लाले पर्यटन विकासमा ठूलो छलाङ्ग मार्न सकिन्छ ।

## २.४ ऐतिहासिक तथा धार्मिक स्थलहरू

लमजुङ चौविसे राज्यहरू मध्ये गरूडको संज्ञा पाएको शक्तिशाली राज्य हो । (मेची महाकाली, भाग-३, २०३१:३६९) यो जिल्ला ऐतिहासिक तथा धार्मिक रूपले अत्यन्त महत्त्वपूर्ण र संमृद्धशाली छ ।

घेर्मुको घले राजा साम्री घलेको राजधानी, वि.सं.१५५० असार १५ मा यशोब्रह्म शाहलाई राजा थापेको लमजुङ दरबार, पुरानोकोट र बेसीशहरको ग्रीष्मकालिन र शीतकालिन दरबार , यशोब्रह्म शाहलाई सिन्दूर जात्रा गरेको सिन्दूरे ढुङ्गा, नेपालको इतिहासमा ठूलो महत्त्व रहेको छ । त्यसको अलवा द्रव्य शाहले गोठ राखेको रागीनासकोट र शितलस्वाँरा, भक्ति थापाले गोठ राखेको सिउरूङ्गको हरिसिङ डाँडा, तुर्लुङकोट, तार्कु गहतेको मूलकोट र बज्रकोट, जीताको जीताकोट, तान्द्राङकोट, गौंडाकोट, छलीकोट, सुनकोट, गिलुङकोट, बाङग्रे खलक छापको राजेश्वरी दरबार, तार्कुघाट, उदीपुरको बलिथुम र चिप्लेटी, गाँउशहरको रानीकुवा आदि जस्ता महत्त्वपूर्ण ऐतिहासिक र पुरातात्त्विक धरोहरहरू रहेका छन् । यिनीहरूको प्रबर्द्धन गर्न सकेमा ऐतिहासिक खोज,अध्ययन, अनुसन्धान र अवलोकन गर्न

हजारौं आन्तरिक तथा बाह्य पर्यटकहरू आउन सक्छन् । जसबाट लमजुङको पर्यटन विकासमा ठूलो टेवा पुग्न सक्दछ ।

त्यस्तै लमजुङ जिल्ला धार्मिक रूपले त्यत्तिकै प्रसिद्ध रहेको छ । यहाँ नेपालकै पहिलो कालिका मानिने लमजुङ कालिका र काउलेपानी देवीको मन्दिर गाँउशहर काउलेपानीमा रहेको छ । त्यसको अलवा, यहाँ गोरखनाथ बाबा, शिवालय, भिमसेनस्थान, गणेशस्थान, कृष्णमन्दिर, अलैचे देवी, कन्यादेवी, पुरानोकोट मौला कालिका, चण्डिदेवी, पधेराखोला देवी जस्ता अत्यन्त प्रसिद्ध शक्तिपिठहरू रहेका छन् । त्यसै गरी लक्ष्मी नारायण, कर्पुरेश्वर महादेव, त्रिपुरेश्वर महादेव, उदीपुर कालिका, अकलादेवी, मूलकोट कालिका, खड्गदेवी, नाग भैरव, मालिका, भुजुङको सन्तानेश्वार महादेव, करापुटारको ईशानेश्वर महादेव, इलमदेवी, रूद्र देवी, लाङ्दी देवी, भागीरथी देवी, तातोपानी र बराहपोखरी, ह्याल्सो ह्यो गुम्बा आदि जस्ता सयौंका संख्यामा धार्मिक शक्तिपिठहरू रहेका छन् । यसको प्रचार प्रसार गर्न सकेमा हजारौंको संख्यामा धार्मिक पर्यटकहरू भित्राउन सकिन्छ । जसबाट यहाँको धर्म संस्कृतिको संरक्षणको साथै आर्थिक विकासमा पनि टेवा पुग्दछ ।

## २.५ जनसंख्या

लमजुङ जिल्लाको कूल जनसंख्या नेपालको कूल जनसंख्या २,६४,९४,४०५ को ०.६३५ अर्थात १,६६,१५० जना रहेको छ । जस मध्ये पुरूषको संख्या ७५,९१३ र महिलाको संख्या ९१,८११ रहेको छ । त्यस्तै यहाँ ४२,०७९ घर परिवार रहेका छन् भने यहाँको जनसंख्या वृद्धिदर ०.५५ प्रतिशत र जनघनत्त्व ९९ प्रति वर्ग किलोमिटर रहेको छ । (जि.वि.स.योजना, २०७१:३०)

## २.६ निष्कर्ष

“लमजुङ जिल्लाको विकासका आधार, पर्यटन, जङ्गल, जडिबुटी र जलाधार” भन्ने लमजुङको मूल नाराबाट नै प्रष्ट हुन्छ कि वास्तवमा लमजुङ जिल्लामा थुप्रै ऐतिहासिक तथा धार्मिक सम्पदा अर्न्तगतका दरवार कोट किल्ला, गढिहरु, मन्दिर गुम्बा, देवालय, शक्ति पिठ आदि सम्पदाहरु रहेका छन् त्यस्तै प्राकृतिक सम्पदा अन्तर्गत पर्ने हिमाल, लेक, पहाड बेशी, समशितोष्ण हावा पानी, विभिन्न किसिमका वोटविरुवा, बन वनस्पति र जडिबुटीहरु, नदीनाला पोखरी आदि सम्पदाहरु रहेका छन् । यी सम्पदाहरु र यहाँका मानवीय

संसाधनहरुको परिचालन गर्न सके लमजुङको पर्यटन लगायत अन्य विकासको प्रचुर सम्भावना रहेका छन् ।

# परिच्छेद : तीन

## बेसीशहर नगरपालिकाको परिचय

पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल लमजुङ जिल्ला निर्वाचन क्षेत्र नं.२ मा पर्ने बेसीशहर, गाउँशहर, उदिपुर र चण्डिस्थान गा.वि.स. लाई समेटेर मिति २०७१/१/ २५ गते " बेसीशहर नगरपालिका" को घोषणा भयो । तत्पश्चात २०७२ सालमा आएर पुरानकोट र नाल्मा गा.वि.स.लाई बेसीशहर नगरपालिकामा गाभेर विस्तार गरेको छ । यस नगरपालिकाको पूर्वी सिमानामा मर्स्याङ्दी नदी, पश्चिम दुराडाँडा, चन्द्रेश्वर, सिन्दूरे, बाग्लुङपानी गा.वि.स. र करापुटार नगरपालिका पर्दछ भने उत्तरमा सिम्पानी गा.वि.स. र दक्षिणमा सुन्दरबजार नगरपालिका रहेको छ ।

बेसीशहर नगरपालिकालाई धरातलीय स्वरूपको आधारमा महाभारत लेक, मध्य पहाडी प्रदेश र बैंसी तथा टार क्षेत्र गरी ३ क्षेत्रमा विभाजन गर्न सकिन्छ । यहाँको भू धरातल समुद्री सतहको ८०० मीटर देखि १९७५ मीटर सम्मको उचाईमा फैलिएको छ । यहाँ ठण्डा समशितोष्ण र न्यानो समशितोष्ण हावापानी पाइने भएको हुँदा यहाँ नरम कोणधारी वनस्पति र मिश्रित पतझर वनस्पति पाइन्छ । यहाँको वार्षिक औसत तापक्रम २५० सेन्टिग्रेट र औषत वर्षा २८०० मिलिलिटर रहेको छ । (नगर विकास योजना, २०७२:७) साल सिसौं, चिलाउने, कटुस, चाँप, उत्तीस, गुराँस यहाँको मुख्य वनस्पति हो भने पाषाण भेद, चुत्रो, सतुवा, चिराईतो, आँखे टिम्मुर, सिल्टीमुर, गुर्जो, सिकारी लहरा, कम्मरी, हर्चुल, अमला, हर्रो, बर्रो लगायत ६० भन्दा बढि जडिवुटी पाईन्छ ।

बाघ, भालु, निगाले चितुवा, स्याल, मालसाप्रो, ढेडु बाँदर, रतुवा मृग, दुम्सी, वनबिरालो, गीद्ध, चील, कालिज, लुइँचे, तित्रा, ढुकुर, लामपुछारे, न्याउली, कोइली, हुँचिल, भद्रायो, चिबे, ढुकुर आदि पशुपन्छि पाइन्छ । बेसीशहर नगरपालिका भित्र प्रसिद्ध ऐतिहासिक तथा धार्मिक स्थलहरूमा लमजुङ दरवार, लमजुङ कालिका, पुरानोकोट गढी, लक्ष्मीनारायण मन्दिर, शितलस्वाँरा, काउलेपानी देवी, उदिपुर कालिका, बलिथुम, चिप्लेटी, कर्पूरेश्वर महादेव, नयाँ गाँउको श्रीकृष्ण प्रणामी मन्दिर, ह्युल्सा ह्यो गुम्बा आदि रहेका छन् ।

यस नगरपालिका भित्र मनाईने मुख्य पर्व तथा मेलामा बेसीशहरको करपुरेश्वर महादेवमा ठूलो एकादशी गाँउशहरको लमजुङ कालिका र काउलेपानी मन्दिरमा चैतेदशैं कृष्णाष्टमी आदि पर्दछन् ।

यस नगरपालिका भित्रका मुख्य पर्यटकीय स्थल भनेको गाउँशहर लमजुङ दरबार काउलेपानी होम स्टे र बेसीशहर बजार हो । त्यसको अलवा नरूबालको मगर संस्कृति र कृषि पर्यटन, पुरानोकोटको रक क्लाईम्बिङ, बेसीशहरको तमु संग्रहालय आदि हुन् ।

यस नगरपालिकाको १८ वटा वडाको कूल घरधुरी संख्या ७,६७७ वटा र कूल जनसंख्या २९,६०४ जना रहेको छ । (नगरविकास योजना, २०७२ :९) यस नगरपालिका क्षेत्रभित्र, गुरूङ, बाहुन, क्षेत्री, कामी, दमाई, सार्की, मगर, नेवार, भूजेल, तामाङ, मुसलमान, शाही आदि जातजातिका मानिसहरू बसोबास गर्दछन् ।

## ३.१ बेसीशहर नगरपालिका भित्रका पर्यटकीय स्थल तथा गाउँहरू

बेसीशहर नगरपालिका आफैमा अत्यन्त सुन्दर र रमणीय नगरपालिका हो । यस नगरपालिका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक रूपमा समृद्धशाली छ । अझै पनि यसलाई प्रबर्द्धन गर्न नसकेको कारण पर्यटनको क्षेत्रमा जति विकास हुनु पर्ने हो त्यति हुन सकेको छैन । चौविसे राजा यशोब्रह्म शाहको रजस्थल , लमजुङ जिल्लाको सदरमुकाम रहेको यस नगरपालिका अन्नपूर्ण संरक्षण क्षेत्र तथा विश्वका १० उत्कृष्ट गन्तव्य मध्येका मनाङ जाने प्रवेश विन्दु समेत हो ।

यस नगरपालिका भित्र पर्ने नेपालको उत्कृष्ट होम स्टे भएको पर्यटकीय गाउँ गाउँशहर काउलेपानी लगायतका पर्यटकीय स्थल तथा गाउँहरूको संक्षिप्त चिनारी यस प्रकार छ -

### ३.१.१ बेसीशहर

बेसीशहर समुद्री सतह देखि ८०० मीटरको उचाईमा मर्स्याङ्दी नदीको किनारमा अवस्थित छ । यो लमजुङको एक महत्त्वपूर्ण पर्यटकीय स्थल हो । मर्स्याङ्दी नदीले बनाएको बेसीमा अवस्थित यो शहर लमजुङ जिल्लाको सदरमुकाम पनि हो । चौविसे कालिन राजा यशोब्रह्म शाहको शीतकालिन दरबार रहेको यस ठाउँमा राजा जाडो याममा वैँसी सर्ने हुँदा राजा “बैँसी सरे” भन्ने क्रममा बेसीसर भन्न थाले पछि उक्त शब्द अपभ्रंश भई यस ठाउँलाई बेसीशहर भन्न पुग्यो । (मेची महाकाली भाग-३, २०३१:१८६)

बहुजाति, बहुभाषी र बहुसँस्कृतिको संयोजन रहेको बेसीशहर विश्व प्रसिद्ध अन्नपूर्ण पदमार्गको प्रस्थान विन्दु समेत हो । यहाँको ऐतिहासिक, पुरातात्त्विक एवं पर्यटकीय स्थलहरूमा - लक्ष्मीनारायण मन्दिर, द्रव्य शाहको झोलुङ्गो थापेको शितलपाटी र राजसभा गर्ने चौतारी तथा फूलबारी, अपराधीलाई मृत्युदण्ड दिने झिङगे खोलाको किनारमा रहेको

भातेकोशी ढुङ्गा,कालिका, करपुरेश्वर महादेव, त्रिपुरेश्वर, हिल्सो ह्यो गुम्बा, राधा माधव धाम, चर्च, करपुरेश्वर पार्क, लमजुङ हिमालको दृश्यावलोकन र मर्स्याङ्दी नदीमा ऱ्याफ्टिङ आदि रहेका छन् । त्यसको अलवा स्तरीय होटेल तथा रिसोर्ट, अस्पताल, पर्यटन सूचना केन्द्र, प्रशासन, वैंक तथा वित्तिय संस्था आदि समेत रहेको छ । (मेची महाकाली भाग-३, २०३१:१८६)

बेसीशहरबाट लमजुङको अन्य पर्यटकीय गाउँमा पुग्न सहज हुने हुँदा यो एक प्रकारको “टुरिजम हव” नै हो । बेसीशहरमा काठमाडौं देखी ५ घण्टा, नारायगढ र पोखरा देखी ३/३ घण्टाको बसयात्राबाट सहजै आईपुग्न सकिन्छ ।

### ३.१.२ पुरानकोट गाउँ

पुरानकोट गाउँ ऐतिहासिक, धार्मिक र साँस्कृतिक महतत्व बोकेको गुरूङ बस्ती हो । यो गाउँ बेसीशहर नगरपालिका वडा नं. १७ मा पर्दछ । यहाँ गुरूङ, तामाङ र कामी तथा दमाई जातिका मानिसहरूको बसोबास रहेका छन् । पुरानकोट चुलीलाई आधार मान्ने हो भने समुद्री सतहको १९७५ मीटर उचाईमा अवस्थित यस गाउँमा घाँटु, कृष्ण चरित्र, सोरठी आदि जस्ता महत्त्वपूर्ण मौलिक गुरूङ सँस्कृति  विद्यमान छ ।

ग्रामीण पर्यटन तर्फ अभ्यासरत पुरानकोट गाउँमा होम स्टे (घरवास सेवा) सञ्चालनमा रहेको छ । यहाँ पुरानकोट गढी, मौला कालिका, पधेरा खोला देवी, चण्डी देवी, ज्वालादेवी जस्ता ऐतिहासिक तथा धार्मिक स्थलहरू रहेका छन् । पर्यटकहरूको आकर्षण बढाउन सिलीचलित्रको भिरमा रक क्लाईम्बिङको व्यवस्था रहेको छ । यो विश्वकै अग्लो ठाउँको रक क्लाईम्बिङ हो । (अन्तर्वार्ता : लालवीर गुरूङ )

बेसीशहरबाट काउलेपानी सम्मको ३० मीनेटको बस यात्रा पश्चात सिद्धि चौतारी, वाँचौर, भञ्ज्याङ हुँदै साँढे एक घण्टाको पैदल यात्राबाट पुरानकोट गाउँमा पुग्न सकिन्छ । त्यस्तै बेसीशहरबाट काउलेपानी हुँदै बाखेजगत सम्मको १ घण्टाको वस यात्रा पश्चात ३० मीनेटको पैदल यात्रा गरेर पनि पुरानकोट पुग्न सकिन्छ । यसरी सुगम क्षेत्रमै रहेको पुरानोकोट यहाँको महत्त्वपूर्ण पर्यटकीय क्षेत्र हो ।

### ३.१.३ नरूवाल गाउँ

नरूवाल साविकको गाउँशहर गा.वि.स. वडा नं. ८ हाल बेसीशहर नगर पालिका वडा नं. ४ मा पर्ने मगरजातिको बसोबास रहेको गाउँ हो । यहाँ राना र आले थरका मगरहरूको अलवा थापा क्षेत्रीहरूको पनि बसोबास रहेको छ ।

नेपालमा प्रजातन्त्रको प्रादुर्भाव पूर्व राणाहरूको पारिवारिक र निरंकुश शासन रहेको वेला स्थानीय तहमा शासन गर्ने जिम्मा राणाहरूको हजुरीया गर्ने मुखिया जिम्मावालले पाएका हुन्थे । यिनीहरूले समुदायका सर्वसाधारण जनतालाई वेठ वेगारी लगायत अन्य तबरले दमन र शोषण गर्थे । यस गाउँका नर बहादुर आलेले पनि राणाहरूबाट जिम्मावाल पद पाएका थिए । समाजसेवी जिम्मावाल नर बहादुर आलेले कहिल्यै पनि जनताको शोषण नगर्ने भएकोले उनी अत्यन्तै लोकप्रिय थिए । सबैका प्रिय जि.मु. नरबहादुर आलेलाई प्यारो भाषामा “नरू आले” भन्न थाले । नरूआलेको गाउँ हुनाले उक्त गाउँलाई समेत “नरूआल” भन्न थालियो । उक्त नरूआल शब्द अपभ्रंश भई “नरूवाल” हुन गएको भन्ने भनाई छ । (अन्तर्वार्ता : तिलक बहादुर थापा, वर्ष-६८)

ग्रामीण पर्यटन तर्फ अभ्यस्तरत नरूवाल गाउँलाई ग्रामीण कृषि पर्यटनको रूपमा पनि विकास गरिरहेको अवस्था छ । यहाँ विभिन्न जातका फलफूलका बिरूवा नर्सरी गरी उत्पादन गर्नुका साथै अर्गानिक फलफूल, तरकारी र बीउ बिजन उत्पादन गरिन्छ ।

नरूवाल मौलिक कला र सँस्कृतिमा समेत धनी रहेको छ । यहाँ मगरहरूको भाषा, भेषभुषा, चाडपर्व रीतिरिवाजका साथै कौरा चुट्का नृत्य र सोरठी नृत्य थप आकर्षणको रूपमा रहेको छ ।

यहाँ डुम्रे बेसीशहर सडक ( भानुभक्त आचार्य मार्ग) खण्डको मध्यमर्स्याङ्दी जलाशयको बाँध क्षेत्रमा पर्ने गहिरी बजार देखि २० मीनेटको जीप यात्राबाट सजिलै पुग्न सकिन्छ ।

### ३.१.४ नाल्मा गाउँ

पोखरा आउने पर्यटकहरू वेगनास ताल र रूपातालको प्राकृतिक सौन्दर्यको रसास्वादन गर्दै, शिवरात्रीमा नेपालको पशुपतिनाथ पछिको दोश्रो ठूलो मेला लाग्ने मादी र मिदिमको दोभान स्थित करापुटारको ईशानेश्वर महादेवको दर्शन गरी वाग्लुङ्पानी भएर मनाङ जाने टेकिङ्ग रूटमा पर्ने अत्यन्तै सुन्दर गुरूङ वस्ती नाल्मा गाउँ हो । गुरूङ भाषामा न्हादा नास भनेर चिनिने यस गाउँमा चौविसे राजाको सुरक्षा चौकि रहेको सुनकोटको भग्नावशेष रहेको छ । यहाँबाट देखिने अन्नपूर्ण हिम श्रृङ्खला र सूर्यास्तको मनोरम दृश्यावलोकनले सबैको मन

लोभ्याउछ । गुरूङ जातिको मुख्य बसोबास रहेको यस गाउँमा क्षेत्री, शाही, मगर, कामी र दमाई जातिका मानिसको पनि बसोबास रहेको पाइन्छ । यहाँ गुरूङ जातिको रीतिरीवाज, परम्परा चाडपर्वका साथै घाँटु, सोरठी, कृष्णचरित्र, स्यार्का जस्ता मौलिक गुरूङ सँस्कृति रहेको छ ।

बेसीशहरबाट गाउँशहर काउलेपानी हुँदै वा ज्यार्खाङ गाउँ हुदै वाखेजगत भएर साढे एक घण्टाको जीप यात्राबाट र पोखराबाट करापुटार हुँदै लाङदी (नाल्मा फेदी) सम्मको करिव साढे तीन घण्टाको वस यात्रा पश्चात १ घण्टाको उकालो बाटो काटेपछि नाल्मा गाउँ पुग्न सकिन्छ । यो गाउँ पनि लमजुङको एक सुन्दर गाउँ हो ।

### ३.१.५ काउलेपानी गाउँ

प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको त्रिवेणी धाम हो  काउलेपानी गाउँ । यो गाउँ लमजुङ जिल्लाको वेशीसहर न.पा. वडा नं. ६ स्थित समुन्द्री सतह देखि करिव १६०० मिटर उचाईमा अवस्थित रहेको छ । नेपाल पर्यटन वोर्ड, र गाउँ पर्यटन प्रवद्धन मञ्च नेपालद्वारा सन् २०१४ मा नेपालकै उत्कृष्ट प्रर्यटकीय गाउँको रुपमा पुरस्कृत गरिएको काउलेपानीमा होमस्टेको व्यवस्था रहेको छ । डेड दर्जन हिमाल तीन तिरबाट घेरिएको सूर्योदयको दृश्यावलोकन गर्न सकिने, ऐतिहासिक लमजुङ दरवार, लमजुङ कालिका, काउलेपानी देवी, गुरुङ समुदायको परम्परा र मौलिक संस्कृति घाटु, झोरा, कौरा नृत्य यहाँको आकर्षण हो  । यहाँ वेशी शहर देखि आठ कि.मि. बस यात्रा वा डेड घण्टाको पैदल यात्राबाट सजिलै पुग्न सकिन्छ ।

## ३.२ निष्कर्ष

वेशीसहर नगरपालिकाको भू-धरातल, हावापानी, जैविक विविधता, ऐतिहासिक तथा धार्मिक सम्पदा, सांस्कृतिक विविधता, सुन्दर ग्रामीण बस्ती आदिको आधारमा हेर्ने हो भने यो एउटा अनुपम पर्यटकीय क्षेत्र हो । यसले देशको पर्यटन विकासमा उल्लेखनीय टेवा पुऱ्याएको पाइन्छ । अझै यहाँका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको प्रचार प्रसार र प्रवर्द्धन गर्न सके अझै पर्यटकीय सम्भावना बोकेका क्षेत्रहहरुको आर्थिक, भौतिक र सामाजिक उन्नयन मा अझ टेवा पुग्ने देखिन्छ ।

# परिच्छेद : चार

# नेपालको पर्यटन विकासमा लमजुङ काउलेपानीको महत्व

## ४.१ पर्यटनको परिभाषा

पर्यटनको शाब्दिक अर्थ घुम्नु अर्थात यात्रा गर्नु हो । यो शब्द नेपाली भाषाको पर्य+टन बाट बनेको हो । पर्यको अर्थ वातावरण र टनको अर्थ पूर्णताको लागि घुम्नु अर्थात यात्रा गर्नु हो । यसबाट पुष्टि हुन्छ की पर्यटन भनेको एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने वा भ्रमण गर्ने कार्य पर्यटन हो ।

सर्वप्रथम पर्यटन शब्दको परिभाषा सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री -हर म्यान वन सुलार्डले गरेका थिए । अर्को परिभाषा अनुसार "पर्यटन भन्नाले कुनै पनि राष्ट्र,शहर वा क्षेत्र भित्र र बाहिर विदेशीहरू घुमफिर आवत जावत र प्रवेशसँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक, प्राकृतिक सम्पूर्ण क्रियाकलापहरू हुन् । (पुरी, २०६३:६) WTO का अनुसार पर्यटन भन्नाले स्वदेश वा विदेशमा रिक्तियसन, होलिडे, स्टकी एण्ड विजनेश, फेम्ली एण्ड मिसन लगायतका उद्देश्यले २४ घण्टा देखि ९९ दिन सम्मको भ्रमण गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । जसले सेवा लिए वापत केहि न केहि रकम तिरेको हुन्छ भने भम्रणकर्ता भनेको त्यस्तो व्यक्ति हो जो कुनै सेवा सुविधा नलिने र रकम खर्च नगर्ने खालको अनुसन्धानकर्ता जस्तो हुन्छ । भ्रमणको सिलसिलामा जति जति अन्तरक्रिया हुन्छ त्यसको समग्र परिमाणलाई पर्यटन भनिन्छ । (नेपाल राष्ट्र वैंक, २०६८: १५४) नेपाली भाषामा पर्यटन शब्दको अंग्रजी रूपान्तर टुरिजम हुन्छ ।

यसै गरी इन्टरनेशनल एसोसियसन अफ सायन्टीफिक एक्सपोर्ट अन टुरिजम र टुरिजम सोसाईटीको आयोजनामा लिजर रियाक्सन टुरिजम विषयमा वेलायको कार्डिफमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनले गरिएको परिभाषा अनुसार "पर्यटन भन्नाले घरभन्दा बाहिरी वातावरणमा गरिएको निर्धारित विशेष गतिविधिलाई जनाउँछ । त्यो घरभन्दा वाहिर गएर रात विताएर वा नविताएर पनि हुन सक्छ । " त्यस्तै स्विच प्रोफेसर इन्जीकर क्ताफका परिभाषा अनुसार "कुनै स्थानमा स्थायी बसोबास र आर्थिक आर्जन नगर्ने उद्देश्यले गरिने भ्रमण वा बसोबास सम्बन्धी सम्पूर्ण घटनाक्रम नै पर्यटन हो ।" (सत्याल, १९८८:९)

माथि उल्लेखित परिभाषा एक अर्काको परिपूरकको रूपमा आएका छन । वास्तवमा पर्यटन शब्दबाट ४ ओटा शब्दको अर्थ र परिभा     ञन्छ । वास्तवमा पर्यटनको अर्थ घुम्नु वा

यात्रा गर्नु हो । जसको आधारमा नै पर्यटक, पर्यटन, पर्यटन क्षेत्र र पर्यटन उद्योग जस्ता शब्दहरूको उत्पत्ति भएको छ । कुनै उद्देश्य हासिलको लागि एक ठाउँबाट अर्को ठाउँमा घुम्ने व्यक्ति पर्यटक हो, घुम्ने काम पर्यटन हो भने घुम्ने क्षेत्र पर्यटन क्षेत्र हो । त्यस्तै पर्यटकको लागि आवश्यक पर्ने वस्तु तथा सेवा सुविधा उपलब्ध गराउने व्यवसाय वा उद्योग पर्यटन व्यसाय वा उद्योग हो । जस्तै कुनै व्यक्ति लुम्बिनीमा बुद्धजन्मस्थलको दर्शन गर्ने उद्देश्य लिएर घरबाट निस्के भने ऊ पर्यटक हो । लुम्बिनीसम्म पुग्ने काम पर्यटन  हो , त्यस्तै लुम्बिनीमा रहेका मायादेवी मन्दिर लगायतका विभिन्न गुम्बाहरू पर्यटन क्षेत्र हुन्। त्यस्तै त्यहाँ आउने पर्यटकहरूको लागि खाने बस्ने प्रवन्ध गर्न खोलिएका होटेल, लज, विभिन्न किसिमका वस्तुहरू उत्पादन गर्नु आदि पर्यटन व्यवसाय हो ।

## ४.२ नेपालमा पर्यटनको प्रारम्भ र विकासक्रम

नेपालमा पर्यटन पौराणिक काल देखि नै भएको पाइन्छ । श्री स्वस्थानी ब्रतकथाको आधारमा हेर्ने हो भने भगवान शिवजी पार्वतीलाई छल गर्न किरातेश्वर महादेव भएर भ्रमण गरेको, राजहंश भएर जलविहार गरेको, एकासिङ्गे मृग स्वरूप लिएर मृगस्थलीमा वन विहार गरेको पौराणिक कथाहरूबाट पुष्टि हुन्छ । नेपालको कैलाश पर्वत हिमवत खण्डमा सत्य युग देखि नै देवादी देवताहरूले भ्रमण गरेको पुष्टि हुन्छ । त्यस्तै नेपालको उपत्यका दहको रूपमा रहेको अवस्थामा विपस्वी बुद्धले कमलको वीज दहमा रोपी दिदा उक्त दहबाट फुलेको कमलको फूलमा ज्योति प्रकट भएको र सोहि ठाउँबाट स्वयंभू उत्पत्ति भएको किंवदन्ती, त्यस्तै तिब्वतबाट मन्जुश्री आएर खड्गले चोभारको डाँडालाई काटेर उपत्यका दहको पानी बाहिर निकासा गरेर बस्ती बस्न योग्य बनाएको तथ्य, त्यसपछि उपत्यकाको हरियालीमा भगवान श्रीकृष्णसँग आएका ग्वालाहरूले गाई पाली बसेको, उनै ग्वालाहरूको एउटा गाईले दूध बगाएको, त्यहाँ के रहेछ भनी ग्वालाले उत्खनन गर्दा पशुपति नाथको ज्योति प्रकट भई ग्वाला भष्म भएको, त्यसपछि उनकै छोरा भुक्तमानलाई उपत्यकाको राजा बनाएर गोपाल वंशको शासन शुरू भएको जस्ता पौराणिक घटना तथा प्राग प्राचिन र प्राचिन इतिहासबाट नेपालमा पर्यटनको विकास पौराणिक कालबाट नै भएको पुष्टि हुन्छ ।

किराँतकालका राजा स्थुंगको पालामा भारतबर्षका सम्राट अशोकले ई.सं. ३०० मा धार्मिक भ्रमण गरेका थिए । त्यस्तै चिनिया यात्री फाहियान वाङ हेन से लिई पिथावाले सन ४०३ मा र चिनिया यात्री हुयान साङले सन् ६३६ मा आफूले नेपाल भ्रमण गरेको यात्रा वृतान्त लेखेका थिए ।

लिच्छवीकालमा भारतको मुगल साम्राज्यसँग र तिब्बत चिनसँगको सामाजिक तथा साँस्कृतिक सम्बन्धले गर्दा मैत्री सम्बन्ध र वैवाहिक सम्बन्धले गर्दा एक देश र अर्का देश बिच राजा महाराजा र उनका दुतहरू आउने जाने क्रम बढ्नु पनि पर्यटनकै विकास क्रमको रूपमा लिन सकिन्छ । जस्तै तिब्बती राजा स्रङचङ गम्पोसँग नेपाली राजकुमारी भृकुटीको वैवाहिक सम्बन्ध हुनु र भारतका सम्राट हर्षवर्द्धनसँग अंशुवर्माले मैत्री सम्बन्ध जोड्नुबाट यसको पुष्टि हुन्छ ।

त्यस्तै मध्यकाल र मल्लकालमा यो क्रम तिब्र रूपमा बढेको पाइन्छ । नेपाल भोट विचको मौद्रिक व्यापारको साथै भोटको बजारमा नेपाली व्यापारीहरूले कोठी खोलेर व्यापार गर्नु, भारतको बजारमा नेपाली वस्तुहरू निर्यात गर्नु, भारतले नेपाल हुँदै तिब्बतसम्म र तिब्बतले नेपाल हुदै भारतसम्म व्यापार गर्नु जस्ता व्यापारीक कार्य हुनु ,अरनिको समूह प्यागोडा शैलीको भवन निर्माण गर्न  तिब्बत हुँदै चिन सम्म जानु आदि जस्ता गतिविधिका साथै इसाई पादरीहरूले नेपाल भ्रमण गरी प्रताप मल्ललाई भेटेर दुर्विन उपहार दिएको तथ्यले पनि नेपालमा मल्ल कालमा पर्यटनको विकास अझ विकास हुँदै गएको पुष्टि गर्न सकिन्छ ।

पृथ्वी नारायण शाहले नेपाल एकीकरणको क्रममा हतियार खरिद गर्न वनारस यात्रा गरेका थिए । त्यस्तै वनारसबाट मुसलमान कालिगढहरू गोर्खाली सेनालाई तालिम दिन गोर्खामा झिकाईएका थिए । कर्कप्याट्रिक र हेमिल्टनको टोलीले नेपालको भ्रमण गरेको विवरण उनीहरूको कृतिबाट पुष्टि हुन्छ । रण बहादुर शाह र राजाराजेश्वरी तथा भीमसेन थापाको वनारस यात्रा, माथवरसिंह थापाको सिमला प्रवास, राजा राजेन्द्र र राज्यलक्ष्मी देवी शाहको काशी प्रवास आदि घटनाले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा पर्यटनको विकासका लागि भूमिका निर्वाह गरेको मान्न सकिन्छ ।

जङ्ग बहादुर राणाको उदय पश्चात सन् १८५० (वि.सं.१९०७ ) मा उनको वेलायत भ्रमण, चन्द्र शम्शेरको भारत र वेलायत भ्रमण, नेपाली विद्यार्थीहरू जापानमा अध्ययन गर्न जानु, विभिन्न राणा प्रधानमन्त्री र राणा परिवारको विदेश भ्रमण र अंग्रेज राजदुत र मिसनहरूले नेपाल भ्रमण गरेको तथ्यहरू पाइन्छन् । त्यस्तै वि.सं. २००७ सालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको प्रादुर्भाव, नेपालमा सन १९५१ मा इण्डियन एयरवेजको उडान र सन १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले प्रथम पटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहणले नेपालको नाम विश्वभरि फैलिन गयो । त्यसको साथै सन् १९५६ मा भारत सरकारको सहयोगमा त्रिभुवन राजपथ बनेपछि झन् नेपालमा पर्यटकको

आगमनमा थप टेवा पुग्यो । त्यसै गरी सन् १९५७ मा पर्यटन विकास ऐन लागु र पर्यटन बोर्डको गठन , सन् १९५८ मा नेपाल वायुसेवा निगमको स्थापना , सन् १९६२ मा पर्यटन विभागको स्थापना, सन् १९७६ मा पर्यटन मन्त्रालयको स्थापना, सन् १९७८ मा पर्यटन ऐन लागु भयो । त्यस पछि सन् १९८१ मा औद्योगिक लगानी ऐन लागू भए पछि पर्यटन क्षेत्रमा वायुसेवा, होटेल, ट्राभल एजेन्सी, वित्तिय संस्था अन्य पर्यटन पूर्वाधार निर्माणमा सरकार र नीजि क्षेत्रले लगानी बढाउन थाले । त्यसपछि सन १९७५ मा दक्षिण एसिया पर्यटन वर्ष, सन् १९९८ मा नेपाल भ्रमण वर्ष, सन २०११ मा नेपाल पर्यटन वर्षको रूपमा मनाउनाले विश्व पर्यटन जगतमा नेपालको व्यापक प्रचार प्रसार हुन पुगेको छ । सन २०१० सम्म नेपालमा ४,४८,७६९ पर्यटक आएकोमा सन् २०२० सम्म २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ । (नेपाल पर्यटन बोर्ड, २०११ )

### ४.३ नेपालको पर्यटन विकासमा लमजुङ काउलेपानीको महत्त्व

आजको "२१औं" शताब्दिमा पर्यटन मानव जीवनको अभिन्न अङ्ग बनिसकेको छ । मानिसले विभिन्न उद्देश्यको लागि देश भित्र र बाहिर भम्रण गर्ने गर्दछन् । प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा अतुलनीय सँास्कृतिक सम्पदाको साथै असंख्य विशेषताहरूले भरपूर नेपाल विश्वमाझ एक उत्कृष्ट गन्तव्यस्थलको रूपमा स्थापित भएको छ । पर्यटकीय भ्रमणको लागि संसारका प्रमुख गन्तव्यहरूको पहिचान तथा प्रवर्द्धन गर्ने अन्तराष्ट्रिय संस्था "लोन्ली प्लानेट" को प्रतिवेदनमा नेपाल विश्वका १० उत्कृष्ट पर्यटकीय मुलुकको तालिकामा रहेको छ । सोहि संस्थाको प्रतिवेदन अनुसार विश्वका १० उत्कृष्ट पदयात्रा मध्ये नेपालको सगरमाथा आधार शिविर चौंथो स्थानमा रहेको छ । हाल चर्चामा रहेको पूर्वी ताप्लेजुङ्ग देखि पश्चिम दार्चुलासम्मको हिमाली क्षेत्रमा आरम्भ गरिने The Great Himalayan Trail नयाँ पर्यटकीय गन्तव्य तथा पदयात्रा मार्गको खोजी एवं विकासका लागि अर्को महत्त्वपूर्ण आयामको रूपमा प्रस्तुत भएको छ ।

पर्यटन विकासकै क्रममा आएको नौलो अवधारणा हो "ग्रामीण पर्यटन" । यस अवधारणालाई सर्वप्रथम नेपालमा स्याङ्जा सिरूवारीका क्याप्टेन रूद्रमान गुरूङले २०५४ सालमा भित्राउनु भएको हो । नेपालमा जुन प्रकारको पर्यटनको विकास भईरहेको छ, त्यसबाट सिमित व्यक्तिहरूले मात्र फाइदा लिईरहेका छन् , तर पर्यटनबाट पर्ने नकारात्मक असरबाट भने जो कोहि पनि अलग रहन नसक्ने अवस्था छ । तसर्थ यस्तो अवस्थामा समुदायमा आधारित मानव जीवनको विविध पक्षलाई समेटेर स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरी

उत्पादन गरिएका वस्तु तथा सेवा र खानाका परिकारले अतिथि सत्कार गर्नु, कला सँस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गरी समग्र गाउँको विकास गर्नु नै ग्रामीण पर्यटनको मूल उद्देश्य हो । सोहि अनुसार ग्रामीण पर्यटन क्षेत्रको रूपमा प्रवर्द्धन गरिएको गाउँशहर काउलेपानी शोध कार्यको यस प्रमुख खण्डमा यस क्षेत्रको पहिचान, प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाको विस्तृत खोज र समीक्षा गरिएको छ । तसर्थ यस परिच्छेदको आरम्भमा काउलेपानीको परिचय, यहाँको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदा, जैविक विविधता र साँस्कृतिक विशिष्टताको व्याख्या यहाँको पर्यटन विकासमा यसको महतत्व उल्लेख गर्नुका साथै काउलेपानीको पर्यटन विकासको शुरूवात र वर्तमान अवस्थाको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.३.१. गाउँशहर काउलेपानीको परिचय

पर्यटकीय गाउँ गाउँशहर काउलेपानी साविकको गाउँशहर गा.वि.स. वडा नं. १ हाल बेसीशहर नगरपालिका वडा नं. ६ मा पर्दछ । समुद्री समतहको करिव १६०० मीटर उचाईमा अवस्थित गाउँशहर काउलेपानी लमजुङ दरबारलाई आधार मानेर हेर्दा २८ डिग्री १२ मिनेट ४८ सेकेण्ड उत्तरी अक्षांश र ८४ डिग्री २२ मिनेट ०१ सेकेण्ड पूर्वी देशान्तर विन्दुमा पर्दछ । (गा.वि.स.को वस्तुस्थिति, २०६७ :३)

गाउँशहर काउलेपानी वरपर हटिया, ज्यामिरे, बोहोरा गाउँ, दमाईगाउँ, थापा गाउँ, वानिया थुम्का, मौरती टोल, बसौला गाउँ, खत्री गाउँ आदि गाउँहरूपर्दछन् ।

चौविसे कालिन राजा यशोब्रह्म शाहको पाला देखि लमजुङको राजधानीको रूपमा रहेको गाउँशहर काउलेपानी अत्यन्तै मनोरम र सुन्दर क्षेत्र हो । गाउँशहर तथा काउलेपानीको नामकरण सम्बन्धमा खासै ठोस प्रमाणहरू नभए तापनि केहि भनाई र किंवदन्तीहरूलाई आधार लिन सकिन्छ ।

### ४.३.२ गाउँशहरको नामकरण

लमजुङ दरवारका राजा यशोब्रह्म शाह हिउँदमा जाडो छल्न बैंसी झरेर वस्थे भने ग्रीष्ममा गर्मी छल्न राजा वेशीबाट गाउँमा आउँथे । राजा बैंसीबाट गाउँ आउँदा “गाउँसरे” भन्थे । यसरी राजा गाउँसरे भन्दा भन्दा पछि “गाउँसर” भन्न पुग्यो । उक्त शब्द पछि गएर अपभ्रंश भई गाउँशहर हुन पुग्यो भन्ने भनाई रहेको छ ।

(अन्तर्वार्ता : चिन्त बहादुर बोहोरा, ) यही ठाउँको नामबाट साविकको गा.वि.स.को नाम समेत गाउँशहर राखिएको हो ।

### ४.३.३. काउलेपानीको नामकरण

काउलेपानीको पानीमा एक डेढ मिटर सम्म लामो लामो काउले (लेउ) लाग्ने पानी भएको गाउँ हुनाले काउलेपानी गाउँ भनिएको भन्ने भनाई रहेको छ । (अन्तर्वार्ता : बाबुलाल श्रेष्ठ, )

काउले लाग्ने पानीमा उत्पत्ति भएको देवी काउलेपानी देवीको मन्दिर भएको गाउँ भएर उनै काउलेपानी देवीको नामबाट गाउँको नाम काउलेपानी रहन गएको हो भन्ने भनाई रहेको छ । (अन्तर्वार्ता : श्री धनराज गुरूङ, )

गुरूङ भाषामा “क्ले” को अर्थ लेऊ र “प्ले” को अर्थ चिप्लिनु हुन्छ । असाध्यै लेऊ लागेर चिप्लने हुनाले त्यस गाउँलाई गुरूङ भाषामा “क्ले ल्पे नासा” भन्दा भन्दा पछि अपभ्रंश भई “काउलेपानी नासा” अर्थात काउलेपानी गाउँ रहन गएको भनाई रहेको छ । (अन्तर्वार्ता : श्री मीन बहादुर गुरूङ, )

काउलेपानी देवी उत्पत्तिको भएको जलकुण्डको पानीलाई सुरूङे कुलो बनाई लमजुङ दरबार परिसरमा रहेको शिवालय र गणेशस्थान विचमा ढुङ्गे धारा बनाएका थिए र उक्त धाराको पानी लमजुङ कालिकालाई नित्य पुजाको समयमा जलको रूपमा चढाउने गर्थे । यसरी कालिकालाई चढाउने पानी भएकोले उक्त पानीलाई “कालि पानी” भन्न थाले । पछि गएर उक्त शब्द अपभ्रंश भई काउलेपानी हुन गएको भन्ने भनाई रहेको छ । अझै पनि उक्त सुरूङ्ग कुलोको भग्नावशेष विभिन्न ठाउँमा भेटाइन्छ । (अन्तर्वार्ता : विलचन गुरूङ)

### ४.३.४ गाउँशहर काउलेपानी क्षेत्रको प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाको चिनारी र यसको महत्त्व

गाउँशहर काउलेपानी विविधता युक्त पर्यटकीय क्षेत्र हो । पर्यटकहरू विभिन्न उद्देश्य, चाहना र स्वभावका हुन्छन । यहाँको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाले जो कोही पनि पर्यटकको मन लोभ्याउन सक्नुको साथै उसको पर्यटन गर्नुको उद्देश्य पूरा हुन सक्छ ।

तसर्थ यसले यहाँको पर्यटन विकासमा ठूलो महत्त्व राख्दछ । काउलेपानी आउनुहुने पर्यटकहरूका लागि मुख्य आकर्षणहरू यस प्रकार छन् -

### ४.३.५. प्राकृतिक सौन्दर्यता

जव गाउँशहर काउलेपानी पुगिन्छ तव त्यहाँको शितल जलवायू , प्राकृतिक सौन्दर्यता र शान्त वातावरणले जो कोहीलाई पनि मोहित पार्छ । यहाँवाट एउटै विन्दुमा उभिएर १८०$^\circ$ को कोणमा अर्थात दाँया कुम देखि वाँया कुम सम्म हेर्दा वुद्ध हिमाल, हिमालचुली, पिक-२९, मनासलु, मनासलु दक्षिण छ्योे, हिमलुङ, लमजुङ प्रथम, लमजुङ द्बितिय, अन्नपूर्ण दोस्रो, तेस्रो र चौथो, हिउँचुली र माछापुच्छ्रे जस्ता प्रसिद्ध हिमचुचुराहरूको दृश्यावलोकन गर्न सकिन्छ । विहान पूर्वको गगनलाई रक्तिम पार्दै हिमालका टाकुराहरूमा लालीमय किरण छर्दै सूर्योदय भएको दृश्य कम लोभ लाग्दो हुँदैन । हरियाली डाँडा काँडा, मर्स्याङ्दी नदीको नागवेली प्रवाह साँझपखको सूर्यास्तको दृश्यले सवैलाई मोहित तुल्याउँछ । यसरी प्रकृति प्रेमी पर्यटकको लागि काउलेपानीको प्राकृतिक सम्पदाले ठूलो महत्त्व राखेको छ ।

### ४.३.६. ऐतिहासिक तथा धार्मिक स्थलको रूपमा काउलेपानी

गाउँशहर काउलेपानी क्षेत्र ऐतिहासिक तथा धार्मिक सम्पदाको हिसाबमा अत्यन्त समृद्धशाली रहेको छ । जसले यहाँको पर्यटन विकासमा कोसे ढुङ्गाको रूपमा महत्त्व राखेको छ । जसको विश्लेषण यस प्रकार गर्न सकिन्छ ।

#### ४.३.६.१ रानीकुवा तथा शेरा फाँट

लमजुङ जिल्लाको सदरमुकाम बेसीशहर पुग्नु १ कि.मी. अगावै डुम्रे-बेसीशहर सडक खण्डको किनार र काउलेपानी प्रवेश विन्दु कच्ची सडकको चोकमा पिपल चौतारी सँगै एउटा सानो पानीको कुवा छ । यो चौतारी र कुवाको आफ्नै किसिमको ऐतिहासिक महत्त्व रहेको छ । शेरा र रानीकुवाको फाँटमा पहिला लमजुङ दरबारले राजघरानको खर्चका लागि खेत रोप्ने गर्थे । असारमा रोपाइँ गर्न हली , खेतलासँगै रानी स्वयं खेतमा पुग्थिन । रानीले खेतमा जाँदा पानी खान र विश्राम गने चौतारी र कुवा वनाउन लगाईन । यसरी रानीले पानी खाने कुवा भएर उक्त कुवाको नाम “रानी कुवा” रहन गएको भन्ने भनाईहरू पाइन्छन् । (अन्तर्वार्ता : पूर्ण नारायण श्रेष्ठ )

रानीकुवा देखि ८ कि.मी. सडक यातायातबाट काउलेपानी पुग्न सकिन्छ । त्यस्तै शेरा फाँट (बेसीशहर स्थित शेरा वजार) काउलेपानी जाने पैदल यात्राको प्रवेश बिन्दु हो । शेराको

आफ्नै किसिमको ऐतिहासिक महत्त्व रहेको छ । चौविसे कालिन अर्थशास्त्रीय भाषामा शेराको अर्थ राजघरानको खाद्यान्न उत्पादन गर्ने भूमि भन्ने वुझिन्थ्यो । (अन्तर्वार्ता : पूर्ण नारायण श्रेष्ठ, ) यहाँवाट मजुवा खोला तरेर दक्षिण पश्चिम मोहोडावाट यशोब्रह्म शाह लगायतका लमजुङे राजाहरूले गाउँवेशी हुँदा घोडामा सवारी हुने फराकिला सिँढी लगाएका करिव ६ कि.मी. राजपथलाई साढे एक घण्टाको उकाली पार गरेर चण्डीस्थान, लमजुङ दरबार हुँदै काउलेपानी पुग्न सकिन्छ ।

### ४.३.६.२ चण्डीस्थान

काउलेपानी क्षेत्र भित्र पर्ने एउटा महत्त्वपूर्ण सम्पदा चण्डीस्थान हो । लमजुङ दरवारदेखि उत्तरपूर्वी मोहोडामा पर्ने चण्डीस्थान क्षेत्रको भौगोलिक स्वरूप हेर्ने हो भने उच्च समस्थली जस्तै देखिन्छ । खुल्ला चौर पिपल र समीको चौतरी भएको मैदानको पूर्व-उत्तर छेउमा तल्लो खण्ड अर्धवृत्ताकार चौतारा जस्तो र आधा भाग माथिवाट वर्गकार चौतारा जस्तो उठाई माथि जोर खुकुरी राखे जस्तो गरी गाडेको ढुङगाको मूर्ति रहेको छ ।

मर्स्याङ्दी नदी ,बेसीशहर र हिमालको मनोरम दृश्यावलोकन गर्न सकिने चण्डीस्थान धार्मिक रूपले महत्त्वपूर्ण छ । राजा यशोब्रह्म शाहको शितकालिन दरबार रहेको स्थान बेसीशहर नारायणस्थान फूलबारीबाट ल्याएको दशैको फूलपाती डोलीलाई यही चण्डीस्थानमा ल्याएर विसाईन्छ । लमजुङ दरबारको दशै घरवाट वाजा गाजा र लावालस्कर साथ चमर डोलाउँदै ल्याएको फूलपाती देवता ( दशअवतार ) को मूर्तिलाई यहाँ ल्याई विधि विधान अनुसार पूजा आजा गरी फूलपातीको डोली भित्र राखी वोकेर ल्याई फूलपाती वढाईका साथ लमजुङ दरवारको दशै घरमा ल्याएर भित्राईन्छ ।

यसरी ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको चण्डीस्थानमा बेसीशहरवाट काउलेपानी जान उकाली चढेर आउने पर्यटकहरूलाई हिमालको चिसो हावाको पछ्यौरीले पसिना पुछि दिनुका साथै रमाईलो दृश्यावलोकनका र चण्डी देवीको आस्थाले जो कसैको पनि मनलाई जित्न सक्छ ।

पूर्व-उत्तर मोहोडा भएको खुल्ला भिरालो भू-धरातल भएकाले यहाँवाट समय समयमा प्याराग्लाईडिङ गर्ने हुँदा ब्यावसायिक रूपमा यसको सञ्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

### ४.३.६.३. ऐतिहासिक लमजुङ दरबारक्षेत्र र लमजुङ कालिका

तत्कालीन चौविसे राज्य लमजुङको रजस्थल गाउँशहर काउलेपानी हो । घले राजाका विरूद्धमा खजे दुरा लगायतका लमजुङेहरूले कास्की नुवाकोटका राजा कुलमण्डल शाहका माहिला छोरा कालु शाहलाई ल्याई लमजुङको पुरानोकोटमा राजा थापे । त्यसपछि घले राजाले सिशि ढुङ्गाको जङ्गलमा शिकार खेल्न वोलाई छल गरी कालु शाह र नारान दुराको हत्या गरिदिए । कालु शाहको हत्या पश्चात नारान दुराको छोरा लछिमन दुरा, चामु धिङ्गाल, माघे दुरा, खजे दुरा र कुष्माकर धिमिरेले पुनः कुलमण्डल शाहका कान्छा छोरा यशोब्रह्म शाहलाई मागि सुनको ज्याविमा वोकेर लमजुङको ठूलोस्वाँरा स्थित भाँगुको रातोमाटे डाँडामा ल्याई एउटा ढुङ्गा माथि राखेर सिन्दूर जात्रा गरे । सोही वेला देखि उक्त ढुङ्गालाई “सिन्दूरे ढुङ्गा” भन्न थाले । त्यस पछि वि.स. १५५० असार १५ गतेका दिन गाउँशहरमा लगेर राजा थापे । (थापा, २०४१: ४२२) त्यसपछि राजा यशोब्रह्म शाहले गाउँशहरलाई नै लमजुङको राजधानी वनाई राज्य गर्न हालको दरबार भएको स्थानको पूर्वी मोहोडा पट्टीवाट दरबारको जग उठाउन मनाङवाट भोटेहरू झिकाए । मनाङवाट आएका भोटेहरूले दरबारको ५ तले जग उठाए वापत लमजुङे नरेश यशोब्रह्म शाह खुसी भएर मनाङवाट लमजुङ हुँदै मधेश सम्म झर्ने राहदानीको ब्यवस्थो गरिदिए । (थापाः २०४१:३२२) यसरी मनाङ्गे भोटेहरूले उठाएको ५ खण्ड भएको जगमा निर्माण गरेको लमजुङ दरबार र र लमजुङ कालिकाको मन्दिर संगै जोडिएको छ । दरवारको भूई तल्ला समेत ३ तल्ला र मन्दिरको ४ तल्ला रहेको छ । दरबार र मन्दिर दुवैको भूइ तला ढुङ्गाले वनेको छ भने वाँकी तलाहरू इट्टाले वनेको छ । पहिले दरबार र मन्दिरको छानो झिंगटीले छाएको भएतापनि पछि जिर्णोद्दार गर्ने क्रममा ढुङ्गाले छाएको छ । (अन्तर्वार्ता : पूर्णनारायण श्रेष्ठ ) दरबारको भूइ तलामा भएको पूर्वी मूल ढोकावाट दरबारको दोस्रो तला र मन्दिरको दोस्रो तलाको मूल ढोकामा पुग्न सकिन्छ । त्यस्तै मन्दिरको पश्चिम पट्टीको मूल ढोकावाट मन्दिरको भूइ तला, दोस्रो तला , दरबारभित्र र मन्दिरको तेस्रो तला सम्म पुग्न सकिन्छ ।

यशोव्रहम शाहका जेठो छोरा नरहरि शाह युवराज भई राजाको उत्तराधिकारीको रूपमा दरवारमा रहे तर द्रव्य शाह कान्छो छोरो भएकै कारण दरवारमा राजगद्दी पाउने कुरै भएन । भनिन्छ उनी शितलस्वाँराको गाईगोठमा वसेर गोठको किला ठोक्ने, बहरको सिङ समाउने, ब्याएको गाईको बाछो बोकेर दगुर्ने, दूध दुहुने गरेर दिन विताउँथे । यस्तैमा एक दिन एउटा नाङ्गो जोगी काँधमा त्रिशुल बोकेर शितलस्वाँराको गाईको गोठमा अलक जगाउन आईपुगेछन् । द्रब्य शाहले ढुङ्ग्रो भरि दूध दुहेर ताउला भरि खीर पकाई खान  दिएछन् । खीर खान पाए पछि जोगी बाबा प्रशन्न हुँदै भनेछन् “वेटा तिमी गोठालो बन्न सुहाउँदैन ।

गोठमा नबस , गईहाल , तिमी ठूलो प्रतापी शक्तिशाली राजा बन्ने छौ ।" यति भनेर जोगी बाबा अलप भएछ । वास्तवमा योगी उनै गुरू गोरखनाथ थिए भन्ने भनाई छ । (थापाः २०४१: ३११)भनिन्छ त्यसपछि द्रब्य शाह दरबारमा आई दिनहुँ दाजु नरहरि सँग झगडा गर्न थाले । यसरी दाजुसँगको दिनहुँको झगडाले गर्दा मुमा महारानी बसन्तवतीले सबै प्रवन्ध मिलाई द्रब्य शाहलाई रागीनासकोटको गोठमा पठाइदिइन् । कालान्तरमा रागीनासकोटको गोठमा बसेका उनै द्रब्य शाहले चेपे तरेर लिगलिगकोट कब्जा गरी गोरखा राज्य स्थापना गरे । त्यसपछि उनको दशौ पुस्ता पृथ्वीनारायण शाहले त्रिशुली तरेर नुवाकोट कब्जा गरी नेपाल एकीकरणको विस्तार गरेका हुन् । यसरी नेपाल एकीकरणको शिलान्यास विन्दुको रूपमा रहेको लमजुङ दरवारले नेपालको जीवन्त इतिहाँस वोकेर बसेको छ ।

लमजुङ दरबार र लमजुङ कालिका मन्दिर परिसरको पूर्वी मोहोडामा समिको बोट मुनि सानो गुफा रहेको छ । त्यहाँ उनै गुरू गोरखनाथ बाबा विराजमान रहनु भएको छ । यहाँ प्रत्येक वडा दशैको नवमीका दिन र चैते दशैमा अष्टमीका दिन गोरखनाथ पन्थीले बाबाले आगोमा रोट काट्छन् । उक्त रोट पहिला प्रसादको रूपमा नारायणहिटी दरबारमा पुग्थ्यो भने अहिले राष्ट्रपति भवन शितल निवासमा पुग्छ ।

लमजुङ दरवारको समकालीन कोट किल्ला दरबारहरू सबै भग्नावशेषको रूपमा परिणत भईसकेका छन् । यस्तो महत्त्व रहेको ऐतिहासिक धरोहरसंग सम्वद्ध थुप्रै कोट, किल्ला, गढी जस्ता ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरू काउलेपानी क्षेत्रमा रहेका छन् । जसले गर्दा इतिहासको खोज ,अध्ययन, अनुसन्धान र अवलोकन गर्ने पर्यटकहरू का लागि यसले ठूलो महत्त्व राखेको छ ।

लमजुङ दरबारको उत्तर पश्चिम पट्टी छंगाछुर भीर रहेको छ । प्रायः तत्कालिन राजाहरूले दरबार, कोट, किल्लाहरू सुरक्षाको लागि पनि भीरको टाकुरामा वनाउने गरेको पाईन्छ । लमजुङ दरबारको पछाडी रहेको यस भीरलाई डमरू भीर भनिन्छ । त्यस भीरको विच भागमा एउटा गुफा रहेको छ । त्यसलाई "मृग ब्याउने ओडार " भनिन्छ । यशोव्रहम शाहका जेठा छोरा नरहरि शाहका ११औ पुस्ता वीर मर्दन शाहको पालामा द्रब्य शाहका १२ औ पुस्ता रणवहादुर शाहको नायवी राजेन्द्रलक्ष्मीले वि.स. १८३९ मा लमजुङलाई विशाल नेपालमा गोर्खाले गाभियो । लमजुङका राजा वीर मर्दन शाहले लमजुङ दरबार छाडेर भाग्नु पऱ्यो । त्यसपछि गोर्खालीहरू ले लमजुङ कालिकाको मूर्तिलाई डोलीमा राखेर वोहोराहरू लाई बोकाइ गोर्खा लैजान लाग्दा मर्स्याङ्दी पारी तार्कुघाटमा वास परेछ । भोली विहान

उठेर कालिकालाई बोकेर लैजान खोज्दा कालिकाको डाली रित्तै देखियो । के आश्चर्य भयो कसैले चोरी लग्योकी भन्दै खोजी गर्दै वोहोराहरू गाउँशहर तिर फर्किएछन् । गाउँशहर दरबारमा सुतेका उनै पुजारी वोहोरालाई राती सपना भएछ । "म मृग ब्याउने ओडारमा बसेकी छु ।" ती वोहोरा पुजारी सपनाबाट बिउझेर उठेपछि मृग ब्याउने ओडार तिर झरेछ । नभन्दै कालिका त्यसै ओडारमा भेटिइन । त्यसपछि लमजुङ दरबारमा नै फेरि ठूलो धुमधामका साथ बली पूजा गरी कालिकाको स्थापना गरिएको पाइन्छ । ( थापाः २०४१: ३०३ )

लमजुङ कालिकामा नित्य पुजाको अलवा बडा दशैमा राँगो ६ ओटा , बोका २५ ओटा, भेडा १० ओटा, सुँगुरको पाठो १ ओटा, त्यस्तै चैते दशैमा राँगो २ ओटा , वोका १९ ओटा , भेडा १ ओटा र सुँगुरको पाठो १ ओटा बली चढाउँछन् । यो पुरातत्व विभागवाट जिल्ला मालपोत कार्यालय मार्फत दरवारमा पठाउने व्यवस्था छ । पूजाको तालिका गोर्खा कालिका र लमजुङ कालिकाको एउटै समयमा हुन्छ । लमजुङ कालिकामा प्रत्येक वडा दशै तथा चैते दशैमा घटस्थापनाका दिन देखि २२ सुसारेको रूपमा मूल पुजारी व्राहमण देखि गोरखनाथ पन्थी महन्त आदि जात जाति रहने ब्यवस्था छ । (अन्तर्वार्ताः नेत्रवहादुर बोहरा )

यस्तै लमजुङ दरबार र कालिका परिसरमा शिवालय , पाञ्चायन देवता , गणेश स्थान र भीमसेन स्थान रहेका छन् ।

लमजुङ कालिकाको भाकल गरेमा, दर्शन गरेमा आफ्नो सम्पूर्ण मनोकामना पूरा हुने जनविश्वास रहेको छ । तर्सथ यहाँ दैनिक रूपमा कालिकाको दर्शन गर्न भक्तजनहरूआउने गर्दछन् ।

लमजुङ कालिकाको प्रत्येक वर्ष बडा दशैको अष्टमीमा कालरात्री र चैते दशैको अष्टमीका दिन ठूलो मेला लाग्ने गर्दछ । यसरी काउलेपानी क्षेत्र भित्र रहेको लमजुङ दरबार र लमजुङ कालिकाको इतिहास खोज अनुसन्धन गर्ने पर्यटक र तीर्थ व्रत गर्ने हजारौ भक्तजनहरूका लागि आस्थाको केन्द्र भएको हुँदा यस क्षेत्रमा धार्मिक पर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ ।

### ४.३.६.४. **राक्से स्थान (राक्से देवी)**

पर्यटकीय गाउँ गाउँशहर काउलेपानी क्षेत्रमा अवस्थित अर्को ऐतिहासिक तथा धार्मिक स्थल राक्से देवी हो । लमजुङ दरबार देखि १ कि.मी. दक्षिणमा लमजुङे राजाको सिपाहीले कवाज

खेल्ने टुडिखेल रहेको छ । जसलाई अहिले तल्लो माडी पनि भनिन्छ । भनाई छ - दरबारवाट सिपाहीलाई कवाज खेलाउन टुँडिखेलमा लैजाँदा सधै १ जना सिपाही गन्तीमा हराउने भयो । त्यो को हरायो भनेर पनि थाहा नहुने भयो । यस्तो आश्चर्य लाग्दो घटना भए पछि दरवारमा जैसिले हेराउँदा "टुँडिखेल छेवैमा वाटो मुनि एउटा देवी रहेको छ,- आफ्नो शिर माथिबाट सिपाहीँ हिडाएको हुँदा देवी रिसाएर सिपाही लुकाई दिएको हो, पूजा गरे सबै समस्याको समाधान हुने" जानाकारी भयो । त्यस पछि दरबारले कालु शाह ल्याउँदा कास्कीको फेवाताल पारीबाट आएको गुरूङ जातिको प्हच्यू थर भएका फेवाली प्हच्यू गुरूङलाई पुजारी बनाई पूजा गर्न लगाए । त्यस पछि यस्तो घटना कहिल्यै घटेना । (अन्तर्वार्ता : विलचन गुरूङ,) आजभोलि पनि उनै पुजारी प्हच्यू गुरूङ का सन्तान पुजारी छन् । प्रत्येक वर्ष चण्डी पूर्णिमाका भोलिपल्ट गाउँशहर काउलेपानी बासीले राक्से देवीको पूजा गर्छन् ।

### ४.३.६.५. काउलेपानी देवी

पर्यटकीय गाउँ काउलेपानीमा काउलेपानी देवीको मन्दिर छ । उनै देवी काउलेपानीको नाउँबाट यो गाउँको नाम काउलेपानी रहन गएको हो । गाउँशहर काउलेपानी क्षेत्र परापूर्वकालमा एउटा पवित्र तपोभूमि रहेको बुझिन्छ । यसलाई पुष्टि गर्ने कुनै लिखित प्रमाण र ग्रन्थहरूत पाइदैन तैपनि यस वरपर भएको सिद्दिबाबा चौतारी, सिद्दिपाइला, सिद्दि आहाल, जोगी डाँडा, कुटी, मणी, वैकुण्ठ डाँडा आदिले यसलाई पुष्टि गर्दछन् । काउलेपानी देवीको उत्पत्तिको बारेमा किंवदन्ती अनुसार यसै क्षेत्रमा तपस्या गरी बस्ने सिद्दिबाबाको सपनामा काउलेपानीको हालको पोखरी भएको जलकुण्डमा देवी रहेको परिचय दिएछ । विहान उठी सिद्दि बाबा स्नान गरी उक्त जलकुण्डमा गई माटो खोस्रेर हेर्दा देवी माताको शिलामूर्ति प्रकट भएछ । त्यसपछि सिद्दि बाबाले विधि विधान अनुसार देवी मातालाई उक्त जलकुण्डमा नै जलदेवी नाम दिई पूजापाठ गर्न थाले । केही कालपछि अर्को बाबाजीले पानीमा गई पूजा गर्न हिउँदको जाडो याममा चिसो भयो भनि पोखरीबाट हालको मन्दिर भएको स्थानमा सानो कुण्ड निर्माण गरी देवी मातालाई स्थानान्तरण गरी दिए । त्यसपछि त्यहिबाट पानी निस्कन थालेछ तर देवी माताको इच्छा विपरित योगी बाबाजीले स्थानान्तरण गरिदिएको हुनाले उक्त योगी बाबा निःसन्तान भएछन् । त्यसरी नै अर्को योगी बाबाजीले देवीको मन्दिर निर्माण गरी छानो लगाई दिएछन् तर देवीमाता रिसाएर तत्कालै मेघ गर्जन भई आँधी हुरी आएर मन्दिरको छानो उडाएर फालिदिएछ । त्यसैले आजसम्म पनि काउलेपानीको देवीको मन्दिरमा छानो लगाएको छैन् । (अन्तर्वार्ता : विलचन गुरूङ)

उक्त जलकुण्डको पानीमा लामो लामो काउले (लेऊ) लाग्छ । यसरी काउले लाग्ने पानीमा उत्पत्ति भएको हुँदा पछि गएर देवीलाई काउलेपानी देवीको नामले पुकार्न थाले । योगी बाबाजी पश्चात कालु शाहको पालामा कास्की फेवाताल पारीबाट आएका फेवाली प्हच्यू गुरूङ र भोटखोलाबाट आएको उर्गेनी फ्हैंगी लामा गुरूङले पूजा गर्न थाले । यशोब्रह्म शाहको दरबारमा पानी आपूर्ति गर्न उनै देवी माता उत्पत्ति भएको जलकुण्डबाट सुरूङ्गे कुलो बनाई पानी लगेर शिवालयको स्थान र गणेश स्थानको बिचमा धारा बनाएका थिए । अझै पनि उक्त सुरूङ्गे कुलोको कतै कतै भग्नावशेष भेटिन्छ । मन्दिर वरपर फोहोरमैला गर्न नहुने, काँचो रूख काट्न नहुने, पुजारी बाहेक अन्य व्यक्ति मन्दिर भित्र पस्न नहुने परम्परा कायमै रहेको छ । लाहुरेहरू लडाईमा पर्दा, अन्य विभिन्न सङ्कटहरू आईपर्दा, सन्तान नभएमा, विभिन्न रोगब्याधी लागेमा, पशुवस्तुहरूबाट, ब्यापार व्यवसायबाट लाभ नभएमा, उद्देश्यमा असफल भएमा काउलेपानी माताको सम्झना गर्ने, सङ्कल्प गरी दर्शन गरेमा सम्पूर्ण मनोच्छा पुरा हुने सुख, शान्ति, सौभाग्य र श्रीवृद्धि हुने विश्वास भक्तजनहरू बाट नै सुन्न सकिन्छ । (अन्तर्वार्ता :झलक गुरूङ) यहाँ श्रावण महिना, सोह्रश्राद्ध, यमपञ्चक, औंशी, एकादशी र बुद्ध पूर्णिमाको दिन बाहेक नियमित पूजाआजा हुने गर्दछ भने चैत्राष्टमीमा ठूलो मेला नै लाग्दछ । काउलेपानीको जल देवीमाताको आसन मुनि दक्षिण दिशाबाट उत्पत्ति भई उत्तर तिर बगेको छ । यस्तो जललाई पुराणहरूमा उत्तर गङ्गासागर भनिन्छ । यस्तो जलले स्नान गरेमा सम्पूर्ण पाप नास भई पूण्य प्राप्ति हुने धार्मिक विश्वास रहेको छ । अन्तर्वार्ता :जगत गुरूङ) कार्तिक स्नान, हरिबोधनी एकादशी स्नान, माघ स्नान गर्न भक्तजनहरू आउने गर्दछन् । काउलेपानी देवीको दर्शन गर्न नेपालका बिभिन्न जिल्लाका साथै भारतको विहार, सिक्किम र दार्जिलिङ्गबाट समेत भक्तजनहरूआउने गर्दछन् । यसरी काउलेपानी देवीको ऐतिहासिक तथा धार्मिक प्रसिद्दि र यहाँको सुन्दरशान्त वातावरणले जो कसैको मनलाई शान्ति दिन सक्ने हुँदा यहाँको प्रसिद्दि दिन प्रतिदिन फैलिदै गएको हुँदा यसले काउलेपानीको पर्यटन विकासमा ठूलो महत्त्व राखेको छ ।

### ४.३.६.६. ऐतिहासिक कुसुण्डे ओडार

गाउँशहर काउलेपानी ऐतिहासिक तथा धार्मिक सम्पदाहरूले सुशोभित क्षेत्र हो । यसको आफ्नै मौलिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्त्व रहेको छ ।

घले राजाले छलिकोटको सिसि ढुङ्गाको जङगलमा कालु शाहलाई हत्या गरिदिए पश्चात आतङ्कित भएर दरवारबाट भागेकी रानी वसन्तवतीलाई लमजुङे पञ्च भलादमीले राम्चे र

मिदिमको दोभानमा रानी ओडारमा लुकिरहेकी अवस्थामा भेटे पछि यशोब्रह्म शाहकै पटरानी भएर बसिदिन विन्ती गरे । रानी वसन्तवतीले आफू दोजिया भएको हुँदा आफ्नो गर्भबाट जन्मेको सन्तानलाई "तिमीहरूले के दिएर चित्त बुझाउँछौं ?" भनि सोद्दा- "साहेबज्यू जन्मे मर्स्याङ्दी पारी दोर्दीवारीको राज्य दिउँला र कन्याकुमारी जन्मे गोडूधुवा ( दाइजो) दिई विवाह गराई दिउँला भनि वाचा गरे "। (दोभान, २०६० :१३)

वसन्तवतीको गर्भबाट साहेबज्यू जन्मे उनको नाम प्रताप शाही रह्यो । प्रताप शाहीको छोटकरी नाम प्रश्रामु भन्न थालियो । प्रश्रामुलाई पहिलेको बाचा अनुसार मर्स्याङ्दी पारी दोर्दी सम्मको राज्य छुट्याई दिए । प्रश्रामुको नवलपुरको सेन राजाका छोरी यमवती ( यम्फावती) सँग विवाह भयो । प्रश्रामु राजा लडाईमा जानु पर्‍यो तर साइत जुरेन । साईत नजुरेकै कारण उनले लडाइँमा वीरगति प्राप्त गर्‍यो । प्रश्रामु राजा र रानी यम्फावतीको छोरा बालकृष्ण जन्मि सकेका थिए । रानी यम्फावती सतीघाटमा सती जान चितामा चड्न लाग्दा बालक बालकृष्ण रोएर आमाकी फरिया समाए । यम्फावतीले रूँदै, "दोर्दी सम्मको राज्यपनि तिम्रै हो, नौतले दरबार पनि तिम्रै हो । मेरो सती धर्म अनुसार मैले सती जानु पर्छ" भनि छोरा बालकृष्णलाई आशिर्वाद दिएर छोराको हात फरियाबाट फुत्काई चितामा चढेर सती गएको कथा सती घाँटुमा पाइन्छ । (अन्तर्वार्ता :श्रीजङ्ग दुरा)

आमा बाबु दुबै नभएको अनाथ बालक बालकृष्णलाई दरबारले देश निकाला गरिदिए । त्यसपछि उनी जङ्गल जङ्गल शिकार खेल्दै निर्वाह गर्दै जङ्गली जीवन विताउदै हिड्दा कुसुण्डा भए । यो कथा कुसुण्डा घाँटुको कुसुण्डा डाँडीमा आउँछ । यसरी बालकृष्ण कुसुण्डा भएर फिरन्ते जीवन विताउने क्रममा आफ्नो पुर्ख्यौली थलो लमजुङ दरबार आउन मन लाग्यो तर उनी कसैले पनि थाहा नपाउने गरी कुसुण्डाको भेषमा आएर काउलेपानी क्षेत्रभित्र रहेको एउटा ओडारमा आएर केहि समय बसे । यसरी कुसुण्डा राजा आएर बसेको हुनाले त्यस ओडारको नाम कुसुण्डे ओडार रहन गएको किंवदन्ती पाइन्छ । (अन्तर्वार्ता : मीन बहादुर गुरूङ) यसरी इतिहास, सँस्कृति र किंवदन्ती बोकेको कुसुण्डे ओडारले काउलेपानीको गरिमा बढाएको छ ।

### ४.३.६.७. सिद्धि पाइला

काउलेपानीको सानो पोखरी वैकुण्ठ डाँडा भन्दा दक्षिण जङगलको बिचमा रहेको एउटा ढुङ्गामा केही बाघको र मानवको जस्तो पाइला अङ्कित रहेको छ । जसलाई सिद्धि पाइला भनिन्छ । यस बारेमा कुनै त्यस्तो भरपर्दो प्रमाण नभएतापनि त्यस क्षेत्रमा तपस्वी सिद्ध

बाबाहरू बस्ने क्षेत्र हुँदा तीनै सिद्ध बाबाको पाइला हुन सक्ने अनुमान गर्न सकिन्छ । सिद्धि बाबाले सिद्धि चौतारीमा बसेर तपस्या गरेर सिद्धि प्राप्त भएपछि आफ्नो आश्रम मणीमा जान सिद्धि चौतराबाट उठेर एक पाइला सिद्धि पाइला भएको ढुङ्गामा र अर्को पाइला आफ्नो आश्रममा टेक्न आईपुगेको भन्ने किंवदन्ती रहेको छ । यस्तो अद्‌भुत धार्मिक सम्पदा काउलेपानी क्षेत्रमा रहेको छ । (अर्न्तवार्ता: बावुलाल श्रेष्ठ)

## ४.३.६.८. सिद्धि चौतारी

काउलेपानी देखि माथि राजा यशोब्रह्म शाहको ग्रीष्मकालिन दरबार पुरानकोट जाने राजपथको छेबैमा एउटा चौतरो रहेको छ त्यसलाई सिद्धि चौतारा भनिन्छ । चित्त एकाग्र हुन सक्ने शान्त वातावरणमा रहेको जङ्गल बिचको उक्त चौतारामा सिद्ध बाबाजीले तपस्या गरी सिद्धि प्राप्त गरेको हुँदा उक्त चौताराको नाम नै सिद्धि चौतारा भनिएको भन्ने एउटा किंवदन्ती रहेको छ, भने अर्को भनाई सिद्धिबाबा आफ्नो कुटी छेवैको उक्त चौतारामा विश्राम गरी रहेको अवस्थामा लेकको गोठबाट गोठालोले ठेकी भरि महि बोकेर आएको देखेर बाबाजीले सानो चुण्ठो थापेर महि मागे । गोठालाले अलि ठूलो भाँडो थाप्न आग्रह गर्दा “मलाई यो भरीको महि भए पुग्छ । यसैमा राख बालक” भने पछि गोठालाले ठेकीको महि सबै खन्याउदा पनि भाडो नभरिएको आश्चार्य लाग्दो घटना भएको किंवदन्ती रहेको छ । यसरी ठेकीको सबै महि सकिएको हुनाले उक्त चौतारोलाई सिद्धि चौतारो भनिएको हो भन्ने भनाई रहेको छ । (अन्तर्वार्ता : धनराज गुरूङ)

यसरी काउलेपानी क्षेत्र भित्र विभिन्न कथा, कहानी, किंवदन्ती र इतिहास बोकेको यस्ता थुप्रै सम्पदाहरूरहेका छन् । जसले पर्यटकहरूको मन लोभ्याउने भएकाले यहाँको पर्यटन विकासमा यसले ठूलो महत्त्व राखेको छ ।

## ४.३.६.९. कोटी होमन कुण्ड

धर्म भनेको कुनै पनि समाजको आस्था र विश्वास हो । हिन्दू धर्ममा यज्ञ, दान, तीर्थ, व्रत, जपतपले ठूलो महत्त्व राख्दछ । यज्ञादि कार्य गरेमा मानिसको आत्मा शान्ति हुनाको साथै सम्पूर्ण पाप नाश भई पूण्य प्राप्त हुन्छ भन्ने भनाई विभिन्न धर्मग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । काउलेपानी क्षेत्रको समिपमा रहेको चौंविसे कालिन लमजुङे राजाले कोटिहोम गर्ने यज्ञ शालाको अग्नि कुण्ड बेसीशहर नगरपालिका वडा नं. १७ (साविकको पुरानकोट गा.वि.स.) मा पर्दछ । यो करिव समुद्रि सतहदेखि १८०० मीटर उचाईमा  नल्मी र

पुरानकोट डाँडाको भञ्ज्याङमा अवस्थित छ । जमिनबाट १.५ फिट उचाई र १२×१२ फिट लम्बाई र चौडाई भएको वर्गाकार चौतारो जस्तो यज्ञ कुण्डमा लम्बाई ६ फिट, चौडाई ५ फिट र गहिराई ५ फिट भएको अग्नि कुण्ड रहेको छ । (स्रोतः स्थलगत अध्ययन) लमजुङे राजाले लडाईमा मान्छे मारेको अवस्थामा पाप मोचन गर्न, राज्यको सङ्कट मोचन गर्न, राज्य र जनताको सुख-शान्तिको कामना गर्न यस कोटीहोम कुण्डमा कोटीहोम गर्थे । ( अन्तर्वार्ता : वावुलाल श्रेष्ठ ) यस यज्ञ शालाको अवस्थिति विचत्रको छ । दुई वटा चुचुरोको विच भञ्ज्याङमा रहेता पनि लमजुङका सबै कोटहरूबाट यहाँ यज्ञ गरेको देख्न सकिन्छ । उत्तर पश्चिम र दक्षिण पूर्व पूर्णरूपले खुलेको घनाजङ्गल विच उच्च भागमा रहेको यस भञ्याङले धार्मिक, ऐतिहासिक र प्राकृतिक सुन्दरता बोकेर बसेको छ । काउलेपानीबाट ३० मीनेटको सुन्दर घना जङ्गलको यात्राबाट पुग्न सकिने यस पवित्र भूमिले काउलेपानीको पर्यटन विकासलाई थप उचाईमा पुऱ्याउन टेवा पुगेको छ ।

### ४.३.६.१०. कुकुर बाँध्ने ढुङ्गा

आधुनिक जीवनशैलीमा कुकुर पाल्नु शान र सौंखको रूपमा लिने गरिन्छ । पहिला पहिला कुकुरलाई घरको सुरक्षा र शिकार खेल्नको लागि पाल्ने गरिन्थ्यो । लमजुङे राजाहरूले पनि कुकुर शत्रुहरूलाई खेद्न, राती शत्रुहरू आएको थाहा दिन, शिकार खेल्न आदि प्रयोजनको लागि पाल्ने गर्दथे । त्यस्ता कुकुरहरू गौंडा गौंडा र भञ्ज्याङमा राख्ने गर्थे । कोटीहोम कुण्डको नजिकैं यस्ता राजाका कुकुरहरू बाध्ने ढुङ्गाका खम्बाहरू रहेका छन् । संरक्षणको अभावले ती खम्बाहरू केहि भाँचिएका छन भने केहि उखेलेर फालि सकेका छन् र अझै पनि भाँचेर बाँकी रहेको करिब१ फिट अग्लो ४×४ इन्चको कुकुर बाध्ने ढुङ्गा देख्न सकिन्छ । (स्थलगत अध्ययन)

### ४.३.६.११. देवीस्थान (पधेरा खोला देवी) मन्दिर

समुद्री सतहदेखि करिव १९५० मीटरको उचाईमा अवस्थित लेकाली हावापानीको आभाष हुने चिसो पानीको मूल सहित घना जङ्गलको विचमा पँधेरा खोला देवीको मन्दिर रहेको छ । सानो कुवा र ढुङ्गे धारा सहित देवी माताको मन्दिर रहेको यस जङ्गलमा सतुवा लगायतका विभिन्न प्रकारका जडिवुटीहरू समेत पाइन्छन् । पुरानकोट गढी र त्यसको तल्लो भेगमा डाँडा ढाक्ने गरेर बसेको वस्तीलाई आवश्यक पानीको आपूर्ति यहाँबाट नै हुन्थ्यो । चैत्र वैशाखको सुख्खा याममा जलथल पानी हुने यस ठाउँमा उत्पत्ति

भएको देवी हुनाले यसको नाम नै पधेराखोला देवी रहन गएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

### ४.३.६.१२. पुरानकोट दरबार क्षेत्र र गुँरास जङ्गल

पुरानोकोट दरबार क्षेत्र समुद्रि सतहदेखि करिब १९७५ मीटरको उचाईमा अवस्थित अत्यन्तै रमणीय, ऐतिहासिक र धार्मिक क्षेत्र हो । लमजुङमा शाह राजा स्थापना गर्नुपूर्व नै घले राजा साम्री घलेले यहाँ किल्ला बनाएका थिए । कवि भीम निधी तिवारी लमजुङ बेसीशहर घुम्न आएको वेलामा लक्ष्मीनारायणको दर्शन गर्न जाँदा मन्दिरको भग्नावशेषको थुप्रोबाट एउटा इट्टा हात पाऱ्यो । त्यस इट्टामा नेपाली अक्षरमा "साम्री घले" लेखेको थियो । कविले उक्त इट्टा काठमाडौं पुऱ्यायो । त्यो इट्टा करिब ९०० वर्ष पुरानो भएको पाइयो । त्यो इट्टाको ऐतिहासीकता को बारेमा रेडियो नेपालबाट समेत प्रसारण भएको थियो । यसबाट पुरानकोट साम्री घलेको नै भएको पुष्टि हुन्छ । (थापा,२०४१:५०) अझैपनि पुरानकोट दरबारक्षेत्र वरपर फुटेको इट्टाका टुक्राहरू पाइन्छ । लमजुङको अन्य किल्ला भन्दा पुरानो भएकै कारणले होला यस कोटको नाम पुरानोकोट रहन गएको । पुरानोकोट चुलीमा २ वटा भग्नावशेष किल्ला रूपी दरबार रहेको छ । वर्गाकार उक्त किल्लाको लम्बाई र चौडाई ३६×३६ फिट रहेको छ भने प्रत्येक पाटाको मध्य भागमा चारैतिर १२ फिट लम्बाई र ७ फिट चौडाईको सुरक्षा पोष्टहरू रहेको छ । सुरक्षा पोष्टको दाँया बाँया पाटामा २×२.५ फिटको खोपा भित्रबाट शत्रुको निगरानी गर्ने र धनुषकाण हान्न मिल्ने सानो सानो प्वाल रहेको छ । पहिलो किल्ला देखि दोश्रो किल्ला करिब १५० मीटर पश्चिममा रहेको छ । यस किल्लाको पनि वनावट पहिलो जस्तै रहेको छ । आकारमा अलि सानो रहेको छ । यसको लम्बाई र चौडाई ३०×३० फिट र सुरक्षा पोष्टको लम्बाई र चौडाई १०×१० फिट रहेको छ । यस किल्लाको पूर्व पट्टिको सुरक्षा पोष्टको वाँया पट्टिको मूल पर्खालमा ३ फिट चौडाई रहेको ढोका रहेको छ । साथै दुवै किल्लामा ढुङ्गा र माटोको ४० इन्च मोटाई भएको पर्खाल बनेको रहेको छ भने मूल प्रवेशद्धार अगाडी शत्रुलाई फसाउने धराप थाप्न ठूला ठूला खाडल खनिएका छन् । यही खाडलको आधारमा पहिलो किल्लाको मूल प्रवेशद्धार पश्चिम तर्फ भएको अनुमान गर्न सकिन्छ । (स्थलगत अध्ययन) राजा यशोब्रह्म शाह ३ महिना हिउँदमा बेसीशहर झरेर बस्थे भने ३ महिना गर्मीमा पुरानोकोटमा बस्थे बाँकी ६ महिना गाउँशहरमा बस्थे । यसरी राजा ३ महिना पुरानोकोटमा रहेको बेला पूर्वपट्टिको दरवारमा राजा र पश्चिम पट्टिको दरवारमा रानी वस्ने गरेको कुरा सुन्नमा सकिन्छ । त्यसैले पूर्व पट्टिको राजाको दरबार र पश्चिम

पट्टिकोलाई रानीको दरबार भनिन्छ । (अन्तर्वार्ताः लालवीर गुरूङ) दरबारक्षेत्रमा आँखाले देख्न सक्ने सम्म विशाल गुँरासको जङगल रहेको छ । गुँरास फूलेको समयमा रूखैभरि गुँरास, भुईभरि कार्पेट विछ्याएको जस्तो झरेको गुँरासको फूल, धवलागिरि, अन्नपूर्ण र मनासलु रेन्ज अनि गणेश हिमालको दृश्यावलोकन गर्न सकिने, सूर्योदय र सूर्यास्तको लोभै लाग्दो दृश्य देखिने पुरानकोट चुलीको दरबार क्षेत्रबाट लमजुङ, मनाङ, तनहुँ, कास्की, गोरखा, धादिङ, चितवन मकवानपुर, पाल्पा, स्याङजा, वाग्लुङ, पर्वत, म्याग्दी, मुस्ताङ र काठमाडौं थानकोट सम्मको नेपालको १५ वटा जिल्लाको भू-दृश्यावलोकन गर्न सकिन्छ (स्थलगत अध्ययन ) ।

दरबारक्षेत्रको उत्तरपूर्वी भेगमा घुमाउने घरहरूको घना वस्तीको भग्नावशेषहरू रहेको छ । वि.सं. १६४८ तिर नरहरि शाह राजा भए । (थापा, २०४१:३०२) दाजु राजा भएपछि सृजना भएको लमजुङ र गोरखा विचको झगडालाई घरायसी मामलो सम्झेर द्रव्य शाह दशैंमा दाजुको हातको टिका थाप्न पुरानकोट दरवारमा पुगे । नरहरि शाहले भाइ द्रव्य शाहलाई “शत्रुलाई म कहिल्यै टिका दिन्न” भने पछि द्रव्यशाह रिसाएर गार्खा फर्किए । अर्को दिन राती दलबल सहित आएर पुरानकोट माथि आक्रमण गरी सबै घरहरूमा आगो लगाई ध्वस्त पारिदिए । लोग्ने मानिसहरू सबैलाई काटे भने आईमाईहरूलाई यौन दासी बनाउन सिपाहीहरूले अपहरण गरेर लगे । यसरी लैजाने मध्ये एउटी महिला काँखको दुधे बालक सहित अपहरणमा परेछ । वच्चा साहैं रोएको सुनेर गोर्खाली सिपाहीहरूले ती महिलालाई छाडिदिएछ । ती महिला राता रात फर्केर घर आउदा सबै गाउँ खरानी भएको छोरा मान्छे सबै काटिएको तर सौभाग्यवश आफ्नो वृद्ध पति यो बुढो अब यसै मर्छ नकाटे पनि हुन्छ भनि छाडिदिएको हुनाले जीवीत रहेछ । उनैलाई लिएर कोट देखि दक्षिण पट्टिको वेसीमा झरेर बसेछन् । जहाँ पछि ठूलो गाउँ नै भयो । पुरानकोट गढीबाट झरेर बसेको हुनाले त्यस गाउँको नाम पुरानकोट नै भनियो भन्ने भनाई रहेको पाइन्छ । (अन्तर्वार्ता : विलचन गुरूङ )

दरबार क्षेत्रको पश्चिम पट्टी सती जाने ठाउँ छ भने दरवारदेखि उत्तर पश्चिम पट्टी ५०० मीटर तल सत्य युगमा बोलेको २ वटा ढुङ्गा रहेको छ जसलाई आजपनि ढुङ्गा बोले भनिन्छ ।

गाउँशहर काउलेपानी देखि सुन्दर हरियाली जङगलको बाटो भएर साँढे एक घण्टामा पुग्न सकिने पुरानकोट गढीले काउलेपानीमा आउने पर्यटकहरूको बसाई एक दिन लम्बाई दिएको छ। जसले गर्दा यहाँको पर्यटन विकासमा ठूलो टेवा पुगेको छ।

### ४.३.७ जैविक विविधताको अध्ययनको लागि काउलेपानी

यस काउलेपानी क्षेत्रको शिरमा बिशाल घना जङ्गलले ढाकेको छ। जहाँ विभिन्न किसिमका वोट बिरूवा, वनस्पति र जीवजन्तु तथा पशुपंक्षीहरूको वासस्थान रहोको हुदाँ यस क्षेत्र जैबिक बिविधताले भरपूर रहेको छ। यहाँ कडुस, चिलाउने, उत्तिस, सौर जस्ता बोट बिरूवाका साथै बिभिन्न प्रजातिका सुनखरी र लाँलीगुराँसको घना जंगल ने पाईन्छ भने नेपालको दुलर्भ वोट बिरूवाको रूपमा पर्ने चाँप र लोकता पनि पाईन्छ। त्यस्तै यहाँ पाषणदेव (पखानभेद) सतुवा, तिते, चुत्रो, वोजो, सिन्कौली, गुर्जो, चिराइतो, ढुङे चिराइतो, थकाईलो, कम्मरी, शिकारी लहरा, सिलटिमुर, आँखेटिमुर, सर्पगन्ध, असुरो, तितेपाती र ढुङ्गे च्याउ जस्ता महत्त्वपूर्ण जडिबुटीहरू पाईन्छ। यस्तै यहाँका जंगलमा चितुवा, भालु, स्याल, मालसाप्रो, रतुवा मृग, सेतोपेटे मालसाप्रो, दुम्सी, खरायो, रातेबाँदर, लङगुरे बाँदर, लोखर्के, र नेपालमा दुलर्भ सुचिमा परेको चरीबाघ समेत यहाँ पाईन्छ। भने यहाँ कालिज, लैचे, तित्रा, गीद्ध, चिल, बाज, हुईचिल, बट्टाई, फिस्टा लगायतका विभिन्न प्रजातीका चरा चुरूङ्गी पाईनुका साथै नेपालमा मात्र पाईने काँडे भ्याकुर समेत यस क्षेत्रमा पाईन्छ। यसरी जैविक विविधताको अध्ययन अवलोकन गर्नेहरूका लागि पनि यो महत्त्वपूर्ण गन्तव्य स्थल हुनेछ।

### ४.३.८. साँस्कृतिक विशिष्टता

गाउँशहर काउलेपानी वरपरका वस्तीहरू वहुजातीय किसिमको रहेका छन्। उनीहरूको आफ्नै किसिमको भाषा, भेषभूषा, खानपान रहन सहन चालचलन रीतिरिवाज र परम्परा रहेको विविधता युक्त संस्कृति विविधता बिच नेपाली सँस्कृतिमा विशिष्ट एवं महत्त्वपूर्ण ऐतिहासिक धरोहरको रूपमा देश विदेशमा परिचित गरूङ जातिको सँस्कृति एक हो।

गुरूङ जाति भोट वर्मेली भाषा समुहको तमु भाषा बोल्ने गर्छन्। महिलाहरू छिटगुन्यू चोली, टिकीस, पटुवा, घलेक लगाएर क्रमु (पछ्यौरा) ओड्छन् भने पुरूषहरू भोटो, कछाड, पटुका, भाँग्रा का साथै कुले (टोपी) लगाउछन्। गरगहनामा पुरूषहरूले कानमा गकुल लगाउँछन् भने महिलाहरूले मालमुन्द्री शिरफूल, कण्ठा, जन्तर, ढुँग्री, पोते, वाला, सकिन्हकी आदी गरगहना लगाउने गर्दछ।

बोन तथा बुद्ध धर्मालम्वी गुरूङहरूमा हिन्दू धर्मको पनि प्रभाव देखिन्छ । यिनीहरूको मुख्य चाडपर्वमा ल्होसार र वैशाख पूर्णिमा हो । वैशाख पूर्णिमामा घाँटु नृत्य लगाएर ख्वाई (ठूलो भोज) खाने गर्दछन् । त्यस्तै ल्होसारलाई नयाँ वर्षको रूपमा मान्ने गरिन्छ । त्यस्तै उधौली र उभौलीको रूपमा गाउँको देवी भंगेरीको समाजे पूजा गर्दछन् । त्यसको अलावा दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति जस्ता चाड पर्व पनि धुमधामले मनाउने गर्दछन् ।

गुरूङहरूको मुख्य पण्डित भनेको लामा, घ्याप्री र प्हच्यू हो । जन्म देखि मृत्यु संस्कार सम्म यीनै पण्डितहरू द्धारा कर्म काण्ड गर्दछ । गुरूङहरूको बच्चा जन्मेको ६ दिनमा छैटी , ११ दिनमा न्वारान ६ महिनामा भात ख्वाई (पास्नी) पाँच वर्षमा छेवार गर्ने परम्परा रहेको छ । त्यस्तै पहिलो छोरोको छेवार गरे पछि पुटपुटे गर्ने चलन रहेको छ । जुन समयमा मावली गाउँवाट कृष्ण चरित्र नृत्य लगाएर दाता झार्ने चलन रहेको छ त्यस्तै केटीलाई ७ वर्ष, ९ वर्ष वा ११ वर्षमा गुन्यू चोली दिन्छन् । उमेर पुगे पछि कुटुम्व पर्ने गुरूङ थरसँग विवाह हुन्छ । प्रेम विवाह भएको अवस्थामा पछि टिका थाप्ने र कोसेली खाने गर्दछन् । मानिस मरे पछि लामा वा घ्याप्रीले दाह सँस्कार गर्छन् । कुनै दुर्घटना वा देश परदेशमा मरेको भए प्हचूद्धारा म्होसी गरेर मृतात्मको उद्‌ार गर्छ र ३ दिन लगाएर अर्घौ गरी अन्त्याष्टिक्तिया सम्पन्न गराउँछन् ।

त्यस्तै काउलेपानी क्षेत्रमा रहेका नेवार, क्षत्री, वाहुन, भूजेल, दलित आदि जात जातिको व्राह्मण पुरोहीतद्धारा कर्महरूगराउँछन् । उनीहरू विभिन्न ब्रत, उपवास, रूद्री, चण्डी, एकाहा, सप्ताहहरू गर्ने गर्दछन् ।

*(स्रोतः नेपाल पर्यटन वोर्ड २०११)*

## ४.३.९ काउलेपानीमा पर्यटन विकासको शुरूवात

काउलेपानी लमजुङको सदरमुकाम बेसीशहर देखि नजिक प्राकृतिक रूपले अत्यन्त सुन्दर ऐतिहासिक र धार्मिक रूपले अत्यन्त महत्त्वपूर्ण भएको तथा पर्यटन विकासको ठूलो सम्भावना बोकेको भएता पनि त्यसलाई प्रचारप्रसार र प्रबर्द्धनको अभावको कारण धेरै लामो समयसम्म ओझेलमा नै रह्यो । मानिसले कतिपय कुराहरू अरूको नक्कल गर्छन् । त्यसरी अरूको नक्कल गर्दा कतिपय राम्रा कुराहरूर कति नराम्रा कुराहरूको नक्कल पनि हुन्छ । आफ्नो जस्तै अन्य गाउँहरूलाई पर्यटन गाउँ बनाएर गाउँको विकास भएको, रेडियो, पत्र,

पत्रिका टेलिभिजनहरूमा अन्य गाउँहरु देखाएको देख्दा काउलेपानी बासीहरूलाई आफ्नो गाउँलाई पनि त्यस्तै बनाउने एक प्रकारको जोशजाँगर आयो । स्थानीय समुदायका बुद्धिजीवी र अगुवाहरूले अन्य विभिन्न जिल्लाका पर्यटकीय गाउँहरू जस्तै सिरूबारी, घलेगाउँ, घाँन्द्रुक, ल्वाङ घलेल, भुजुङ्ग, सिउरूङ, सिक्लेस, आदि गाउँको पर्यटन सम्बन्धी गतिविधिहरूको अध्ययन अवलोकन गरी त्यसैको आधारमा गुरूङ, नेवार र भुजेल, जातिको बसोबास भएको समावेशी समुदाय काउलेपानीका २५ घरधुरीले आफुसँग विद्यमान स्रोत र साधनलाई परिचालन गरेर सामुदायिक होम स्टे सञ्चालन गर्न एक जुट भई कम्मर कसेर उठे ।

नेपाल सरकारले कम्तिमा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य राखि नेपाल पर्यटन वर्ष सन् २०११ घोषणा गर्‍यो । त्यसैगरी पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले Tourism Vision 2020 नामक दस्तावेज प्रकाशन गरी सन् २०१० सम्ममा १० लाख र सन् २०२० सम्ममा २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य राखेको छ । सरकारको उक्त लक्ष्यलाई पूरा गर्न विभिन्न किसिमका पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भईरहेको अवस्थामा रोटरी क्लब अफ लमजुङ, लमजुङ जेसिस, लमजुङ उद्योग वाणिज्य संघ जस्ता संघ संस्थाहरूको सहयोगमा बहुपहिचान विशेषता युक्त काउलेपानीलाई जनवरी १, सन् २०११ (वि.स. २०६७) मा नेपाल पर्यटन वर्ष २०११ को सन्दर्भमा औपचारिक रूपमा पर्यटकीय गाउँको रूपमा प्रवर्द्धन गरी काउलेपानीमा २८ बेड क्षमता राखिएको थियो । त्यो समयमा अतिथिहरू लाई स्वागत, सत्कार, खाजा, मनोरञ्जन, बेलुकीको खाना, विहानको ब्रेक फास्ट र विदाई सहितको रू. ५५०।- को प्याकेज रहेको थियो । काउलेपानीलाई प्रवर्द्धन गर्ने क्रमममा २०६८ देखि लमजुङ उद्योग बाणिज्य संघले एक गाउँ एक उत्पादन ग्रामीण कृषि पर्यटन कार्यक्रमको कार्यक्षेत्र भित्र पारेर यहाँको भौतिक पूर्वाधारको विकास र अर्गानिक बालिनाली उत्पादन, होम स्टे व्यवस्थापन तालिम, परम्परागत खाना पकाउने तालिम, ढाका बुनाई आदि जस्ता तालिमहरू दिएर काउलेपानीको पर्यटन विकासमा टेवा पुर्‍यायो । त्यसपछि वि.स. २०६९ पौष २६ गतेका दिन नेपाल उद्योग बाणिज्य महासंघ नेपालका तत्कालिन उपाध्यक्ष श्री भवानी राणाको प्रमुख आतिथ्यमा लमजुङ उद्योग वाणिज्य संघले काउलेपानीलाई “लमजुङ मोडेल चेम्बर भिलेज” घोषणा गरियो । काउलेपानीको प्रचार प्रसारका लागि विभिन्न व्यक्ति संघ-संस्था र सञ्चार माध्यमले महत्त्वपूर्ण भूमिका खेलेका छन् । जसले एकातिर काउलेपानीको विकासमा टेवा पुगेको छ भने अर्कोतिर दिन प्रतिदिन पर्यटक आगमनको संख्या बृद्धि हुँदै गईरहेको छ ।

नेपालको पर्यटन विकास र त्यसको प्रवर्द्धनका लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेपाल पर्यटन बोर्ड, गाउँ पर्यटन प्रवर्द्धन मञ्च आदि जस्ता सरकारी तथा गैह्र सरकारी निकायहरू कार्यरत रहेका छन् । सन् २०१४ मा गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपालले उक्त संस्थामा आवद्ध हिमाल देखि तराई सम्मका ३०० ओटा होम स्टेको स्थलगत सर्वेक्षण मूल्यांकनको आधारमा ३५ औं विश्व पर्यटन दिवस २०१४ को सन्दर्भमा २७ सेप्टेम्बर २०१४ का दिन गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपालको अयोजनामा नेपाल पर्यटन बोर्डका अध्यक्ष एवं पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालिन सचिव श्री सुरेशमान श्रेष्ठले काठमाण्डौं बसन्तपुर डबलीमा एक समारोह बिच काउलेपानीलाई नेपालको उत्कृष्ट गन्तब्यको रूपमा घोषणा गर्नुका साथै नेपालको उत्कृष्ट होमस्टे व्यवस्थापन अवार्ड प्रदान गरे । मञ्चकै आयोजनामा सन् २०१५ मा उनी लगायत पर्यटन सँग सम्बद्ध विभिन्न व्यक्ति तथा संघसंस्थाले काउलेपानीको प्रवर्द्धनात्मक भ्रमण गरेका थिए ।

काउलेपानीको पर्यटन विकास गर्न पर्यटन पूर्वाधार निर्माणका लागि पर्यटन कार्यालय जिल्ला विकास समिति लमजुङ, बेसीशहर नगरपालिका, लमजुङ उद्योग बाणिज्य संघ र स्थानीयबासीहरूको ठूलो सहयोग प्राप्त भईरहेको छ ।

### ४.३.१० काउलेपानीका मुख्य आकर्षण र विशेषताहरू

काउलेपानी विविधतायुक्त विशेषता बोकेको ग्रामीण पर्यटन क्षेत्र हो । यहाँ पर्यटकलाई आकर्षण गर्ने प्राकृतिक, ऐतिहासिक, धार्मिक, सामाजिक तथा साँस्कृतिक विशेषताहरू रहेको छ । ग्रामीण पर्यटन प्रवर्द्धन मञ्च नेपालको सर्वेक्षण मूल्याङ्कन अनुसार एउटा सिमित क्षेत्रमा यति धेरै विशेषता बोकेको नेपालको एउटै मात्र ग्रामीण पर्यटन क्षेत्र काउलेपानी हो । यसका विशेषताहरूको सङ्क्षिप्त झलक यसप्रकार छन् ।

**विविधता युक्त ग्रामीण पर्यटन क्षेत्र काउलेपानीको एक झलक**

- मनोरम अन्नपूर्ण र मनासलु हिमश्रृङ्खला सूर्योदय, हरिया डाँडा काँडा, मर्स्याङ्दी नदीको नागवेली प्रवाह, तरेली परेका पहाड र खेतवारी र घना जंगलको मनोरम दृश्यावलोकन गर्न पाईने

- ऐतिहासिक लमजुङ दरबार र सो सँग सम्बन्धित ऐतिहासिक धरोहरहरूको अवलोकन,

- लमजुङ कालिका र काउलेपानी देवी लगायतको शक्तिपिठहरूको दर्शन गर्न पाईने ,
- समशितोष्ण हावापानी स्वच्छ, सफा, शान्त र मनोरम वातावरण भएको,
- विभिन्न जातजातिको भाषा, धर्म, कला, संस्कृति रीतिरिवाज, परम्परा र जीवन शैलीको अध्ययन र अवलोकन गर्न पाइने,
- विभिन्न प्रकारको जडीबुटी, जीवजन्तु जनावर तथा पशुपन्छी र विशाल गुराँस जङ्गलको अवलोकन
- अतिथिहरूका लागि स्तरीय र उत्कृष्ट होमस्टेको व्यवस्था,
- एक घर र अर्कोघर नजोडिएको हुँदा स्वास्थ्य र वातावरणीय तवरले उपयुक्त सुन्दर बस्ती,
- अतिथिहरूलाई गुरूङ सँस्कृति अनुसार भव्य स्वागत, सम्मान र बिदाई,
- परम्परागत मौलिक सँस्कृतिद्वारा मनोरञ्जन प्रदान,
- लोकल र अर्गानिक खाद्य पदार्थहरू द्वारा  अतिथ्यता सत्कार,
- भ्यूटावर र पिक्नीक स्पोटको व्यवस्था,
- १६ ओटा भ्यूपोइन्ट र लोकल गाईडको व्यवस्था,
- फ्रि वाईफाई इन्टरनेटको सुविधा, सहितको सूचना
- लमजुङे राजाको रजस्थल,
- सिजन अनुसारको फरक फरक १२ मासे प्याकेज,
- लमजुङको सदरमुकाम बेसीशहर देखि ८ कि.मी. सडक वा ५ कि.मी. पैदल दुरीमा अवस्थित ।

### ४.३.११ पर्यटकहरूको लागि स्वागत र मनोरञ्जन

काउलेपानी आउने पर्यटकहरूको स्वागत तथा सत्कारका लागि गाउँशहर काउलेपानी पर्यटन विकास समिति अर्न्तगतका होमस्टे व्यवस्थापन समिति, शीरखोला आमा समूह, सयपत्री मिलन समूहहरू जुटेका छन् ।

पर्यटकहरू गाउँमा आउना साथ पहिलो चरणमा काउलेपानीको मुल प्रवेशद्वारमो सयपत्री मिलन समूहका पञ्च कन्याहरूद्धारा कलश, धुप दीप, दहि अक्षताको टिका, फूलको गुच्छा ग्रहण गराएर भव्य स्वागत गरिन्छ । त्यस पछि दोस्रो चरणमा भित्र अतिथिहरूलाई सामुदायिक भवन भित्र राखेर नेपाली सामाजिक परम्परा अनुसार सर्वप्रथम चकटी दिएर सम्मान गरिन्छ । यसरी चकटी रूपी राडी पाखीको आसनमा वसाईसके पछि पञ्चकन्याको दीप कलश अतिथि सामु स्थापित गराउँछ । त्यस पछि काउलेपानी होमस्टे तथा शिरखोला आमा समूहका आमा दिदीबहिनीहरूले गुरूङ सँस्कृति अनुसार विशेष मन्त्रद्वारा जप गरिएको रिपु (रखे धागो) बाँधि दिएर सम्मान गर्छन् । वास्तवमा रिपु गुरूङ भाषा को शब्द हो । यसमा नौ सरो धागो र नौ वटा गाँठा हुन्छ । जसलाई नौ ग्रहको प्रतिकको रूपमा लिने गरिन्छ । यसलाई पनि विशेष मन्त्रद्वारा जप गरिएको हुन्छ । यो धागो गुरूङ सँस्कृतिमा स्वागत सत्कार, विवाह, न्वारान, छेवार, पुटपुटे, जन्म दिन, साइतमा जाँदा र मृत्यु संस्कार चोखिने अवस्थामा यो रखे धागो बाँध्ने गरिन्छ । त्यति मात्र नभई मानिस सातो गएर विरामी हुँदा यो धागो वाँधेर सातो बोलाई दिदा सातो आएर विरामी निको हुन्छ भन्ने जन विश्वास रहेको छ । यो रखे धागो बाँध्ने वेलामा सुख, शान्ति, सौभाग्य, श्रीवृद्धि दिर्घायू र नवग्रहको शान्तिको कामना गरेर बाँध्ने गरिन्छ । यो धागो अवस्था अनुसार गुरूङहरूको ३ थर, ५ थर, ७ थर र ९ थर मिलेर वाँध्ने गरिन्छ । (अन्तर्वार्ताः चिनिमाया गुरुङ)

यसरी काउलेपानीमा आउनु हुने अतिथिहरूलाई रखे धागो बाँधेर स्वागत तथा सम्मान गरिन्छ ।

रिपु अर्थात रखे धागो वाँधिसकेपछि पाहुनालाई पिंधमा एउटा हरियो पात राखेर त्यसमा केही “पा” अर्थात रक्सी राखेर ३ पटक खुवाएर सम्मान गरिन्छ । यसलाई गुरुङ भाषामा “पा ट्होसी” भनिन्छ । यो गुरूङ सँस्कृतिको विशेष सम्मान अन्तर्गत पर्दछ ।

काउलेपानी समुद्री सतह देखि १६०० मीटर उचाईमा अवस्थित छ । यहाँको पाखा रेखा खेत वारीमा उत्पादन गरिएको अर्गानीक बालीनालीद्वारा तयार पारिएको भुटेको मकै, भटमास, सेलरोटी, गुन्द्रुकको अचार, कोदाको रक्सी आदि परिकारले आतिथ्य सत्कार गर्दछन् । यही क्रममा काउलेपानीको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक, जैविक विविधता

साँस्कृतिक विशिष्टता र काउलेपानीको पर्यटन गतिविधि बारे सङ्क्षिप्त रूपमा पाहुनाहरू लाई जानकारी दिने गरिन्छ । त्यस पछि तेस्रो चरणमा मनोरञ्जनको कार्यक्रमद्वारा काउलेपानी आउने अतिथिको सत्कार गरिन्छ । यहाँको शिरखोला आमा समूहका आमा दिदी बहिनीहरू र सयपत्री मिलन समूहका युवा युवतीहरूद्वारा कौरा चुट्का नृत्य, घाँटु–झोरा नृत्य, ठाडोभाका जस्ता मौलिक साँस्कृतिक अलावा झ्याउरे तथा दोहोरी भाकामा पाहुनालाई नचाउँछन् ।

यसरी काउलेपानीमा आईपुग्ने पाहुनाहरूले त्यहाँको प्राकृतिक सौन्दर्यता, ऐतिहासिक तथा धार्मिक स्थलको दर्शन, त्यहाँको भव्य रूपमा गरिने अतिथि स्वागत र सत्कारका साथै मनोरञ्जनको कार्यक्रमले भोक, तिर्खा, थकाई सारा कुराहरू बिर्सेर रमाउन सकिन्छ ।

### ४.३.१२. खाना र आवास

यहाँको पर्यटन समितिको होमस्टे सञ्चालन आचार संहिता अनुसार ९ वजे पछि सबै कार्यक्रम बन्द गरेर पाहुनाहरूलाई विभिन्न होमस्टे घरमा घरवालाको जिम्मा लगाएर पठाइन्छ । प्रत्येक होमस्टे घरहरूमा अतिथि सत्कारका लागि लोकल कुखुराको मासु, लोकल रक्सि, मार्सि चामलको भात, कोदाको ढिडो, सिजन अनुसारको तरकारी, चट्नी, सलाद सहितको खानाको परिकारले राडी काम्लोमा बसाएर अतिथि सत्कार गर्ने गरिन्छ । शितल हावापानी, सफा स्वच्छ र शान्त वातावरण भएको आकर्षक कोठा, सेतो तन्ना लगाएको सफा ओछ्यान (वेड) मा १ वेड १ पाहुना सुत्ने व्यवस्था रहेको छ । विहान सवेरै वेड टि ले अतिथिलाई स्वागत गरे पछि जाडो याममा हातमुख धुन र नुहाउन आगोमा तातो पानी तताएर दिने गर्दछ । त्यस पछि काउलेपानी वरपर रहेको प्राकृतिक, ऐतिहासिकतथा धार्मिक सम्पदाहरूको अवलोकन, भ्रमण गराउन लोकल गाईडको व्यवस्था रहेको छ ।

बिहानी खाजा (ब्रेक फाष्ट) को रूपमा कोदोको सेलरोटी, तरकारी, अण्डा र चियाको परिकारद्वारा अतिथिको सत्कार गर्ने गरिन्छ । विहानी खाजा पछि विशेषगरी विदेशी पाहुनाहरूलाई नेपाली पोशाक, गुरूङ तथा नेवारी पोशाक लगाएर फोटो खिचाउने गरिन्छ ।

### ४.३.१३.अतिथिको विदाई :

ग्रामीण पर्यटन भनेको हामीसँग भएको रीतिरिवाज परम्परा र चालचलनलाई प्रवर्द्धन गरेर सञ्चालन गर्ने पर्यटन हो । यसको हरेक पाटामा नेपालीपन, धार्मिक, सामाजिक तथा सांस्कृतिक विशेषता झल्केको हुनु पर्दछ । त्यसैले काउलेपानीको पर्यटनमा अतिथि स्वागत

देखि विदाईसम्म त्यहाँको संस्कृति र मौलिकता झल्केको पाईन्छ । (अन्तर्वाता : धनकुमारी गुरुङ)

बिहानीको खाना नखाई फर्कनुपर्ने पाहुनालाई पुनः सामुदायिक भवनमा नै भेला गरिन्छ । पाहुनालाई विदा दिन नरमाईलो लागेर होला त्यहाँको आमा दिदी वहिनीहरू विदाई कार्यक्रममा त्यति हाँसी खुसी देखिदैन । तैपनि “अब त तपाईहरू काउलेपानीको पाहुना होइन आफन्त हो ।” किन भने पाहुना त आउछ रे, जान्छ रे, फेरि फर्केर आउँछ कि आउँदैन, थाहा हुँदैन रे तर आफन्त त त्यहाँ मेरो घर छ, इष्टमित्र आफन्तजन छ भनेर फेरि फर्केर आउँछन् रे । त्यसैले तपाईहरू त अब हाम्रो आफन्तजन हो । त्यसैले तपाईहरू त अब हाम्रो आफन्तजन हो । फेरि फेरि फर्केर आउनु है ।” भन्दै विदाईको शुभ सगुन दही अक्षेताको टिका, खादा, माला लगाई दिएर ढोकाबाट बाहिर निकाल्छन् । ढोकामा साइतको शुभ सगुन दही ट्होसी (दही खुवाएर) काउलेपानीको सम्झनाको लागि “मायाको चिनो” स्वरूप त्यहाँका आमा दिदी बहिनीहरूले बनाएको हस्तकलाको सामग्री तुने माला लगाईदिएर विदा दिन्छन् ।

बिदाईको क्षणले विह्वल हुँदै भारी मन लिएर निस्केको अतिथिगणलाई जान नदिन त्यहाँको आमा समूह र सयपत्री समूहले हिजो स्वागत गरेको मूल प्रवेशद्वारमा पछ्यौरी विछ्याएर बाटो छेक्छन् । त्यस माथि एक सोली सेल रोटी र हरियो पातले मुख बाँधेको १ पुङ (रक्सी राख्ने काठका भाँडो) रक्सी राखेका हुन्छन् । विदाईको क्षणलाई सकरात्मक रूपले नै लिनुपर्छ । यात्रामा निस्कँदा मन खुसी हुनु पर्छ भन्ने सामाजिक परम्परा र मुल्य र मान्यता अनुरूप मादल बजाउँदै

“आज यतै बसेनी हुन्न र,
जान्छु भन्दा मन मेरो रून्न र ?”
“काउलेपानीको यो दुखी चेली
रोटी रक्सी लैजाउ है कोसेली ।”
“लमजुङ जिल्ला जताततै डुल्नु,
काउलेपानी आउनलाई नभुल्नु”

*(स्रोत : शिरखोला आमा समुह, तिल माया गुरुङ)*

यस्तै गीतहरू गाएर पाहुनाहरूलाई नचाउँछन् । वास्तवमा यसरी बाटो छेक्ने परम्परा अनुसार बाटो छेकेमा मान्छे गएपनि माया बसिरहन्छ रे भन्ने मान्यता र भनाई छ । यस्तै

रोटी रक्सी राख्नुको अर्थ आजभोली जतातत्तै होटल, रेष्टुरेण्ट लज आदि छ तर पहिले यस्तो थिएन । यात्रामा जाँदा पोका पारेर लगेको खाजा भुजा खोलाको ढुंगामा, चौतरा, पाटी पौवामा बसेर खाँदै यात्रा गर्नु पर्थ्यो त्यसैले सोही मान्यतालाई आधार मानेर अतिथिहरूलाई खाजा स्वरूप रोटीको सोली र रक्सीको पुङ राखेर विदाई गरेको हो ।

नेपालकै उत्कृष्ट पर्यटकिय गाउँ काउेलेपानीमा आउनुहुने पर्यटकहरूलाई काउँलेपानी वासीले स्वागत, अतिथ्य सत्कार र विदाई यस प्रकारले गर्दछन् ।

## ४.४. काउलेपानी टुर प्याकेजको दर र मेनुको एक झलक

काउलेपानीमा आउनुहुने पर्यटकहरूको लागि अघिल्लो दिन बेलुका देखि भोली विहानको ब्रेकफाष्ट र विदाई सम्म दिने सेवा सुविधालाई एक प्याकेजको रूपमा लिने गरिन्छ । त्यस पछि बसाई लम्ब्याउने पर्यटकहरूका लागि भने मेनुको दर रेटमा सेवा उपलब्ध गराएर अतिथिहरूलाई आकर्षण गराईएको छ ।

**तालिका नं. १ काउलेपानी टुर प्याकेज दर**

| किसिम | प्याकेज भित्रको सेवा सुविधाहरू | वर्ष (सन्) | प्रतिव्यक्ति प्याकेज दर | प्याकेज दर निर्धारण गर्ने निकाय |
|---|---|---|---|---|
| सामुदायिक प्याकेज | साँझा भव्य स्वागत, सम्मान, खाजा, मनोरञ्जन, सांस्कृतिक कार्यक्रम<br>बेलुकी चिकेन खाना, (भेजलाई दुध, दही वा घ्यू) बेड<br>बिहान बेड टि, ब्रेक फास्ट, लोकल गाइड, मायाको चिनो सहित विदाई, | २०११ | ५५०।- | होमस्टे व्यवस्थान समिति |
| | | २०१२-२०१४ | ७५०।- | लमजुङ उद्योग बाणिज्य संघ |
| | | २०१५- | ९९०।- | पर्यटन बोर्ड, भिटोफ नेपाल |
| पारिवारिक प्याकेज | साँझ सांस्कृतिक कार्यक्रम तथा मनोरञ्जन बाहेक माथिका सबै सुविधा घरमा दिने | २०१५- | ८५०।- | काउलेपानी पर्यटन विकास समिति |

*स्रोतः स्थलगत भ्रमण/काउलेपानी पर्यटन विकास समिति*

काउलेपानीमा भ्रमण गर्न आउने पाहुनाहरूलाई १० जना भन्दा बढी संख्यामा भएमा पर्यटन विकास समितिले सामुदायिक प्याकेज अन्तर्गत राखेर प्याकेजमा उल्लेख गरिएका सबै सेवा तथा सुविधाहरू उपलब्ध गराउँदछ । त्यस्तै १० जना भन्दा कम संख्यामा आउनुहुने पाहुनाहरू लाई पारिवारिक प्याकेज अन्तर्गत राखेर सेवा सुविधा उपलब्ध गराउँछन् । त्यस्तै प्याकेजमा निर्धारण गरेको बसाई भन्दा बढी बस्न चाहने पर्यटकहरू लाई त्यसपछि दिईएका सेवा सुविधाहरू मेनुमा तोकिएको दर रेटमा उपलब्ध गराउने गराउँछन् ।

**तालिका नं. २ लमजुङ उद्योग बाणिज्य संघले निर्धारण गरेको मेनुको दररेट २०७२**

| क्र.सं. | विवरण | परिमाण | दर रू. |
|---|---|---|---|
| १. | सादा खाना | प्रति सेट | १५० |
| २. | ननभेज खाना | प्रति सेट | २५० |
| ३. | खाजा सेट | प्रति सेट | १०० |
| ४. | चिकेन/मटन | प्रति प्लेट | १०० |
| ५. | बफ मिट | प्रति प्लेट | ८० |
| ६. | लोकल रक्सी (सादा) | प्रति गिलास | २५ |
| ७. | लोकल रक्सी (घ्यू फ्राई) | प्रति गिलास | ३५ |
| ८. | दुध | प्रति गिलास | ३५ |
| ९. | दही | प्रति कचौरा | ३५ |
| १०. | बेड | प्रति बेड | १५० |

*स्रोतः स्थलगत भ्रमण/काउलेपानी पर्यटन विकास समिति*

## ४.५. काउलेपानीको बाह्रमासे टुर प्याकेज अन्तर्गतको अतिरिक्त आकर्षणः

नेपाल मनसुनी हावापानीको क्षेत्रमा पर्ने भएकोले हिउँद र ग्रीष्म गरी दुई ऋतुहरू हुन्छन् । ग्रीष्ममा बर्षाद र हिउँदमा हिमपातको अवस्थालाई हेरेर नेपाल पर्यटन बोर्डले नेपालमा भ्रमण गर्ने उपयुक्त समय भनेको सेप्टेम्बर अक्टोबर र नोभेम्बर भनेर विश्व पर्यटन बजारमा प्रचार गरेको छ । तर नेपालमा बाह्रै महिना फरक फरक टुर प्याकेज चलाउन सकिने कुरा काउलेपानीले देखाएको छ । जो यसप्रकार रहेको छ ।

चैत्र-बैशाख : ऐसेलु र काफल खाने प्याकेज ।

| | | |
|---|---|---|
| जेठ | : | घंगेरू खाने र सतुवा खोज्ने प्याकेज । |
| असार | : | धान रोपाईको हिलो खेल्ने प्याकेज । |
| श्रावण | : | कोदो रोपाईको प्याकेज-कोदो रोप्ने, उसिनेको मकै र टिमुरको अचार खाने, पाङदुरे दोहोरी गीत सुन्ने |
| भदौ | : | नेवारी जात्राको प्याकेज - लाखे जात्रा, गाई जात्रा, रोपाई जात्रा, बाघ जात्रा र कृष्ण जात्रा हेर्ने । |
| असोज | : | रोटे पिङको प्याकेज - शरदको जुनेली रातमा रोटे पिङ खेल्ने, क्याम्प फायर गर्ने, दोहोरी गीत गाउने, |
| कार्तिक | : | कटुसको प्याकेज -जंगलमा गएर आफैले कटुस खोजेर खाने, कटुस संकलन गरेर लैजाने । |
| मंसिर | : | दाँईको प्याकेज - दाँईमा गएर धान पराल माथि खेल्ने । |
| पुस | : | पाषणभेद संकलन र कोदो कुटाईको प्याकेज - बहु उपयोगी पाषणभेद संकलन गर्ने कोदो कुटाईको रमाईलो हेर्ने र अभ्यास गर्ने । |
| माघ | : | वन तरूलको प्याकेज - जंगलमा गएर आफ्नै हातले बन तरूल खनेर ल्याउने र साँझ क्याम्प फायर गरी पकाएर वा पोलेर तरूल खाने । |
| फागुण | : | लाली गुराँसको प्याकेज-घरैबाट लाली गुराँस हेर्दै जाने, १९७५ मिटर उचाईको पुरानकोट दरबार क्षेत्रको विशाल गुराँसको जंगलमा रूखमा रातम्मै फुलेको गुराँस र भुई भरी गुराँस झरेर कार्पेट विछ्याईएको जस्तो देखिने मनोरम दृश्यालोकन गर्ने, फोटो खिच्ने । |

*(स्रोत : काउलेपानी पर्यटन विकास समिति)*

## ४.६. काउलेपानी होमस्टेको पाहुना राख्ने क्षमता

काउलेपानी होमस्टे क्षेत्रमा भएका २५ घरधुरीको समुदायमा ९ वटा घरलाई पूर्णरूपमा सञ्चालन र ५ वटा घरलाई सञ्चालनका लागि अभ्यासरत गरी १४ वटा घरमा होमस्टे सञ्चालन गरिएको छ ।

**तालिका नं. ३ पाहुना राख्न सक्ने घरहरूको क्षमता**

| घर नं. | होमस्टे संचालकको नाम थर | कोठा संख्या | बेड संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मनकाजी श्रेष्ठ | २ | ७ | पूर्ण सञ्चालन |
| २ | तिल माया गुरूङ | ३ | ७ | पूर्ण सञ्चालन |
| ३ | नमूना गुरूङ | ३ | ६ | पूर्ण सञ्चालन |
| ४ | मिना कुमारी गुरूङ | ५ | १० | पूर्ण सञ्चालन |
| ५ | तिर्थमाया गुरूङ | २ | ६ | पूर्ण सञ्चालन |
| ६ | धनकुमारी गुरूङ | ४ | ९ | पूर्ण सञ्चालन |
| ७ | सुकमाया श्रेष्ठ | २ | ५ | पूर्ण सञ्चालन |
| ८ | मैया श्रेष्ठ | २ | ५ | पूर्ण सञ्चालन |
| ९ | लक्ष्मी श्रेष्ठ | ४ | ९ | पूर्ण सञ्चालन |
| १० | जित बहादुर गुरूङ | १ | २ | अभ्यासरत |
| ११ | बुद्धिमाया गुरूङ | २ | ४ | अभ्यासरत |
| १२ | प्रेमकासी गुरूङ | २ | ४ | अभ्यासरत |
| १३ | मैसरी गुरूङ | २ | ५ | अभ्यासरत |
| १४ | त्रिकासी गुरूङ | १ | २ | अभ्यासरत |
| | **जम्मा** | **३५** | **८२** | |

*स्रोतः स्थलगत भ्रमण/काउलेपानी पर्यटन विकास समिति*

## ४.७. काउलेपानीमा पर्यटन आगमनको तथ्याङ्क

पर्यटन क्षेत्रको विकासका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको प्रचार प्रसार र प्रवर्द्धन हो । पहिला पहिला आफ्नो ईष्टमित्र बाहेक कसैले पनि नचिनेको काउलेपानीलाई सन् २०११ मा औपचारिक रूपमा पर्यटन क्षेत्र घोषणा गरेर प्रचार प्रसार र प्रवर्द्धन गरेपछि पर्यटक आगमनको सङ्ख्या दिन प्रतिदिन बृद्धि हुँदै गईरहेको छ ।

**तालिका नं. ४ काउलेपानीमा आएका पाहुनाहरूको तथ्याङ्क**

| वर्ष | आन्तरिक पर्यटक | बाह्य पर्यटक | जम्मा |
|---|---|---|---|
| २०११ | ३४१५ | ६७ | ३४८२ |
| २०१२ | ४९०३ | ९६ | ४९९९ |
| २०१३ | ७६६६ | ११७ | ७७८३ |
| २०१४ | १००१६ | १६७ | १०१८३ |
| २०१५ | १२९६६ | २०३ | १३१६९ |
| **जम्मा** | **३८९६६** | **६५०** | **३९६१६** |

*स्रोत पाहुना दर्ता रजिष्टर/काउलेपानी पर्यटन विकास समिति*

माथि उल्लेखित तथ्याङ्क काउलेपानीको होमस्टेमा बस्ने गरी आउने पाहुनाहरूको मात्र हो । यो तथ्यांक पाहुना दर्ता रजिष्टरको आधारमा तयार पारिएको हुँदा काउलेपानी क्षेत्रको भ्रमण मात्र गरेर फर्कने पर्यटकहरूको अभिलेख नभएको हुँदा यकिन तथ्याङ्क अझै आउन सकेको छैन । काउलेपानीको वारेमा अन्तराष्ट्रिय जगतमा धेरै प्रचार प्रसार हुन नसकेर होला आउने कुल पर्यटक मध्ये आन्तरिक पर्यटक ९८.३४% छ भने वाह्य पर्यटक १.६६% मात्र रहको छ । वाह्य पर्यटक यति थोरै प्रतिशतमा भएता पनि अमेरिका, जापान, कोरिया, जर्मन, स्पेन, डेनमार्क, ईन्डिया, मलेसिया, चाईना, बेलायत, साउथ अफ्रिका र फिलिपिन्सबाट आउने गरेको देखिन्छ । यी पर्यटकहरू कम्तीमा ४ दिन देखि १५ दिनसम्म बसेको अभिलेख पाईन्छ ।

विशेषगरी अन्तरिक पर्यटकहरूमा नेपालको मन्त्री, विशिष्ट श्रेणीका राष्ट्रसेवक कर्मचारी देखि लिएर क्याम्पस तथा विश्व विद्यालय तहका अनुसन्धान गर्ने विद्यार्थीहरू, विभिन्न कार्यालय तथा संघ संस्थाबाट तालिम, गोष्ठी, सेमिनार, सम्मेलन आदि जस्ता कार्यक्रम सञ्चालन गर्न काउलेपानीमा आउने गर्दछन् ।

## ४.८ निष्कर्ष

काउलेपानी प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक रुपले अत्यन्त समृद्धशाली भएतापनि विकासको गतिमा ओझेलमा नै परेको देखिन्छ । हाल आएर काउलेपानीबासीले त्यसको महत्त्वलाई बुझेर स्थानिय स्तरबाट गाउँ प्रर्यटनको अवधारणालाई अवलम्वन गरेर होमस्टे सञ्चालन गरी पर्यटन विकासको प्रारम्भ गरेका छन् । होमस्टे सञ्चालनको चौथो वर्ष अर्थात सन् २०१४ मा नै नेपालको उत्कृष्ट होमस्टे व्यवस्थापनको रुपमा पुरस्कृत भए बाट नै पुष्टि हुन्छ कि यहाँको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले पर्यटन विकासमा ठूलो महत्तव राखेको छ । त्यस्तै सदरमुकाम देखि नजिकमा अवस्थित भएको विविधता विशेषतायुक्त क्षेत्र भएको हुदा यसलाई प्रवर्द्धन गर्न सके काउलेपानीको पर्यटन विकासको ठूलो सम्भावना रहेको छ ।

# परिच्छेद : पाँच

## पर्यटन विकासले सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको प्रभाव

विकास भनेको परिवर्तन हो । जसमा स्थानीय स्रोत र साधनको उचित परिचालनले जनताको जीवन स्तरमा सकारात्मक परिवर्तन ल्याएको हुन्छ । तर पनि यसबाट सकारात्मक प्रभावको अलवा नकारात्मक प्रभाव समेत परेको हुन्छ । गाउँशहर काउलेपानीमा पर्यटन विकासबाट त्यहाँको सामाजिक, आर्थिक तथा वातावरणीय क्षेत्रमा पारेको सकारात्मक तथा नकारात्मक प्रभाव बारे यस परिच्छेदमा उल्लेख गरिएको छ ।

### ५.१. सामाजिक प्रभाव

कुनै पनि समाजको आफ्नै किसिमको जाति, भाषा, धर्म, कला संस्कृति रीतिरिवाज चाल चलन परम्परा र सामाजिक मूल्य र मान्यताहरू रहेका हुन्छन् । त्यसको साथै विभिन्न किसिमका रूढीवादी अन्धविश्वासी धारणा र सामाजिक समस्याहरू पनि रहेका हुन्छन् । तर मानिस चेतनशील सामाजिक प्राणी भएकै कारण यी सवै पक्षहरूलाई अंगालिरहेको हुन्छ । जव समाजमा पर्यटकीय गतिविधिहरू सुरूवात हुन्छन त्यहाँ फरक जाति, धर्म, संस्कृति, परम्परा र सामाजिक मूल्य र मान्यता भएका समुदायका मानिसहरूको प्रवेश हुन्छ । जसको कारण स्थानीय समाजमा सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभाव पर्दछन् । वाह्य प्रभावका कारण कतिपय रूढीवादी, अन्धविश्वास जस्ता गलत परम्परा र संस्कृतिमा सुधार आउँछन भने त्यो सकारात्मक प्रभाव हो । त्यस्तै वाह्य प्रभावको कारण आफ्नो भाषा, धर्म, संस्कृति, सामाजिक मूल्य, मान्यता र आफ्नो पहिचानलाई त्याग्नुका साथै विभिन्न किसिमका सामाजिक विकृति र विसंगति भित्रिन्छन भने त्यो नकारात्मक प्रभाव हो । जुन तल सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

#### ५.१.१. जीवनयापन शैलीमा पारेको प्रभाव

काउलेपानी क्षेत्रमा बसोवास गर्ने मानिसहरूको जीवन शैलीमा पर्यटनले प्रत्यक्ष र अप्रत्यक्ष रूपले प्रभाव पारेको छ । त्यहाँको घर-भवन निर्माण गर्ने क्रममा परम्परागत मौलिक पनामा आँच नपुग्ने गरेर घर, कोठाको झ्याल, ढोका, पलङ्ग आदिमा सुधार आएको छ । घर तथा कोठाको सजावट, सार्वजनिक स्थल पाटीपौवा, मठ मन्दिर ऐतिहासिक धरोहरहरूको संरक्षण सम्वर्द्धन गर्ने चेतनाको विकास भएको छ [illegible] ारपरको सरसफाइ, भान्सा कोठा र भाँडा

वर्तनको सरसफाइमा सुधार आएको छ । त्यस्तै गरी भाषिक शुद्धता, दैनिक क्रियाकलाप र व्यवहारमा परिवर्तन आएको छ । व्यवसाय सञ्चालन, पारिवारिक व्यवहार र सामाजिक कार्यले गर्दा बढी व्यस्त जीवन विसाउनु परेको महसुस काउलेपानी बासीहरुले गरेका छन् । व्यक्तिगत वानी व्यहोरामा सकारात्मक सुधार आएको छ । खानपान, शिक्षा, स्वास्थ्यमा सुधार आएको छ । लत्ताकपडा पहिरन आदिमा परिवर्तन देखा पर्न थालेको छ । साथै समय समयमा दिने होमस्टे व्यवस्थापन तालिम, खाना पकाउने तालिम, लोकल गार्ड र अतिथि सत्कार आदि जस्ता तालिमले ज्ञान सीप र अभिवृद्धि बढाई व्यवहारमा सकारात्मक परिवर्तन आएको छ ।

### ५.१.२. पर्यटक नआउँदाको समय

काउलेपानीमा पर्यटक नआउँदा अन्य होटल व्यवसायी जस्तो खाली बस्नु पर्दैन । उनीहरू फुर्सदको समयमा आफ्नो खेतीपाती गर्ने, घाँस दाउरा गर्ने, सामाजिक कार्यहरू विकास निर्माण कार्य घरायसी धन्दा आदिमा व्यस्त हुन्छन् । त्यसको अलावा आफन्त इष्टमित्र भेटघाट आदि काममा समेत लाग्ने गर्दछ ।

### ५.१.३. भाषामा परेको प्रभाव

अन्तर्राष्ट्रिय भाषाको रूपमा रहेको अंग्रेजी भाषाले विश्व पर्यटन बजारमा समेत प्रभुत्त्व जमाएको छ ।  जसको प्रभाव आफ्नो राष्ट्रभाषा र मातृभाषामा परेर लोपोन्मुख हुन सक्ने खतरा हुन्छ । विशेष गरेर यस्तो प्रभाव नवपिंढीहरू लाई पर्न सक्छ । काउलेपानीमा पर्यटकको आगमनको साथ साथै यस्तो प्रभावहरू देखा पर्न थालेको छ । नेपाली भाषा शुद्धसँग बोल्न नसक्ने प्रौढहरूले नेपाली भाषा शुद्ध बोल्न थालेका मात्र होइनन् २।४ ओटा अंग्रेजी शब्द र वाक्य समेत बोल्न थालेका छन् । यस्तो प्रभाव बालवालिकाहरूमा अझ बढी परेको छ ।

### ५.१.४. सामाजिक मूल्य मान्यता र संस्कृतिमा प्रभाव

हाम्रो सामाजिक परम्परा मूल्य र मान्यतालाई नै प्रवर्द्धन गरेर विशेष गरी ग्रामीण पर्यटनको प्रर्वद्धन गरिएको हुन्छ । पर्यटकले त्यसलाई बुझ्न स्थानीय बासीसँग घुलमिल हुन खोज्छन् । जसबाट हाम्रो सामाजिक मूल्य र मान्यताको गोपनियता भङ्ग हुन्छ भने अर्कोतिर उनीहरूको प्रभावमा परेर सामाजिक मूल्य मान्यता र संस्कृतिमा परिवर्तन आउन  सकिन्छ । तर काउलेपानीबासीले आफ्नो सामाजिक मूल्य, मान्यता र संस्कृतिलाई पर्यटन प्रवर्द्धनको

आधारको रूपमा लिएर त्यसमा ह्रास आउन नदिन हरेक संस्कार, क्रियाकलापहरूमा नयाँ पुस्तालाई सहभागी गराई आफ्नो मौलिकपनको संरक्षण गरिरहेका छन् । कौरा, घाँटु, झ्योरा नृत्य, रोधी, ठाडो भाका, यानीमाया भाकालाई संरक्षण र सम्वर्द्धन गरेर अतिथिहरूलाई पस्कने गरेका छन् ।

### ५.१.५. कलाकौशलतामा प्रभाव

विकासको लहरसँगै हाम्रो कतिपय कला कौशलहरू लोप भइसकेका छन् भने कतिपय लोपोन्मुख अवस्थामा रहेका छन् । आधुनिक विज्ञान र प्रविधिले औद्योगिक विकासको प्रभाव वास्तुकला, चित्रकला, मूर्तिकला लगायत अन्य हस्तकलामा पर्न गएको छ । काउलेपानीमा पर्यटन विकास सँगसँगै यस्ता पुराना परम्परागत कला, कौशललाई खोज तलास गरी संरक्षण गर्नुका साथै उपयोगमा ल्याइएको छ । लोपोन्मुख अवस्थामा पुगेका चर्खा, हातेतान, हँसिया, खुर्पेटो, जन्तर र फूल बनाउने आदि कार्यलाई पुन प्रयोगमा ल्याउन थालेका छन् । किनकी ग्रामीण पर्यटन भनेको परम्परागत स्थानीय कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गरी प्रवर्द्धन गर्ने फरक शैलीको पर्यटन हो । त्यसैले काउलेपानी वासीले गाउँमा आउने पर्यटकहरूलाई यिनै हस्तकलाका सामग्रीहरूस्वागत तथा बिदाईमा उपहार, मायाको चिनो, कोसेली आदिको रूप दिने गर्दछन् ।

## ५.२. पर्यटनले आर्थिक पक्षमा पारेको प्रभाव

देश विकासको मेरूदण्ड भनेको अर्थतन्त्र हो । आर्थिक विकासले मात्र देशमा विकासको पूर्वाधार निर्माण हुन्छ । आर्थिक विकासका लागि देशमा भएको स्रोतसाधनलाई परिचालन गरेर वस्तु तथा सेवाको उत्पादनमा वृद्धि गरी कुल ग्राहस्थ उत्पादनमा वृद्धि गर्न सकिन्छ । देशको आर्थिक विकासका आधारहरूमा कृषि, उद्योग, पर्यटन, वनजङ्गल, व्यापार रोजगार आदि हुन् । तसर्थ पर्यटन विकासबाट पनि देशको आर्थिक विकासमा टेवा पुगेको छ । यहाँ काउलेपानीको पर्यटन विकासबाट आर्थिक अवस्थामा परेको प्रभावलाई विश्लेषण गरिएको छ ।

### ५.२.१. आयस्रोतमा वृद्धि

काउलेपानीबासीको आयस्रोत भनेको खेतीपाती, जागिर पेन्शन र ज्याला मजदुरी थियो । यहाँ पर्यटनको विकास भएपछि पर्यटनको लागि खाना बस्न, होमस्टेको व्यवस्था, यहाँ

उत्पादन भएका सम्पूर्ण वस्तु तथा सेवाहरूको विक्री वितरण आदिले गर्दा स्थानीय वासीहरूको आयस्रोतमा वृद्धि भई जीवनस्तरमा सुधार आएको छ ।

### ५.२.२. रोजगारीको अवसर

काउलेपानीबासी काउलेपानीमा पर्यटन व्यवसायको विकास हुनु पूर्व रोजगारीका लागि शहर बजार र विदेशतिर जान वाध्य थिए । यहाँको पर्यटन विकाससँगै पर्यटकको लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन गाउँमा नै जनशक्तिको आवश्यकता पर्न गयो । वैदेशिक रोजगारमा गएर कमाउने जति पैसा आफ्नै गाउँमा बसेर कमाउन सक्ने भएपछि युवाहरू विदेश जान आवश्यक छैन (अन्तरबार्ताः कविन्द्र गुरूङ वर्ष २९) । त्यसैले यहाँका युवाहरू विस्तार विस्तार वैदेशिक रोजगार छोडेर गाउँ मै पर्यटकको लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन लागि परका छन् ।

### ५.२.३. क्रय शक्तिमा वृद्धि

काउलेपानीमा पर्यटन विकास भएपछि रोजगारीको अवसर र व्यवसायहरू फष्टाएका छन् । जसले गर्दा आयस्रोतमा वृद्धि भई स्थानीय वासीको क्रयशक्तिमा वृद्धि भएको छ । जसको फलस्वरूप आवास, शिक्षा, स्वास्थ्य आदि पक्षमा विकास भई जीवनस्तरमा परिवर्तन आएको छ ।

### ५.२.४. वस्तुको मूल्य वृद्धि

पर्यटन विकाससँगै उत्पादनमा व्यवसायीकरण वस्तुको बढी खपत हुनु, आपूर्ति कम हुनु साथै जनताको क्रयशक्तिमा वृद्धि आदि कारणले गर्दा वस्तुको मूल्यमा वृद्धि भएको छ ।

### ५.२.५. पूर्वाधार विकास

काउलेपानीको पर्यटन विकासँगसँगै यहाँको विकास निर्माण कार्यले पनि गति लिएको छ । यहाँ पर्यटन विकासका पूर्वाधारको रूपमा बाटोमा ढुङ्गा छाप्ने, सिंढी लगाउन, खानेपानी, सामुदायिक भवन प्रवेशद्वार निर्माण, पिकनिङ स्पोर्ट, भ्युटावर निर्माण, भ्यु पाइन्ट निर्माण, पाटी पौवा, चौतारी मन्दिरहरूको मर्मत संभार जिर्णोद्वार आदि जस्ता भौतिक पुर्वाधारहरूको विकास भएको छ ।

### ५.२.६. सामुदायिक कोषमा वृद्धि

काउलेपानीमा भएको आमा समूह, युवा क्लब तथा अन्य समूहको कोष भनेको गाउँमा लाहुरे आउँदा गरेको नाचगान, विवाह भोत भतेरमा गरिने नाचगान, भैली, द्यौसी आदि जस्ता क्रियाकलापबाट सङ्कलित रकम नै कोषको रूपमा रहेको हुन्थ्यो । आजभोलि पर्यटक आगमन भएपछि होमस्टेबाट आएको रकम र स्वागत मनोरञ्जन विदाई आदि समयमा पर्यटकहरूले प्रदान गर्ने दान, सहयोग आदि रकमले समूदायको कोषको नियमित रूपमा रकम संकलन हुन पुग्छ । यस सामुदायिक कोषलाई समुहले गाउँको विभिन्न किसिमका विकास कार्यहरूमा उपयोग गर्दै आएका छन् । जसले गर्दा गाउँको विकासमा सहयोग पुगको छ । (अन्तरवार्ता मिना कुमारी गुरूङ)

## ५.३. पर्यटनले वातावरणीय पक्षमा पारेको प्रभाव

कुनै पनि विकास वातावरणमा भएका स्रोत साधनलाई परिचालन गरेर मात्र सम्भव छ । किनकी विकासको आधार नै वातावरण हो । तसर्थ विकास गतिविधि सञ्चालन गर्दा विकास र वातावरण संरक्षण कार्य एकीकृत रूपमा गर्नुपर्दछ । जसले गर्दा वातावरण संरक्षण हुन गई विकास दिगो र टिकाउ हुन्छ । जसको फलस्वरूप वातावरणमा भएका स्रोत, साधन र विकासको प्रतिफल भावी सन्ततिहरूले दीर्घकालिन रूपमा उपयोग गर्न पाइन्छ ।

हाम्रो वरिपरी रहेको हावापानी, नदिनाला, वनजंगल, पहाड, पर्वत, रीतिरिवाज, चालचलन, धर्म संस्कृति, मठमन्दिर, गुम्बा, पाटीपौवा, चौतारी, सडक, पुल, भवन, नियम, कानुन आदि यी सबै वातावरणका पक्षहरू हुन् । यसलाई प्राकृतिक वातावरण र मावन निर्मित भौतिक सामाजिक तथा साँस्कृतिक वातावरण गरेर २ भागमा बाँड्न सकिन्छ ।

त्यस्तै पर्यटन धुलो र धुँवारहित उद्योग हो । यसको विकास पनि वातावरणमा नै आधारित हुन्छ । वातावरणमा भएका स्रोत र साधनहरूलाई परिचालन र प्रवर्द्धन गरेर पर्यटन उद्योगको विकास गरिएको हुन्छ । त्यसैले पर्यटन विकासको प्रभाव वातावरणमा प्रत्यक्ष रूपमा पर्दछ । तसर्थ पर्यटन विकास गर्दा वातावरण संरक्षण कार्यलाई पनि ध्यान दिनु अनिवार्य छ किनभने वातावरण संरक्षण भएन भने त्यहाँको पर्यटन विकास दिगो र टिकाउ हुँदैन ।

### ५.३.१. पर्यटनले प्राकृतिक वातावरणमा पार्ने प्रभाव

पर्यटकको आगमनसँगै पर्यटकले प्रयोग गरेको सिसा, पानीको बोत्तल, प्लाष्टिक टिनको वट्टा, दिसा पिसाव लगायत अन्य फोहोरमैलाहरू बढ्न थाल्छ । जसले गर्दा त्यहाँ भू-प्रदूषण, जल प्रदूषण, वायु प्रदूषण आदि जस्ता वातावरणमा नकारात्मक प्रभाव देखापर्दछ ।

त्यस्तै पर्यटकको आगमनले भीड बढ्न गई तिनीहरूले प्रयोग गरेको बाजा, गाजा, सङ्गित धुन, हो-हल्ला आदिले त्यहाँ ध्वनि प्रदुषण हुन गई शान्त प्राकृतिक वातावरण भंग हुन पुग्छ । त्यसको असर त्यहाँको मानव लगायत सम्पूर्ण प्राणी जगतलाई पर्दछ ।

पर्यटन क्षेत्रमा पर्यटकको आगमनले त्यहाँको जनसंख्यामा वृद्धि हुन गई वातावरणमा भएका स्रोत र साधनको अति प्रयोग हुन जान्छ । त्यसको चाप वातावरणमा पर्न गई वातावरण असन्तुलन हुन जान्छ । त्यस्तै पर्यटकहरूले त्यहाँको बोट, विरूवा, वनस्पति, फलफूल, जडिवुटी आदिमा गरेको हस्तक्षेपका कारण वनजङ्गल विनाश हुन गई वन्यजन्तु तथा पशुपक्षीहरूको आहार क्षेत्र र वासस्थानको विनाश हुन पुग्छ । कुनै कुनै पर्यटकहरूले चोरी शिकारी गर्ने आदि जस्ता कार्यले वन्य जन्तुहरू समेत प्रभावित हुन्छ । जसको प्रत्यक्ष प्रभाव वातावरणमा पर्दछ ।

त्यसैले काउलेपानी वासीले त्यहाँको पर्यटन विकासलाई दिगो र टिकाउ बनाउन पर्यटनबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनिकरण गर्न अत्यन्त सजक देखिन्छ । जो यस प्रकार छन्:

विभिन्न ठाउँमा फोहोर सङ्कलन गर्ने टोकरीहरूको व्यवस्था गरेका छन् ।

ती फोहोर मैलाहरूलाई सड्ने र नसड्ने गरी छुट्याई व्यवस्थापन गर्ने गरेका छन् ।

डँढेलो लगाउन, काचो रूख काट्न, शिकार खेल्न प्रतिवन्ध लगाएका छन् ।

प्रर्यटकले गर्न हुने र नहुने आचारसंहिता निर्माण गरेर राखेका छन् ।

ठूलो लाउड स्पीकर तथा साउण्ड सिस्टमको प्रयोगमा प्रतिवन्ध लगाएको छ ।

खेतीपातीमा रसायनिक मल र विषादि प्रयोगमा प्रतिवन्ध लगाएको छ ।

पानीको स्रोत, जलाधार क्षेत्र, सिमसार, वनजंगल संरक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

प्रत्येक घरमा फलफूलको रूख र फूलवारी वगैंचा अनिवार्य हुनुपर्ने व्यवस्था गरेका छन् ।

सार्वजनिक स्थलहरूमा सार्वजनिक शौचालयको निर्माण गरेको छ ।

### ५.३.२. पर्यटनले भौतिक, मानव निर्मित सामाजिक तथा साँस्कृतिक वातावरणमा पार्ने प्रभाव

हाम्रो रीतिरिवाज, चाल चलन, परम्परा, भेषभुषा, भाषा, धर्म, कला, संस्कृति, मठ मन्दिर, पाटी, पौवा, चौतारी, देवल, दरवार, घर भवन आदि मानव निर्मित सामाजिक तथा साँस्कृतिक वातावरण हो । यसैलाई प्रवर्द्धन गरेर पर्यटन विकास गरिएको हुन्छ । विभिन्न क्षेत्र र फरक फरक सामाजिक तथा साँस्कृतिक परिवेशबाट आएका पर्यटकहरू त्यहाँको सामाजिक तथा साँस्कृतिक वातावरणमा घुलमिल हुन खोज्छन् । त्यसबाट हाम्रो सामाजिक तथा साँस्कृतिक गोपनीयता भङ्ग हुन सक्छ । पर्यटकको आगमनबाट साँस्कृतिक आदान प्रदान हुन्छ । त्यो सकारात्मक पक्ष हो, तर ती संस्कृतिले हाम्रो भाषा, भेषभुषा र संस्कृतिमा नै अतिक्रमण हुन जाने खतरा पनि प्रवल हुनसक्छ । त्यसको अलावा हाम्रो सामाजिक र साँस्कृतिक मूल्य र मान्यतामा समेत आँच आउन सक्छ । वास्तवमा भन्ने हो भने विश्वका अन्य देशका संस्कृति भन्दा फरक पहिचान भएको संस्कृति भएकै कारण यसको प्रवर्द्धन गरी नेपालले पर्यटन विकास गर्न सकेको छ तर यसमा अन्य देशको साँस्कृतिक प्रभाव पर्न साथ आफ्नो मौलिकपनमा ह्रास आई नेपालको पर्यटन विकासमा समेत ह्रास आउन सक्दछ ।

हामी नेपालीको आफ्नै किसिमको पारिवारिक, सामाजिक संरचनाहरू छन् । पर्यटक आगमनसँगै विदेशीसँगको वैवाहिक सम्वन्ध आदि जस्ता क्रियाकलापले समाज र संस्कृतिमा गम्भीर असर पर्न सक्छ । त्यस्तै पर्यटकसँगै लागूपदार्थ, दुव्यर्सन, यौन व्यापार, चोरी, डकैती, हत्या, बलत्कार जस्ता विकृति र विसंगतिहरूपनि भित्रिन सक्छ । त्यसले समाजमा प्रत्यक्ष रूपमा गम्भीर असर पर्न सक्छ । तसर्थ पर्यटनबाट सामाजिक तथा साँस्कृतिक वातावरणमा पर्ने नकरात्मक असरबाट बच्न र त्यसलाई न्यूनीकरण गर्न काउलेपानी वासीले निम्न उपायहरू अवलम्वन गर्दै आएको छ ।

समुदाय र पर्यटकले पालना गर्नु पर्ने आचारसंहिता निर्माण गरी कार्यान्वयन गराएका छन् ।

नियमित रूपमा बाटो घाटो मठ मन्दिर, पाटी, पौवाहरूको सरसफाइ ।

स्थानीय संस्कृति अनुसार अतिथिहरूको स्वागत सत्कार र बिदाई गरिन्छ ।

आफ्नो स्थानीय मौलिक संस्कृतिको प्रस्तुती गरेर मनोरञ्जन प्रदान गर्ने ।

मठ मन्दिर, पाटीपौवा, चौतारा, धारा, पँधेरा कुवा आदिको मर्मत संभार, जीर्णोद्वार आदि गर्ने ।

आफ्नै भाषा र भेषभूषाको प्रयोग गर्ने ।

नवपिंढीका बालवालिकाहरूलाई हाम्रो धर्म, संस्कृति, सामाजिक मूल्य र मान्यताको महत्त्व दर्शाई पर्यटन विकासमा सहभागी गराउने ।

परम्परागत खाना, हस्तकलाको सामग्री आदिलाई प्राथमिकता साथ प्रयोग गर्ने ।

## ५.४ निष्कर्ष

काउलेपानीमा भइरहेको पर्यटन विकासबाट हालसम्म सामाजिक, आर्थिक र वातावरणिय क्षेत्रमा सकारात्मक प्रभवहरु बढि मात्रामा देखिएतापनि भविष्यमा त्यसले नकारात्मक प्रभाव पनि अवश्य पार्दछ । यस समस्यालाई सुल्झ्याउन अथवा यसको असर बढी हुन नदिन काउलेपानी बासीहरु समयमा नै पूर्ण सचेत भएको देखिन्छ । त्यसको मूख्य लक्षण भनेको यहाँको दिगो पर्यटन विकास हो । यहाँका स्थानियबासीले पर्यटनबाट पर्ने नकारात्मक प्रभावबाट बच्न अवलम्वन गरेका उपायहरुलाई समयानुकुल परिवर्तन गर्दै निरन्तरता दिएमा पर्यटनबाट पर्नसक्ने नकारात्मक प्रभावलाई अवश्य न्यूनिकरण गर्न सकिन्छ ।

# परिच्छेद : छ

# निष्कर्ष, समस्या र सुझाव

## ६.१ निष्कर्ष

नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक र वहुसाँस्कृतिक मुलुक हो । यहाँ विभिन्न जातजातिको बसोवास रहेको छ । हिमाल, पहाड र तराई जस्ता भौगोलिक विविधिता, भौगोलिक प्रदेश अनुसारको जैविक विविधता र विभिन्न जातजाति भाषाभाषीहरूको साँस्कृतिक विविधता युक्त विशेषता नै विश्वको पर्यटन जगतमा नेपालको उत्कृष्ट चिनारी बनेको छ । यसैको आधारमा नेपालको पर्यटन उद्योगको विकास भएको छ ।

वास्तवमा नेपालको आर्थिक विकास गर्न सकिने बलियो आधार नै पर्यटन हो । किनभने नेपालले अन्य उद्योगमा विश्व बजारमा प्रतिस्पर्धा गर्न सकिदैन तर पर्यटन उद्योगमा प्रतिस्पर्धा गर्न सकिन्छ । यसको आधार भनेको हाम्रो प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदा हो । यसलाई विश्व पर्यटन बजारमा प्रचार प्रसार र प्रवर्द्धन गर्न सकेमा पर्यटन उद्योगमा नेपालले ठूलो फड्को मार्न सकिन्छ । यस्ता सम्पदाहरू नेपालको हरेक डाँडाकाँडा, गाउँघर वस्तीहरूमा छरिएर रहेको छ । यसबाट यो पुष्टि हुन्छ की नेपालको हरेक क्षेत्रलाई पर्यटन क्षेत्रको रूपमा विकास गर्न सकिने ठूलो संभावना रहेको छ । तसर्थ नेपालकै उत्कृष्ट पर्यटकीय गाउँको मान्यता पाएको काउलेपानीमा रहेको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाले त्यहाँको पर्यटन विकासमा कस्तो महत्त्व रहेको छ, भन्ने यस अध्ययनले पुष्टि गरेको छ । यसबाट काउलेपानी जस्तै नेपालको अन्य स्थानहरूको पर्यटन विकासमा त्यहाँको सम्पदाहरूको कस्तो महत्त्व रहेको छ र त्यसलाई कसरी प्रवर्द्धन गरेर पर्यटन विकास गर्न सकिन्छ भन्ने कुरा बुझ्न सकिन्छ ।

वास्तवमा काउलेपानीले त्यहाँ रहेको अनुपम प्राकृतिक सौन्दर्यता, ऐतिहासिक धरोहर लमजुङ दरबारर कोट किल्ला गढीहरू, लमजुङ कालिका र काउलेपानी देवी जस्ता धार्मिक तीर्थस्थल, त्यहाँको अत्यन्त महत्त्वपूर्ण जैविक विविधता र साँस्कृतिक विविधतालाई त्यहाँको विशेष आकर्षणको रूपमा प्रवर्द्धन गरेर पर्यटकलाई आकर्षण गरेको छ ।

त्यहाँको पर्यटन विकाससँगै सामुदायिक भवन, बाटोघाटो, खानेपानी, पिक्नीक स्पोर्ट, भ्युटावर, भ्युप्वाइन्ट, घर भवन, पाटी पौवा आदि भौतिक पूर्वाधारहरूको विकास भएका छन् । त्यस्तै करिब लोपोन्मुख अवस्थामा [illegible] हाँको कला संस्कृति र परम्पराको संरक्षण

र सम्वर्द्धनमा टेवा पुगेको छ । त्यहाँको ऐतिहासिक तथा धार्मिक सम्पदाको महत्त्व बुझेर त्यसको संरक्षणमा समेत जनसहभागिता जुटाउन सजिलो भएको छ । रोजगारीका लागि विदेशिने युवाहरू अब काउलेपानी छाडेर नजाने भएका छन् । किनभने पर्यटन आगमनले होमस्टेबाट मनग्गे आम्दानी गर्न सकिने भएपछि यसलाई स्वरोजगार मूलक व्यवसायको रूपमा अवलम्वन गर्न थालेका छन् ।

पर्यटन विकाससँगै भित्रिने सामाजिक, आर्थिक तथा वातावरणीय पक्षमा पर्ने सकारात्मक प्रभावलाई अवलम्वन गर्दै जाने र संस्कृति माथिको वाह्य अतिक्रमण चोरी, डकैती, हत्या, बलात्कार, लागू पदार्थको दुर्व्यसन, यौन व्यवसाय जस्ता विकृति र विसङ्गति समाजमा पार्ने नकारात्मक असर फोहोरमैला, प्रदूषण, वनजंगल विनास, चोरी शिकारी आदि जस्ता वातावरणीय क्षेत्रमा पर्ने प्रतिकुल असरलाई न्यूनीकरण गरी दिगो पर्यटन विकास गर्न सचेत रहेको छ ।

## ६.२ समस्या

कुनै पनि काम वा कुराको पछाडि समस्या रहेको हुन्छ तर समस्यासँगै समाधान पनि जन्मिएको हुन्छ । किनभने आजसम्म समाधान नै नभएको त्यस्तो कुनै पनि समस्या सृजना भएको छैन । वास्तवमा कुनै पनि समस्यालाई समयमा नै समाधानको खोजी गरेर निराकरण गरिएन भने त्यसले वैयक्तिक र सामाजिक विकासमा वाधा पुऱ्याएको हुन्छ । तसर्थ गाउँशहर काउलेपानीको दिगो पर्यटन विकासका साथै त्यहाँको ऐतिहासिक धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षणमा टेवा पुगोस् भन्ने हेतुले यस अध्ययनमा निराकारणका लागि केही समस्याहरूऔल्याउन उपयुक्त देखिएकोले प्रस्तुत गरिएको छ ।

१) विडम्वना नै भनौ आजसम्म काउलेपानी क्षेत्रको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाको जानकारी र प्रचार प्रसार गराउने लेख, रचना, पुस्तक र पत्रपत्रिकाहरू पाइदैन ।

२) यहाँको ऐतिहासिक सम्पदाहरू भग्नावशेष र जीर्ण अवस्था रहेको हुँदा त्यसको संरक्षण र सम्वर्द्धनमा सम्वन्धित निकायको ध्यान नपुगेको देखिन्छ ।

३) पर्यटकहरूलाई गाडीमा जान सडकको अवस्था ज्यादै नाजुक अवस्थामा रहेको हुँदा पर्यटकहरूलाई बढी सास्ती भोग्नुपर्ने देखिन्छ ।

४) बसाई सराईका कारण गाउँका मानिसहरू शहर बजारतिर झर्न लागेको हुँदा गाउँमा मानवीय शक्तिको अभावले पर्यटन व्यवसाय प्रभावित हुन सक्ने देखिन्छ ।

५) पर्यटकको लागि आवश्यक पर्यटन पूर्वाधारहरूको विकास पूर्णरूपमा भइ नसकेको हुँदा पर्यटकलाई नकारात्मक पर्न सक्छ ।

## ६.२ सुझावः

हाम्रो प्राकृतिक ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदा राष्ट्रको अमूल्य नीधि हो । यसलाई प्रवर्द्धन गरेर पर्यटनको विकास गर्न सकिन्छ । किनकी यी सम्पदाहरू नै पर्यटन विकासको आधारशीला हो । तर पर्यटन विकासका साथै यसबाट सृजना हुने सकारात्मक र नकारात्मक प्रभावले यहाँको सामाजिक, आर्थिक र वातावरणीय पक्षहरू प्रभावित हुन्छन् । त्यसबाट उत्पन्न हुने सकारात्मक प्रभावलाई अवलम्वन गर्दै नकरात्मक असरलाई न्यूनीकरण गर्न योजनावद्ध ढंगले पर्यटन विकास गर्नु पर्दछ । बिना योजना गरिएको कुनै पनि काम प्रभावकारी नहुन सक्छ । तसर्थ समयमा नै यस तर्फ सचेत भई यहाँको दिगो पर्यटन विकास गर्न काउलेपानीको पर्यटन विकासमा ऐतिहासिक, धार्मिक सम्पदाको महत्त्व र प्रभाव सम्वन्धी अध्ययनको निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

काउलेपानी क्षेत्रमा भएको ऐतिहासिक धार्मिक सम्पदाहरूको महत्त्व झल्किने ऐतिहासिक गाथा, किवदन्ती, वस्तुस्थिति झल्कने पुस्तक, लेख, रचना, डकुमेन्ट्री आदि निर्माण प्रकाशन गरेर प्रचार प्रसार गर्नु पर्दछ ।

यहाँको पुरातात्विक ऐतिहासिक, धार्मिक सम्पदाहरूको उत्खनन, खोज, अध्ययन, अनुसन्धान, जीर्णोद्वार, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न संस्कृति तथा पर्यटन मन्त्रालय, पुरातत्त्व विभाग र स्थानीय निकायको ध्यान जान आवश्यक छ ।

यहाँको पर्यटन विकास र स्थानीय जनताको सुविधाको लागि वेसीशहरदेखि काउलेपानी सम्मको ८ कि.मि. सडकको स्तरोन्नति गरी कालोपत्रे गर्नु अपरिहार्य देखिन्छ । त्यसको लागि नेपाल सरकारको राष्ट्रिय योजना आयोग, स्थानीय निकाय र अन्य संघ संस्थाहरूको ध्यान जानु अति आवश्यक छ ।

काउलेपानी क्षेत्रमा पर्यटनलाई दिगो राख्न यहाँ शिक्षा, स्वास्थ्य, यातायात जस्ता सेवा सुविधाहरूको सर्वसुलभ रूपमा उपलब्ध गरी बसाईसराईलाई नियन्त्रण गर्नुपर्दछ ।

पर्यटकको बसाई लम्ब्याउन नेपाल सरकार र नीजि स्तरको लगानीमा पर्यटकको लागि आवश्यक पूर्वाधार र सेवा सुविधा उपलब्ध गराउने ।

होमस्टेहरूको क्षमता र स्तर वृद्धि गर्नु पर्ने ।

यहाँको वातावरण संरक्षणलाई ध्यान दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


खत्री, प्रेम कुमार, (२०५५), नेपालको पुरातात्व कला र पर्यटन, काठमाडौं : साफा प्रकाशन

गाउँशहर गा.वि.स. *वस्तुस्थिति विवरण, (२०६८),* गाउँशहरः गाउँशहर गा.वि.स.

जि.वि.स. योजना (२०७१), लमजुङः जि.वि.स. कार्यालय

थापा धर्मराज (२०४१), *लोक संस्कृतिको घेरामा लमजुङ,* काठमाडौंः साफा प्रकाशन

दोभान, (२०६०), सिन्दुरे गा.वि.स.को परिचय, सिन्दुरेः सरस्वती सदन मा.वि.

नगरविकास योजना, (२०७२), वेसीशहरः वेसीशहर नगरपालिका

नेपाल राष्ट्र बैंक, (२०५७), पोखरामा पर्यटन व्यवसाय समस्या र चुनौती विशेष अध्ययन, पोखराः नेपाल राष्ट्र बैंक

नेपाल पर्यटन वोर्ड (२०११) नेपाल पर्यटन वर्ष

पन्त, विजय लक्ष्मी, (२०५७), *लमजुङ संगम, पोखराः* लमजुङ पोखरा सम्पर्क समिति ।

पुरी उद्धव, (२०६३), *पर्यटन र विकास,* काठमाडौंः तलेजु, प्रकाशन ।

पौडेल भेषवहादुर, (२०६८), *लमजुङ महोत्सव स्मारिका,* लमजुङः ल.उ.वा. संघ

बराल, चन्द्रकान्त, (२०५९), *लमजुङ संगम, पोखराः* लमजुङ पोखरा सम्पर्क समिति

*मेची महाकाली भाग-३,* पश्चिमाञ्चल विकास क्षेत्र, (२०३१), काठमाण्डौंः श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय

सत्याल, यज्ञराज, (१९८८), *टुरिजम इन नेपाल अ. प्रोफाइल,* न्यू दिल्लीः वनारसी, पब्लिसिङ हाउस ।

## परिशिष्ट १

## अन्तर्वार्ता लिएका व्यक्तिहरूको नामावली

| क.सं. | नाम, थर | वर्ष | पद | ठेगाना/संस्था | अन्तरवार्ता लिएको मिति |
|---|---|---|---|---|---|
| १ | कविन्द्र गुरूङ | २९ | कार्यालय सचिव | काउलेपानी पर्यटन विकास समिति, बेसीशहर-६ | २०७२।११।२९ |
| २ | चिन्तवहादुर बोहरा | ७२ | पुजारी | लमजुङ कालिका वेसीशहर न.पा.६ | २०७२।११।२५ |
| ३ | चिनिमायाँ गुरुङ | ६५ | होमस्टे सञ्चालक | बेसीशहर न.पा. ६ काउलेपानी | २०७२।१२।०१ |
| ४ | जगत बहादुर गुरुङ | ४५ | सचिव | काउलेपानी पर्यटन विकास समिति | २०७२।१२।०४ |
| ५ | झलक बहादुर गुरुङ | ४० | भक्तजन | ले.न.पा. ५ कास्की | २०७२।१२।०४ |
| ६ | तिलकवहादुर थापा | ६८ | समाजसेवी | वेसीशहर न.पा.४ | २०७२।११।११ |
| ७ | धन कुमारी गुरुङ | ४८ | होमस्टे सञ्चालक | बेसीशहर न.पा. ६ काउलेपानी | २०७२।१२।०१ |
| ८ | धनराज गुरूङ | ७३ | उपाध्यक्ष | काउलेपानी देवीस्थान संरक्षण समिति बेसीशहर-६ | २०७२।११।१६ |
| ९ | नेत्रवहादुर बोहरा | ४८ | पुजारी | लमजुङ कालिका वेसीशहर-६ | २०७२।११।२५ |
| १० | पूर्णनारायण श्रेष्ठ | ८० | पुजारी | लमजुङ कालिका | २०७२।१०।२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वेसीशहर-६ | |
| ११ | वावुलाल श्रेष्ठ | ७२ | होमस्टे संचालक | वेसीशहर-६ काउलेपानी | २०७२।१२।१ |
| १२ | विलचन गुरूङ | ७५ | पुजारी/ समाजसेवी | काउलेपानी देवी बेसीशहर-६ | २०७२।१०।२८ |
| १३ | मीनवहादुर गुरूङ | ७३ | पुजारी | काउलेपानीदेवी बेसीशहर-६ | २०७२।१०।१५ |
| १४ | मिनाकुमारी गुरूङ | ४८ | कोषाध्यक्ष | शीरखोला आमा समुह काउलेपानी बेसीशहर-६ | २०७२।११।२५ |
| १५ | लालवहादुर गुरूङ | ६० | अध्यक्ष | वन संरक्षण समिति वेसीशहर-६ | २०७२।११।२७ |
| १६ | लालवीर गुरूङ | ५९ | स्थानीय वासी | वेसीशहर १७ पुरानोकोट | २०७२।१२।१ |
| १७ | श्रीजङ दुरा | ६५ | घाटु गुरुवा | सिन्दुरे-४, लम्जुङ | २०७२।११।२७ |

## परिशिष्ट २

## अन्तर्वार्ताका क्रममा सोधिएका प्रश्नावली

नामः लिङ्ग उमेर

स्थायी ठेगानाः

आवद्ध संस्था र पदः

अन्य पहिचानः

मितिः

१) नेपालकै उत्कृष्ट पर्यटकीय गाउँको बासिन्दा भएकोमा तपाईलाई कस्तो महसुस भएको छ ?

२) यस ठाउँको नाम गाउँशहर, काउलेपानी कसरी रहन गएको होला ?

३) यहाँ पर्यटकका लागि मनपर्ने मुख्य आकर्षकहरू के के हुन् ?

४) यहाँ के कस्ता ऐतिहासिक र धार्मिक सम्पदाहरू रहेका छन् ?

५) यहाँको ऐतिहासिक तथा धार्मिक स्थलहरूको बारेमा तपाईलाई कुनै कथा, कहानी, भनाई, जनश्रुती तथा किम्वदन्ती थाहा छ की ?

६) यहाँको प्राकृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाहरूले यहाँको पर्यटन विकासमा टेवा पुगेको छ ?

७) पर्यटक आगमनले यहाँको मानिसहरूको आयस्रोतमा कस्तो प्रभाव पारेको छ ?

८) पर्यटक नआउँदा तपाईहरू के गर्नुहुन्छ ?

९) पर्यटन विकाससँगै यहाँको सामाजिक, आर्थिक र वातावरणीय पक्षमा कस्तो प्रभाव पारेको छ ?

१०) पर्यटनले पार्ने नकारात्मक असरलाई न्यूनिकरण गर्न के कस्ता नीति अवलम्वन गरेका छन् ?

११) यहाँको मुख्य समस्या भनेको के हो ?

१२) यस क्षेत्रमा रहेका सम्पदाहरूको संरक्षण र समग्र विकासका लागि सरकार र जनस्तरबाट के के अपेक्षा गरिएको छ ?

१३) अन्त्यमा यहाँको पर्यटन विकासको बारेमा तपाईका थप राय के रहेको छ ?

## परिशिष्ट ३

### गाउँशहर काउलेपानी पर्यटन विकास समितिका पदाधिकारीहरू

| | | | |
|---|---|---|---|
| १) | अध्यक्ष | : | श्री देउवहादुर गुरूङ |
| २) | उपाध्यक्ष | : | श्री तीलमाया गुरूङ |
| ३) | कोषाध्यक्ष | : | श्री टिका गुरूङ |
| ४) | सचिव | : | श्री जगतवहादुर गुरूङ |
| ५) | सदस्य | : | श्री मिनाकुमारी गुरूङ |
| ६) | सदस्य | : | श्री धनराज गुरूङ |
| ७) | सदस्य | : | श्री सुरेन्द्रमान श्रेष्ठ |
| ८) | सदस्य | : | श्री मनकाजी श्रेष्ठ |
| ९) | सदस्य | : | श्री जीतवहादुर गुरूङ |
| १०) | सदस्य | : | श्री सुकवहादुर गुरूङ |
| ११) | सदस्य | : | श्री डिलमाया गुरूङ |

### सिरखोला आमा समूह कार्य समितिका पदाधिकारीहरू

| | | | |
|---|---|---|---|
| १) | अध्यक्ष | : | श्री प्रेमकाशी गुरूङ |
| २) | उपाध्यक्ष | : | श्री लक्ष्मी गुरूङ |
| ३) | कोषाध्यक्ष | : | श्री मिनाकुमारी गुरूङ |
| ४) | सचिव | : | श्री तीलमाया गुरूङ |
| ५) | सदस्य | : | श्री धनकुमारी गुरूङ |
| ६) | सदस्य | : | श्री सन्तकुमारी गुरूङ |
| ७) | सदस्य | : | श्री च्यासिरी गुरूङ |

८) सदस्य : श्री तासमाया गुरूङ

९) सदस्य : श्री जुरेली श्रेष्ठ

१०) सदस्य : श्री सुकमाया श्रेष्ठ

११) सदस्य : श्री पदमकुमारी गुरूङ

## सयपत्री मिलन समूह कार्य समितिका पदाधिकारीहरू

१) अध्यक्ष : श्री कविन्द्र गुरूङ

२) उपाध्यक्ष : श्री प्रदिप गुरूङ

३) सचिव : श्री विवेक गुरूङ

४) कोषाध्यक्ष : श्री सपना गुरूङ

५) सदस्य : श्री नमुना गुरूङ

६) सदस्य : श्री प्रतिमा गुरूङ

७) सदस्य : श्री सीता गुरूङ

८) सदस्य : श्री विवेक गुरूङ

९) सदस्य : श्री ममता गुरूङ

१०) सदस्य : श्री सन्तोष श्रेष्ठ

११) सदस्य : श्री राजकुमार श्रेष्ठ

## काउलेपानी देवीस्थान संरक्षण समिति कार्य समितिका पदाधिकारीहरू

१) अध्यक्ष : श्री सुकवहादुर गुरूङ

२) उपाध्यक्ष : श्री धनराज गुरूङ

३) सचिव : श्री विवेक गरूङ

४) कोषाध्यक्ष : श्री जगतवहादुर गुरूङ

| | | | |
|---|---|---|---|
| ५) | सदस्य | : | श्री लालवहादुर गुरूङ |
| ६) | सदस्य | : | श्री ज्ञानु गुरूङ |
| ७) | सदस्य | : | श्री रामलाल श्रेष्ठ |
| ८) | सदस्य | : | श्री गर्वूलाल श्रेष्ठ |
| ९) | सदस्य | : | श्री कटकवहादुर गुरूङ |
| १०) | सदस्य | : | श्री विलवहादुर श्रेष्ठ |
| ११) | सदस्य | : | श्री वावुलाल श्रेष्ठ |

परिशिष्ट ३

अध्ययन सँग सम्बन्धित तस्विरहरू






लमजुङ दरवार स्थित चण्डिस्थान



मनाङका भोटेहरूले उठाएको लमजुङ दरवारको ५ तले जग



यशोब्रह्म शाहको लमजुङ दरवार र लमजुङ कालिकाको मन्दिर



लमजुङ दरवार स्थित गुरु गोरखनाथ बाबाको गुफा



शिवालयको मन्दिर



गणेस्थान



भिमसेनस्थान मन्दिर



काउलेपानीको मूल प्रवेशद्वारमा पाहुनाहरुको स्वागत गर्दै




काउलेपानीको होमस्टे घर



काउलेपानीबाट देखिने सूर्योदयको दृष्य



होमस्टेको बेडरुम



काउलेपानी देवीको मनिदर



काउलेपानीको भ्यू टावर



कालु शाहका नाति कुसुण्डा राजा बालकृष्णको गुफा, कसुण्डे ओडार



सिद्धि पाइला



सिद्धि बाबाले तपस्या गरेको सिद्धि चौतारी



लमजुङे राजाहरुले कोटिहोम गर्ने यज्ञशाला



लमजुङे राजाहरुको कुकुर बाँध्ने ढुङ्गा



पुरानकोटको भगनावशेषहरुमा भेटाइएको पुरानो इटाका टुक्राहरु



पुरानकोटको भगनावशेषमा भेटाइएका ढिकिको ओखल



पुरानोकोट गढि स्थित मौला कालिकाको मन्दिर



यशुब्रह्म शाहको ग्रिस्मकालिन दरवार तथा पुरानोकोट गढि





काउलेपानीको मूल प्रवेशद्वारबाट अतिथि बिदाई



नेपालको उत्कृष्ट होमस्टेको अवार्ड ग्रहण गर्दै काउलेपानी पर्यटन विकास समितिका अध्यक्ष देउबहादुर गुरुङ